# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषयपरिचय

राजेश्वर देवकोटा (१९८६-२०७२) ले वि.सं.२००४ देखि 'समस्यापूर्ति' कविताबाट साहित्ययात्रा सुरु गरेका हुन् । देवकोटाले उपन्यास लगायत नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । **आवर्तन** (२०४१), **द्वन्द्वको अवसान** (२०४२), **पूर्वकथा** (२०४३), **उत्सर्ग प्रेम** (२०४४), **पूर्णिमा** (२०५४) र **डबली** (२०५९) आदि उपन्यास प्रकाशित रहेका छन् । देवकोटा मूलत : वैचारिक र सामाजिक उपन्यासकार हुन् । प्रकाशित उपन्यासहरू मध्ये **पूर्वकथा**ले २०४३ सालको साझा पुरस्कार प्राप्त गरेको छ, र **उत्सर्ग प्रेम**ले २०४४ सालको मदन पुरस्कार प्राप्त गरेको छ । उपन्यासको विषयवस्तुलाई अगाडि बढाउनका लागि पात्रहरूले खेल्ने भूमिकाका आधारमा उपन्यासका पात्रहरूलाई लिङ्गका आधारमा, स्वभावका आधारमा, प्रवृत्तिका आधारमा, कार्यका आधारमा, जीवन चेतनाका आधारमा, आसन्नताका आधारमा, आबद्धताका आधारमा पात्रहरूको वर्गीकरण गर्न सकिने हुँदा र देवकोटाका उपन्यासको अध्ययन अन्य कोणबाट भए पनि पात्रविधानका कोणबाट पनि अध्यनीय देखिएको हुनाले यस शोधकार्यमा पात्रविधानका कोणबाट राजेश्वर देवकोटाका उपन्यासका पात्रहरूको अध्ययन गर्नु यस शोधकार्यको मुख्य विषय हो र यसै विषयमा केन्द्रित रहेर यो शोधकार्य गर्न लागिएको छ ।

## १.२ समस्याकथन

राजेश्वर देवकोटाद्वारा लिखित उपन्यासको अध्ययन अन्य कोणबाट भए पनि पात्रविधानका कोणले पनि अध्ययन गर्न उपयुक्त देखिएकाले उनका उपन्यासको पात्र विधानको कोणबाट अध्ययन गर्नु नै यस शोधकार्यको मुख्य समस्या हो, र समस्याहरू निम्नलिखित छन् :

१. पात्रविधानको सैद्धान्तिक स्वरूप केकस्तो छ ?

२. राजेश्वर देवकोटाका निर्धारित उपन्यासको पात्रविधान केकस्तो छ ?

## १.३ उद्देश्य

पात्रविधानका दृष्टिले देवकोटाका उपन्यासहरू अध्ययनीय छन् । समस्याकथनमा उठाइएका प्रश्नहरूको समाधान गर्नु नै यस शोधकार्यको उद्देश्य हो, र उद्देश्यहरू निम्नलिखित छन :

१. पात्रविधानको सैद्धान्तिक स्वरूपको प्रस्तुत गर्नु

२. राजेश्वर देवकोटाको निर्धारित उपन्यासका पात्रविधानको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

राजेश्वर देवकोटा सामाजिक यथार्थलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्ने उपन्यासकार हुन् । देवकोटाका उपन्यासहरू ४० को दशकपछि प्रकाशनमा आएका देखिन्छन् । देवकोटाका उपन्यासको विभिन्न पुस्तक तथा शोधपत्रमा अन्य पक्षबाट अध्ययन भए पनि पात्रविधानका कोणबाट अध्ययन भएको देखिँदैन । उपन्यासका अन्य पक्षहरूमा भएका निम्न कार्यहरूलाई पूर्वकार्यका रूपमा लिइएको छ :

कृष्णचन्द्रसिंह प्रधानले 'उत्सर्ग प्रेम : एक परिकल्पना, एक संकेत' (**मधुपर्क**, २१/७/,२०४५) शीर्षकको समालोचनात्मक लेखमा देवकोटाको चौथो औपन्यासिक रचना **उत्सर्ग प्रेम** भरखरै प्रकाशित कृति हो । उनको औपन्यासिक वस्तुको चयन अरु उपन्यासकारको भन्दा बेग्लै कित्ताको छ भनेका छन् ।

केशवराज पोखरेलले **साहित्यकार राजेश्वर देवकोटाको जीवनी व्यक्तित्व र कृतित्वको निरूपण** (२०४६) स्नातकोत्तर शोधपत्रमा राजेश्वरको बाल्यकाल, शिक्षादीक्षा, सम्मान तथा पुरस्कार राजनीतिज्ञका रूपमा देवकोटा, नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका भन्दै **आवर्तन**, **द्वन्द्वको अवसान** र **उत्सर्ग प्रेम** उपन्यासको कृतिपरक विश्लेषण गरेका छन् । द्वन्द्वको अवसान उपन्यास क्षीण कथावस्तु भएको महाभारतीय मिथकमा आधारित उपन्यास हो भनेका छन् । **उत्सर्ग प्रेम** उपन्यासले बिम्ब प्रतीकका माध्यमबाट तत्कालीन यथार्थ तथ्यलाई उद्घाटन गर्न खोजेको अनुभव हुन्छ भनी चर्चा गरेका छन् ।

घटराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (दोस्रो संस्करण २०५१) पुस्तकमा देवकोटा पूर्वीय दर्शनलाई आत्मसाथ गरेर उपन्यास लेख्ने उपन्यासकार हुन । उनका उपन्यासमा पूर्वीय दर्शनको प्रयोग भएको छ भनी चर्चा गरेका छन् ।

केशव पोखरेलले 'देवकोटाको उपन्यासकारिता' (**गरिमा**,१४/६/,२०५३) शीर्षकको समालोचनात्मक लेखमा देवकोटाका उपन्यासमा प्रतीकात्मक पात्र भएकोले तिनीहरूले यथार्थमा विभिन्न दलको प्रतिनिधित्व गर्दछन्, वैचारिकताका कारण देवकोटाका पात्र अपराध भावले ग्रस्त भएर पनि आफ्नो अस्तित्व बचाइराख्न सदा तत्पर देखिन्छन् । पुरुष पात्रका तुलनामा नारी पात्रहरू वाक्चातुर्य, कूटदृष्टि र सृष्टि सम्बन्धी अभिनवचिन्तनशीलता प्रखर भएर आएको पाइन्छ । **उत्सर्ग प्रेम**की सुरूपा अनन्त र विराम शर्माभन्दा विदुषी, चेतनशील र तार्किक रूपमा प्रस्तुत भएको चर्चा गरेका छन् ।

शैलेन्दु प्रकाश नेपाल र शारदा अधिकारी ढकालले **पारख प्रयत्न** (२०५५) समालोचनामा देवकोटा प्रकृतिवादी स्रष्टा भएको र उनका उपन्यासका नारी पात्र पनि प्रकृतिप्रेमी र बौद्धिक छन् भनी चर्चा गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) पुस्तकमा **द्वन्द्वको अवसान** उपन्यासको विधापरक विश्लेषण गर्दै यो उपन्यास महाभारतीय मिथकको पुनर्व्याख्या हो भनेका छन् । **उत्सर्ग प्रेम** उपन्यास स्वैरकल्पनामा मिश्रित र क्षीण कथानकमा आधारित द्वन्द्वलाई नाटकीय पाराले प्रस्तुत गर्ने महत्त्वपूर्ण उपन्यास हो भनेका छन् ।

केशव पोखरेलले 'देवकोटा र द्वन्द्वको अवसान' (**गरिमा**, २१/६/,२०६०) शीर्षकको समालोचनात्मक लेखमा प्रस्तुत उपन्यासको शक्ति कथा कथनको नवकौशल र राजनीतिक कथ्यको तिब्रतामा मात्र आधारित नभएर पात्रविधानमा पनि उत्तिकै शक्तिशाली भएर आएको छ । यस उपन्यासको चरित्रचित्रण केही मात्रमा अस्तित्ववादी चिन्तनले प्रभावित रहेको पाइन्छ भनी सामान्य चर्चा गरेका छन् ।

खेमप्रसाद प्रसाईले **द्वन्द्वको अवसान उपन्यासको कृतिपरक अध्ययन** (२०६२) स्नातकोत्तर तहको शोधपत्रमा क्रूर र अधिनायकवादी नेतृत्वको पतन देखाएर आत्मप्रलापमा रम्ने विराम शर्माको आन्तरिक मनोवाद उद्घाटन गर्दै राजनैतिक पार्टी पद्धतिमा नेताहरूमा

हुने स्वार्थ प्रकट गरेर यथार्थको आलोचनात्मक रूप प्रस्तुत गरिएको छ भनी सामान्य चिनारी गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०६४) पुस्तकमा दार्शनिक तत्त्वलाई तार्किक बुँदाहरूमा स्थापित गरेर उपन्यासकार देवकोटाले चिन्तन र अनुभवात्मक तत्त्वलाई आख्यानीकरण गर्ने कार्यमा क्रियाशीलता देखाएका छन् भनी संक्षिप्त टिप्पणी गरेका छन् ।

ताराबल्लभ पोखरेलले **उत्सर्ग प्रेम उपन्यासको कृतिपरक अध्ययन** (२०६७) मा **उत्सर्ग प्रेम** एउटा साङ्ख्य दर्शनको वकालत गर्ने वैचारिक पक्षको उद्घाटन गर्नु र आशावादी स्वर गुन्जाउने उपन्यास हो भनेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली उपन्यासको इतिहास** ( २०६९ ) पुस्तकमा **द्वन्द्वको अवसान** उपन्यास महाभारतीय मिथकलाई राजनैतिक सन्दर्भबाट व्याख्या गरिएको पौराणिक उपन्यास हो भनेका छन् । **उत्सर्ग प्रेम** उपन्यासमा सृष्टिका लागि नारी र पुरुष दुवै आवश्यक भए पनि नारीलाई मूल र पुरुषलाई सहायक तत्त्वका रूपमा लिइने साङ्ख्य दर्शनबाट प्रभावित उपन्यास हो भनी चर्चा गरेका छन् ।

यसरी विभिन्न कोणबाट देवकोटाका उपन्यासको अध्ययन भएको देखिन्छ तर पात्रविधानका दृष्टिले अहिलेसम्म कुनै व्यवस्थित अध्ययन भएको छैन । त्यसकारण यस शोधकार्यमा देवकोटाका निर्धारित उपन्यासको पात्रविधान निरूपण गरिएको छ ।

## १.५ अध्ययनको औचित्य महत्त्व र उपयोगिता

राजेश्वर देवकोटाका **द्वन्द्वको अवसान** र **उत्सर्ग प्रेम** उपन्यासका बारेमा विभिन्न पुस्तक तथा शोधलेखमा कृतिपरक अध्ययन भए पनि वर्गीकृत पात्र विधानमा केन्द्रित भएर पात्रहरूलाई विभिन्न आधारबाट छुट्टाएर विस्तृत अध्ययन गरिएको छैन त्यसैले यस शोधमा विस्तृत अध्ययन गरिनेछ । यसका बारेमा जान्न चाहनेहरूका लागि यो शोधकार्य उपयोगि र औचित्यपूर्ण हुनेछ ।

## १.६ अध्ययनको सीमाङ्कन

राजेश्वर देवकोटाका प्रकाशित उपन्यासहरू मध्ये **द्वन्द्वको अवसान** र **उत्सर्ग प्रेम** उपन्यासलाई लिइएको छ । यी दुई वटा उपन्यासको अन्य कोणबाट अध्ययन नगरी पात्रविधानमा मात्र केन्द्रित रहेर अध्ययन गरिएको छ । यही नै यस शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलनविधि

यस शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक र द्वितीय प्रकारका सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक सामग्रीमा **द्वन्द्वको अवसान** र **उत्सर्ग प्रेम** उपन्यास र द्वितीय सामग्रीका रूपमा यस पात्रविधानसँग सम्बन्धित सिद्धान्त शोधपत्र र पुस्तककार कृति समालोचनात्मक लेख आदिलाई लिइएको छ ।

## १.८ शोधविधि

निगमनात्मक अध्ययन विधिको प्रयोग गरी उपन्यासको पात्रविधानको सिद्धान्तका आधारमा आवश्यक व्याख्या विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

अनुसन्धान जस्तो गम्भीर र महत्त्वपूर्ण विषयलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारका परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : राजेश्वर देवकोटाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : पात्रविधानको सैद्धान्तिक स्वरूप

चौथो परिच्छेद : राजेश्वर देवकोटाका उपन्यासमा पात्रविधान

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# राजेश्वर देवकाटाको सङ्क्षिप्त परिचय

## २.१ राजेश्वर देवकोटाको जीवनी

### २.१.१ जन्म र बाल्यकाल

राजेश्वर देवकोटाको जन्म विक्रम संवत् १९८६ आश्विन २३ गते बाबु हरिभक्त देवकाटा र आमा वसुन्धरा देवकोटाका तिन छोरा र एक छोरीमध्ये जेठा छोराका रूपमा गोरखा जिल्लाको लिगलिग क्षेत्र अन्तर्गत आँपपिपल गा.वि.स.को पण्डित गाउँमा भएको हो ।[१] उनको बाल्यकाल हजुर आमा सहित बाबा-आमाको काखमा स्नेहमय वातावरणमा बितेको थियो । देवकोटा बाल्यकालमा रोगी भए पनि निर्भिक, मिलनसार र जिज्ञासु थिए । उनलाई बाल्यकालमा डन्डिबियो खेल्न मन पर्दथ्यो । उनी बालसुलभ क्रीडाका अतिरित्त स्वेच्छाले वा सोखका रूपमा कुनै मान्छेका साथमा वस्तुभाउ चराउन, खेतमा काम गर्न जाने गर्दथे । देवकोटाको बाल्यकाल अमलेखमा भएका घर्तीहरूले घरमा काम गरिदिने भएकाले सुखमय वातावरणमा बितेको थियो । यसरी देवकोटाको बाल्यकाल हजुरआमा, बाबु आमाको सान्निध्यमा सबैको स्नेह पाई आनन्दपूर्वक बितेको थियो ।[२]

### २.१.२ शिक्षा

राजेश्वर देवकोटामा बाबु हरिभक्त देवकोटाले संस्कृत शिक्षा आर्जन गरेकाले त्यसको प्रभाव पर्न गएको हो । त्यसैले राजेश्वर देवकोटाको प्रारम्भिक शिक्षारम्भ आफ्नै घरमा बाबुबाट भएको थियो । देवकोटा प्राथमिक शिक्षा घरमा बाबुबाट लिएर औपचारिक शिक्षाका लागि वि.सं. १९९९ मा काठमाडौंको सस्कृत पाठशालामा भर्ना भएका थिए ।[३] यसै क्रममा उनले वि.सं. २००१ तिर सस्कृत छात्रावासमा भर्ना भएर मध्यमा उत्तीर्ण गरेका थिए । उनले व्यक्तिगत परीक्षार्थीका रूपमा शास्त्री उत्तीर्ण गरेका थिए । देवकोटाले

---

१. केशवराज पोखरेल, "**साहित्यकार राजेश्वर देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको निरूपण**", (अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.,कीर्तिपुर, २०४६), पृ. १-२ ।

२. ताराबल्लभ पोखरेल, "**उत्सर्ग प्रेम उपन्यासको कृतिपरक अध्ययन**",( अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.,कीर्तिपुर, २०६७), पृ. ६ ।

३. केशवराज पोखरेल,**पूर्ववत्**, पृ. ५ ।

बनारसमा रहँदा हिन्दी भाषामा पनि लेखहरू लेखेका थिए । वि.सं. २००७ को क्रान्तिसँगै देवकोटामा सामाजिक तथा राजनैतिक सचेतताका कारणले अङ्ग्रेजी पढ्ने अभिलासा जागेर आयो । यसै कारणले गर्दा उनले मूल विषय अङ्ग्रेजी लिई हाइस्कुल देखि बी.ए. सम्मका सबै परीक्षा व्यक्तिगत परीक्षार्थीका रूपमा दिएर उत्तीर्ण गरेका थिए । एस.एल.सी र आई.ए. का दुबै परीक्षा बनारस बाट उत्तीर्ण गरेका थिए भने बी.ए.को परीक्षा त्रिभुवन विश्वविद्यालयबाट २०१६ मा उत्तीर्ण गरेका थिए ।[४]यसरी देवकोटा पूर्वीय तथा पाश्चात्य दर्शनका साथै नेपाली, सस्कृत, हिन्दी र अङ्ग्रेजी भाषा, साहित्य र व्याकरणमा जानकार रहेको कुरा प्राप्त हुन्छ ।

## २.१.३ पारिवारिक जीवन

राजेश्वर देवकोटाको विवाह वि.सं.२००७ पूर्वको परम्परागत रूढिग्रस्त समाजमा छोराछोरीको विवाह छिटै गर्नुपर्ने कारणले गर्दा परम्परागत सामाजिक प्रचलन अनुसार तेह्र वर्षको उमेरमा मायादेवीसँग भएको हो । उनी तिन छोरी र एक छोराको बाबु भएको र छोराछोरीको वैवाहिक कार्य सम्पन्न भइसकेको छ । राजेश्वर देवकोटा सानै उमेरमा मातृवियोगमा परेकाले घरायसी व्यवहारले थिचेको र जीवनमा सङ्घर्ष सुरु भई सानैदेखि व्यवहारमा परेका देवकोटाको पारिवारिक जीवन पनि मध्यम स्तरकै थियो ।[५]

## २.१.४ आर्थिक स्थिति

राजेश्वर देवकोटा मध्यम वर्गीय किसान  परिवारमा जन्मेका हुँन् । बाबु पण्डित र कृषि पेशामा संलग्न रहे पनि देवकोटाले आफ्ना बाबुले अगालेको  पेसा भने अगालेको देखिदैन । २००४ सालदेखि नै राजनीतिमा सक्रिय रहेकाले उनको राजनीति, समाजसेवा र साहित्य रचना मुख्य पेसा हो । उनले जीवनमा कहिल्यै जागीर खाएनन् । नियमित आयमुलक पेसामा नलागेको कारण उनको आजीवनको निश्चित आधार थिएन ।

## २.१.५ पेसा

राजेश्वर देवकोटाका बाबु पण्डित र उनको परिवार कृषि पेसामा संलग्न रहे पनि मूलतः उनी राजनीतिमा क्रियाशील थिए । देवकोटाले आफ्नो पेसा कृषि रहेको बताए पनि २००४ सालदेखि राजनीतिमा सक्रिय भएकाले उनको मुख्य पेसा राजनीति नै हो । उनी

४. ताराबल्लभ पोखरेल, **पूर्ववत्**, पृ. ७ ।
५. ऐजन, पृ. ७ ।

राजनितिज्ञ भएका कारण देश र जनताको सेवा गर्नु नै उनको मुख्य पेसा भएको थियो । उनले जीवनमा कहिल्यै जागिर खाएनन् र जागिर खाने सोचमा पनि रहेनन् । देवकोटाले नियमित आम्दानी हुने आयमूलक पेसाको अबलम्बन नगरेकाले आजीविकाको निश्चित आधार देखिएको छैन् ।[६]

## २.१.६ भ्रमण

राजेश्वर देवकोटाले वाल्यकालदेखि नै भ्रमणमा रूचि राख्ने भएकाले गोरखा लमजुङ् र काठमाडौंको भ्रमण बालककालमै गरेका हुन् । उनले अध्ययनको सिलसिलामा भारतका प्रमुख सहरहरूको र धार्मिक ऐतिहासिक स्थलहरूको पनि अवलोकन गरेका थिए । देवकोटा राजनीतिज्ञ भएकाले वि.सं. २०१७ पछि मन्त्री, राष्ट्रिय पञ्चायतको अध्यक्ष र संसद सदस्य जस्ता गरिमामय पदमा रहेका बेला प्राय स्वदेशका सबै जिल्लाहरूका साथै चीन, पाकिस्तान, बेलायत, इजरायल, तत्कालीन सोभियत संघ, मङ्गोलिया, अमेरिका र इटाली आदि विदेशी मुलुकको भ्रमण गरेका थिए ।[७] यसरी देवकोटाले राजनैतिक क्रियाकलापका सिलसिलामा विभिन्न मुलुकको भ्रमण गर्ने अवसर पाएकाले प्रशस्त ज्ञान आर्जन गरेका थिए ।

## २.१.७ बसोवास

राजेश्वर देवकोटाले आफ्नो सम्पूर्ण वाल्य अवस्था आफ्नै पुर्ख्यौली थलो गोरखामा बिताएका थिए भने किशोर अवस्था र युवा अवस्था राजनैतिक क्रियाकलाप र अध्ययनका सिलसिलामा बाहेक गोरखा मै बिताएका थिए । उनी वि.सं. २०१९ सालदेखि काठमाडौं स्थित महाराजगन्जमा जग्गा लिई घर बनाएपछि निरन्तर त्यही बसोवास गर्दै आएका थिए ।[८]

## २.१.८ साहित्यिक प्रेरणा

राजेश्वर देवकोटामा साहित्यिक लेखनको प्रेरणा आफ्नै पिता कवि भएकाले पिता बाट पाएका हुन । देवकोटा राणाकालीन समयमा पनि पिता 'गोरखापत्र' र 'शारदा' पत्रिकाको ग्राहक भएकोले पत्रपत्रिका पढ्ने अवसर पाएकाले साहित्य लेखन तर्फ अग्रसर

---

६. केशवराज पोखरेल, **पूर्ववत्**, पृ. ७

७. ऐजन, पृ. ७ ।

८. ताराबल्लभ पोखरेल, **पूर्ववत्**, पृ. ९ ।

भएका हुन् । पिताको भक्तिपरायणता, अनुशासन, कविकर्म कुशलताबाट प्रभावित भएकाले उनको लेखकीय जीवनको पहिलो आधार स्रोत आफ्नै पिता हुन् । उनी रामायण, महाभारत र वीरतापूर्ण आख्यानहरू सुन्ने सुनाउने परम्परामा हुर्केका र प्राथमिक शिक्षा समाप्त गरी काठमाडौंको रानीपोखरी संस्कृत छात्रावासमा रहँदा पन्ध्र-पन्ध्र दिनमा हुने साहित्यिक गोष्ठीबाट पनि प्रभावित भएका थिए ।[९] देवकोटा आफूले अध्ययन गरेका शेक्सपियर, चेखव, तुर्गनेभ, हेमिङ्वे आदि विदेशी र भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा आदि स्वदेशी साहित्यकारबाट बढी प्रभावित र प्रेरित रहेका थिए । उनमा हेमिङ्वेको **The Old Man and the sea** उपन्यासको गहिरो प्रभाव परेको थियो । सर्वप्रथम पिताबाट प्रभावित भएका देवकोटाको संस्कृत छात्रावासको अध्ययनशील र सिर्जनशील वातावरण तथा समकालीन लेखकहरूको प्रभावबाट साहित्यिक प्रेरणा मिलेको पाइन्छ ।

## २.१.९ लेखनको थालनी र प्रकाशित कृतिहरू

राजेश्वर देवकोटाले २००४ सालमा **समस्यापूर्ति** कविताबाट साहित्य लेखनको आरम्भ गरेका थिए । देवकोटाको नेपाली भाषाको पहिलो साहित्यिक रचना ‘रम्घाति’ निबन्ध **शारदा** (वर्ष २०, अङ्क ५, वैशाख, २०१२) पत्रिकामा प्रकाशित भएको छ । यसै निबन्धबाट उनी नेपाली साहित्य क्षेत्रमा सार्वजनिक भएका हुन् ।[१०] उपन्यास लेखन तथा प्रकाशन ४० को दशकपछि मात्र सुरु भएको हो । सबै जसो विधामा कलम चलाउने देवकोटाका प्रकाशित कृतिहरूमा **शाही भोज** (२०१४) निबन्ध, **नेपाली निबन्धावली** (सहलेखन जनकलाल शर्मा) (२०१८), नेपाली व्याकरण (२०१९) बालसाहित्य (सहलेखन, जनकलाल शर्मा), **हाम्रा पुर्खाहरू** (२०२४), जीवनी, **युगल काव्य** (२०३९) कविता, **आवर्तन** (२०४१), **द्वन्द्वको अवसान** (२०४२) **पूर्वकथा** (२०४३), **उत्सर्ग प्रेम** (२०४४), **पूर्णिमा** (२०५४), **डबली** (२०५९), गरी आधादर्जन उपन्यास प्रकाशित छन् । **पाँचकथा** (२०६७) प्रकाशित छ ।

## २.१.१० पुरस्कार तथा सम्मान

राजेश्वर देवकोटा नेपाली राजनीति र भाषा साहित्यका क्षेत्रमा विद्यार्थी जीवनदेखि नै क्रियाशिल हुदै आएका थिए । राजनैतिक क्षेत्रमा देवकोटालाई अन्तराष्ट्रिय पुरस्कार र पदक प्राप्त नभए पनि त्रिशक्तिपट्ट (प्रथम) र अलङ्कारहरू तथा भूकम्प उद्धारक जस्ता

---

९. ताराबल्लभ पोखरेल, **पूर्ववत्** , पृ. ८ ।
१०. ऐजन्, पृ. १२ ।

पदक प्राप्त भएका थिए । देवकोटालाई साहित्यिक क्षेत्रमा **पूर्वकथा** उपन्यासबाट साझा पुरस्कार (२०४३) **उत्सर्ग प्रेम** उपन्यासबाट मदन पुरस्कार (२०४४) प्राप्त भएको थियो । **बालचन्द्र स्मृति पुरस्कार** (२०६६), **आदिकवि भानुभक्त पुरस्कार** (२०६७) र **प्रेमदत्त गोमा स्मृति पुरस्कार** (मंसिर २५, २०६७) पनि प्राप्त भएको थियो । यसरी देवकोटाले पाएको पुरस्कारको राशीलाई हेर्दा राजनीति र साहित्यको क्षेत्रमा निकै योगदान पुऱ्याएको देखिन्छ ।[११]

## २.२ राजेश्वर देवकोटाको व्यक्तित्व

व्यक्तित्व मानिसको परिचय हो । व्यक्तित्व आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । बाह्य व्यक्तित्वमा शारीरिक बनावट, बोली र हाउभाउ जस्ता कुराहरू पर्छन् । आन्तरिक व्यक्तित्वमा सिर्जनशीलता कार्यशीलता जस्ता पक्षहरू पर्दछन् । देवकोटाको बाह्य व्यक्तित्वलाई नहेरि आन्तरिक पक्षलाई मात्र हेरिएको छ । देवकोटाको राजनैतिक र साहित्यिक व्यक्तित्व सफल र उर्वर रहेको छ । यही व्यक्तित्वलाई मात्र यहाँ चर्चा गरिएको छ ।

### २.२.१ राजनैतिक व्यक्तित्व

राजेश्वर देवकोटा विद्यार्थी अवस्थादेखि नै राजनैतिक त्रियाकलापमा क्रियाशील थिए । उनलाई जातपात तथा छुवाछुतको अस्वीकार, सामाजिक अन्धविश्वास र रूढिप्रति विद्रोह, गाउँमा हुने सामाजिक क्रियाकलापमा सक्रिय, बाटो-घाटो, पाटी-पौवा निर्माणमा अभिरुचि आदि कारणले गर्दा राजनैतिक व्यक्तित्व निर्माणमा सघाउ पुऱ्याएको थियो ।[१२] साहित्यिक कृति लेखेर पाएको पुरस्कृत राशीलाई हरि सांस्कृतिक केन्द्र गोरखालाई दिए वापत पनि उनमा सामाजिक सांस्कृतिक सेवाको भावना रहेको पाइन्छ । उनको राजनैतिक व्यक्तित्वको प्रस्फुटन 'सहिद काण्ड'को घटना पछिको पृष्ठभूमिमा 'जयन्तु सस्कृतम्' आन्दोलनबाट भएको हो । उनमा जनअधिकारको निम्ति राणाहरूको पारिवारिक शासनको विरोधमा लड्ने भिड्ने प्रवृत्तिको विकास संस्कृत छात्रावासमा नै उब्जेको हो । उनी वि.सं. २००४ मा निर्वासित भएर काशी गएपछि नेपाली राष्ट्रिय काङ्ग्रेसको केन्द्रीय कार्यालयको सचिव भई काम गर्न थालेका हुन । सोही पार्टी पछि नेपाली काङ्ग्रेसको नामबाट प्रख्यात हुन आयो र यसैको आह्वानमा २००७ सालको क्रान्ति भयो । आन्दोलन र उपलब्धि प्रत्यक्ष देखेको हुनाले प्रशस्त मात्रमा राजनैतिक प्रेरणा मिलेको हो । वि.स.२००७ को क्रान्तिमा

११. ऐजन, पृ. १४ ।
१२. ऐजन, पृ. १० ।

सक्रिय भाग लिएर राजा र जनतालाई तानाशाहीको जेञ्जिरबाट मुक्ति दिलाउने काममा देवकोटाको महत्त्वपूर्ण भूमिका रहेको छ ।[१३] राजनैतिक जीवनको प्रारम्भमा नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ताका रूपमा रहे पनि वि.सं. २००९ मा पार्टीसँगको खचपचका कारणले गर्दा नेपाली काङ्ग्रेसबाट अलग भई प्रजा परिषद्मा काम गर्न पुगेका थिए । उनी वि.सं. २०१५ आम चुनावमा प्रजा परिषद्को तर्फबाट गोरखाबाट संसदीय चुनाब लडे पनि चुनावी मैदानमा सफल हुन सकेनन् । उनी वि.सं. २०४६ को जनआन्दोन पश्चात पञ्चायती व्यवस्थाको समाप्ति सँगसँगै राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना गरी सोही पार्टीको तर्फबाट सांसद सदस्य जस्तो गरिमामय पदमा पनि पुगेका थिए । राजेश्वर देवकोटाको विद्यार्थी आन्दोलनबाट उब्जेको राजनैतिक व्यक्तित्व जीवनभरि नै सक्रिय रहेको थियो । उनी वि.सं. २०१३ मा प्रथम राष्ट्रिय आयोगका सदस्य,२०२४ सालमा भूमिसुधार तथा कृषि र खाद्यमन्त्री २०२२ र २०२८ सालमा राष्ट्रिय पञ्चायतको अध्यक्ष पदमा रहेर कार्य गरे भने राष्ट्रिय प्रजातन्त्र पार्टीको संसद सदस्य समेत भएका थिए । उनले आफ्नो जीवन  प्रायः राजनीतिमा नै लगाएको देखिन्छ । यसरी राजेश्वर देवकोटा विद्यार्थी कालदेखि बाँचुञ्जेल राजनीतिमा क्रियाशील रहेको हुनाले उनको राजनैतिक व्यक्तित्व महत्त्वपूर्ण रहेको देखिन्छ ।

## २.२.२ साहित्यिक व्यक्तित्व

राजेश्वर देवकोटाको साहित्य लेखनको प्रेरणाको स्रोत उनकै पिता हुन । देवकोटाको साहित्य लेखनको प्रस्फुटन वि.सं.२००४ देखि राजनैतिक व्यक्तित्व सँगसँगै भएको हो । उनले २००४ साल तिर 'समस्यापूर्ति' कवितावाट साहित्ययात्रा आरम्भ गरेका हुन् । उनको कविता विधाबाट प्रारम्भ भएको साहित्यिक व्यक्तित्व निबन्ध, व्याकरण, जीवनी, उपन्यास हुदै कथाविधासम्म विचरण हुन पुगेको छ । उनका साहित्यिक कृतिले नेपाली साहित्यलाई परिमाणात्मक मात्र नभएर गुणात्मक योगदान समेत दिएका छन्  बहुयामिक व्यक्तित्व धनी राजेश्वर देवकोटाको साहित्यिक व्यक्तित्वलाई कृति प्रकाशनको कालक्रमका आधारमा निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

१३. केशवराज पोखरेल,**पूर्ववत्** , पृ. १७ ।

## (१) निबन्धकार व्यक्तित्व

राजेश्वर देवकोटाले बनारसमा अध्ययन गर्दा देखि नै हिन्दी भाषाका माध्यमबाट गद्य विधामा प्रवेश गरेका हुन् । देवकोटाले सरल र रोचक शैलीमा निजात्मकताको प्रयोग गर्दै व्यङ्ग्योक्तिपूर्ण र तर्कशील निबन्ध सिर्जना गर्ने निबन्धकार हुन् । तार्किकता उनको निबन्धमा पाइने विशेषता हो । उनका निबन्धमा विचारलाई तर्कले पुष्टि गर्दै सरल ढङ्गबाट व्यक्त गरिएको हुन्छ । उनको निबन्ध विद्यामा **शाही भोज** (२०१४) र **नेपाली निबन्धावली** ( सहलेखन जनकलाल र्शमा,२०१८) निबन्ध प्रकाशित छन् ।

## (२) बालसाहित्यकार व्यक्तित्व

राजेश्वर देवकोटाले जनकलाल शर्मासँगको सहलेखनमा **बालसाहित्य** पनि प्रकाशनमा ल्याएको पाइन्छ । उनले अर्थोपार्जनका उद्देश्यले लेखेको उक्त कृतिमा बालकथा, बालकविता र निबन्ध समावेश भएको पाइन्छ । यसरी उनी बालसाहित्यकारका रूपमा पनि परिचित छन् ।

## (३) व्याकरणकार व्यक्तित्व

राजेश्वर देवकोटाले **नेपाली व्याकरण** (२०१९) लेखेर व्याकरणकार व्यक्तित्वको पनि प्रतिष्ठा आर्जन गरेका छन् । यस कृतिमा तत्कालीन शैक्षिक उद्देश्य पुरा गर्न खोजिएको छ । यसै कृति मार्फत व्याकरणकारका रूपमा देखा परेका हुन् ।

## (४) जीवनीकार व्यक्तित्व

राजेश्वर देवकोटाले जीवनी विधामा पनि कलम चलाएका छन् । उनले गाँउफर्क राष्ट्रिय अभियानका सन्दर्भमा लेखेको **हाम्रा पुर्खाहरू** (२०२४) नामक पुस्तकमा राष्ट्रिय विभूतिहरूको परिचय दिएका छन् । देवकोटाले उक्त पुस्तक साहित्यिक दृष्टिले न्यून रहे पनि जीवनीकारको व्यक्तित्वलाई प्रकट गर्न आएको छ ।

## (५) कवि व्यक्तित्व

राजेश्वर देवकोटाले साहित्य यात्रा (२००४) सालतिर 'समस्यापूर्ति' कविताबाट आरम्भ गरेका हुन् । देवकोटाका हिन्दी भाषामा लेखिएका गद्यात्मक रचनाहरू बनारसबाट

निस्कने पत्रिकाहरूमा प्रकाशित भएको जानकारी पाइन्छ तर तिनको अभिलेख भने पाइन्न । **युगल काव्य** (२०३९) प्रकाशित गरेर कवि व्यक्तित्वका रूपमा चिनिएका हुन् ।

### (६) उपन्यासकार व्यक्तित्व

राजेश्वर देवकोटालाई साहित्यिक व्यक्तित्वका रूपमा चिनाउने प्रमुख विधा नै उपन्यास हो । उनका नेपाली उपन्यास विधामा **आवर्तन** (२०४१), **द्वन्द्वको अवसान** (२०४२), **पूर्वकथा** (२०४३), **उत्सर्ग प्रेम** (२०४४), **पूर्णिमा** (२०५४), (२०४२) **डबली** (२०५९), गरी छ उपन्यास प्रकाशित छन् । उनले आफ्ना उपन्यासमा पौराणिक, सामाजिक, राजनैतिक विषयवस्तुलाई लिएर विचार प्रस्तुत गरेका छन् । उनले मूल रूपमा वैचारिकता प्रयोग गरी उपन्यास यात्रा अधि बढाएका छन् । विचारको प्रतिपादनका लागि लेखिएका हुनाले उनका उपन्यासमा सामाजिक यथार्थ माथि त्यति ध्यान दिएको पाइदैन । उनका उपन्यासमा साङ्ख्यदर्शनको प्रभाव पाइन्छ । साङ्ख्यदर्शनका पक्षपाती देवकोटा प्रकृतिका रूप नारीप्रति संवेदनशील रहन्छन् । देवकोटाका उपन्यासमा सामाजिक यथार्थलाई आलोचनात्मक रूपबाट प्रस्तुत गरेर तिनको समाधानको आकाङ्क्षा राखिएको हुन्छ । व्यक्तिको जीवनको स्वतन्त्रता र उसको आफ्नो अस्तित्व प्रकटीकरणमा रूचि राख्छन् । आदिम मानवले बाँच्ने आधारका रूपमा सिर्जना गरेका मिथकलाई आफ्ना कृतिमा नयाँ ढाँचाका साथ पुनर्सिर्जन गरेर र त्यसको परम्परालाई नाघेर पुनर्व्याख्या गर्नु देवकोटाको विशेषता हो ।

### (७) कथाकार व्यक्तित्व

राजेश्वर देवकोटाका कथाहरू त्यती धेरै नभए पनि **पाँच कथा** (२०६७) प्रकाशित गरेर आफूलाई कथाकार व्यक्तित्वका रूपमा पनि स्थापित गराएका छन् । उनले आफ्ना कथामा आजका मान्छेमा रहेको सत्यको रूप र त्यस प्रतिको निष्ठालाई प्रकट गर्न खोजेका छन् । उनका कथामा विचारको द्वन्द्व सम्वादात्मक रूपमा आएको पाइन्छ । भाषा सरल र रोचक भए पनि प्रतीकात्मक बन्न पुगेको छ ।

यसरी राजेश्वर देवकोटाले आफूलाई विविध साहित्यिक व्यक्तित्वका रूपमा परिचित गराए पनि उनको औपन्यासिक व्यक्तित्व सफल भएको देखिन्छ । उनको साहित्यको उपन्यास सफल विधा मानिन्छ र उनलाई साहित्यिक उचाइ प्रदान गर्ने विधा उपन्यास नै हो ।

### २.२.३ जीवनी र व्यक्तित्वको अन्तरसम्बन्ध

राजेश्वर देवकोटा आफ्नो जीवनकालमा विभिन्न क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्य गर्दै आइरहेका थिए । सामाजिक सेवा, राजनीति र साहित्य सिर्जनाबाट उनको व्यक्तित्व स्थापित हुन पुगेको हो । उनले गरेको सेवामूलक कार्यबाट निर्मित भएको जीवनी र व्यक्तित्व बीच घनिष्ट सम्बन्ध रहेको छ । राजेश्वर देवकोटाको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय भएको सानैमा आमाको मृत्यु भएको र आफू परिवारको जेठो सन्तान भएको कारणले घरायसी व्यवहारले थिचेको र जीवनमा सङ्घर्ष सुरु भई सानैदेखि व्यवहारमा पक्का भएका थिए उनले सङ्घर्षमय जीवन बिताएका थिए । देवकोटा सङ्घर्ष बीनाको जीवन, जीवन होइन भन्ने मान्यता राख्छन् । यही सङ्घर्षले नै उनको व्यक्तित्वको निर्माण भएको हो । उनका बाबु संस्कृत शिक्षा आर्जन गरेका लेखपढ गर्नमा दक्ष घरमै पाठशाला खोली छर छिमेकका विद्यार्थीलाई शिक्षा दिँदै आएका कविता कोँनमा सिपालु, सरल, समाजसेवी भएका कारण उनलाई पनि बाबुको प्रेरणाले अगाडि बढ्दै व्यक्तित्व निर्माणमा सहयोग पुगेको हो । देवकोटा विद्यार्थी अवस्थादेखि नै राजनैतिक क्षेत्रमा क्रियाशील भएका उनले जातपात तथा छुवाछुतको अस्वीकार सामाजिक अन्धविश्वास र रूढिप्रति विद्रोह गाउँघरमा हुने सामाजिक क्रियाकलापमा सक्रिय बाटोघाटो पाटी पौवा निर्माणमा अभिरुचि भएका कारणले उनको राजनीतिक व्यक्तित्व निर्माणमा सहयोग पुगेको हो । आफ्ना पिताको प्रेरणाका साथै प्राज्ञिक सङ्गठन, नैसर्गिक प्रतिभा गहन अध्ययन, मेहनत, लगनशील र क्रमिक लेखनले उनको साहित्यिक व्यक्तित्व निर्माण भएको हो । साहित्यिक लेखनको प्रस्फुटन २००४ सालदेखि राजनीति व्यक्तित्वसँगै सुरू भएको हो । कविता विधाबाट सुरु भएको साहित्यिक व्यक्तित्व निबन्ध, व्याकरण, जीवनी, कथा हुँदै उपन्यास सम्म पुगेको छ । साहित्यिक कृतिका माध्यमबाट र राजनीतिका माध्यमबाट उनको उच्च व्यक्तित्व निर्माण भएको हो ।

### २.२.४ निष्कर्ष

१९८६ मा जन्मेका राजेश्वर देवकोटाले संस्कृतमा शास्त्री र अङ्ग्रेजी विषयमा बी.ए. सम्मको शिक्षार्जन गरेका थिए । उनको ८६ बर्षे जीवनावधिलाई हेर्दा विभिन्न व्यक्तित्वका पाटाहरू निर्माण भए तापनि राजनैतिक र साहित्यिक व्यक्तित्व प्रखर रूपमा देखा परेको थियो । उनी राजनीतिमा मन्त्री, राष्ट्रिय पञ्चायतको अध्यक्ष र राष्ट्रिय प्रजातन्त्र

पार्टीको तर्फबाट संसद सदस्य जस्ता गरिमामय पदमा पुगेका थिए, भने साहित्यमा निबन्धकार, व्याकरणकार, बालसाहित्यकार, जीवनीकार, कवि, उपन्यासकार र कथाकारको रूपमा परिचित थिए । साहित्यमा विविध विधाको रूपमा देखापरे पनि उपन्यास विधा नै उनको सफलता प्राप्त क्षेत्र हो । उनले वि.सं.२०४४ मा **उत्सर्ग प्रेम** उपन्यासबाट मदन पुरस्कार समेत प्राप्त गरेका थिए । उनका रचनाहरूमा आफ्ना जीवन भोगाइका यथार्थ अनुभवहरू प्रतिबिम्बित भएका छन् ।

राजेश्वर देवकोटाले साहित्यिक विधाअन्तर्गत औपन्यासिक कृति लेखनको यात्रा आरम्भ **आवर्तन** (२०४१) उपन्यासबाट गरेका हुन् । उनका ६ वटा वैचारिक र चिन्तनधर्मी उपन्यासहरू प्रकाशित छन् । राजनीति र साहित्य लेखनमा सक्रिय हुँदाहुँदै २०७२ साल असार २६ गते उनको निधन भएको हो ।

# तेस्रो परिच्छेद

# उपन्यासको पात्रविधानको सैद्धान्तिक आधार

## ३.१ विषयपरिचय

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानवीय वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । आख्यानमा सङ्घटकहरू मध्ये पात्र सर्वाधिक वा प्राथमिक महत्त्वको हुन्छ । चरित्र वा पात्र सम्बन्धी व्यवस्थित अध्ययन अरस्तु बाट आरम्भ भएको मानिन्छ । उपन्यासका सन्दर्भमा पात्र वा चरित्रको अध्ययन चिन्तनको थालनी अठारौँ शताब्दीबाट भएको हो । अठारौँ शताब्दीको अन्त्यतिर जन मुरले चरित्रलाई सामान्य र नाटकीय भनेर चर्चा गरेको पाइन्छ । उपन्यासका चरित्रहरू कथावस्तुको समग्रतालाई गति र अन्विति मार्फत निश्चित रूपमा फेर्ने माध्यमहरू हुन् । चरित्रहरू उपन्यासको सार तत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन् ।[१४] चरित्रलाई उनले दोस्रो स्थानमा राखेका छन् । विभिन्न उपकरणको सन्तुलित संयोजनद्वारा आख्यानको निमार्ण हुन्छ । त्यसमध्ये पनि पात्रको भूमिका महत्त्वपूर्ण हुने कुरामा धेरै जसो विद्वान्हरूको एकमत पाइन्छ । कृतिमा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । साहित्यिक विधाका अनेक कृतिहरूमा प्रस्तुत गरिएका विभिन्न व्यक्ति नाम नै सहभागी हुन् । साहित्यिक सन्दर्भबाट हेर्दा कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ ।[१५]

उपन्यासकारले मानवीय वा मानवेतर जुनसुकै किसिमको पात्रलाई सजीव रूपमा उपन्यासमा उतार्न सक्दछ । उपन्यासको खुसी अनुसार धनी, गरिब, उच्च, नीच, शिक्षित, अशिक्षित, बालक, वृद्ध, महिला, पुरुष र मानवेतर जस्तोसुकै प्रवृत्तिको पात्रलाई उपन्यासमा उतार्न सक्दछ । पात्रकै गतिविधिले उपन्यास सशक्त बन्न जान्छ । उपन्यासमा पात्र वा चरित्रको महत्त्व किन हुन्छ भने यो पात्रकै क्रियाकलाप सँग सम्बन्धित हुन्छ ।[१६] उपन्यासका उपकरणका रूपमा द्वन्द्व क्रियाकलाप र कौतुहलता गराउने प्रमुख पात्र हो । पात्र बीना

---

१४. ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र**,(काठमाडौं : साझा प्रकाशन,२०६३), पृ. ३३ ।

१५. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास**, ( काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान २०६९), पृ.४४ ।

१६. ऋषिराज बराल,**पूर्ववत्** पृ. ३३ ।

उपन्यास को कल्पना पनि गर्न सकिन्न, पात्र उपन्यासलाई सिलसिलाबद्ध अगाडि बढाउने मुख्य तत्त्व हो ।

'पात्र' शब्द अङ्ग्रेजी साहित्यमा प्रचलित 'क्यारेक्टर' शब्दको पर्यायवाची रूपमा नेपाली साहित्यमा प्रचलित रहेको छ. । अङ्ग्रेजीमा क्यारेक्टर शब्दको कोसीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, प्रतीक वा सङ्केतद्वरा प्रस्तुत गर्नु निश्चित लक्षणद्वारा भेद देखाउनु आदि हुन्छ ।[१७] पात्रले उपन्यासमा व्यक्तिको प्रतिनिधित्व गर्दछ । उपन्यास विभिन्न घटनाहरू मिलेर बनेको हुन्छ । ती घटनाहरूको जन्म विभिन्न क्रियाकलापबाट हुन्छ । उपन्यासमा यथार्थ जीवनको प्रतिबिम्ब उतार्ने प्रयास हुने भएकोले मानवीय चरित्रको प्रतिनिधित्व गर्न पात्रहरू पनि स्वभाविक र यथार्थ हुनु आवश्यक हुन्छ ।

उपन्यास बृहत् जीवनको परिचय दिने विस्तृत कथानक भएको आख्यानात्मक गद्य रचना हो । यो आधुनिक साहित्यको सर्वाधिक लोकप्रिय विद्या पनि हो । उपन्यास पनि अन्य विद्याहरू जस्तै विविध तत्त्वबाट निर्मित हुन्छ । जसमध्ये पात्र पनि एक तत्त्व हो । उपन्यासको कथालाई रोचक स्वाभाविक र जीवन्त बनाउदै लैजाने पात्र हो । कथानक र पात्र बीच घनिष्ट सम्बध रहेको हुन्छ । कथानकलाई गति प्रदान गर्ने कामको अभिभारा पात्रले बोकेको हुन्छ । पात्र उपर नै स्रष्टा बढी निर्भर रहेको हुन्छ ।[१८]

उपन्यासलाई सजीव तुल्याउने काम पात्रले नै गर्ने हुँदा पात्रबीना उपन्यासको कल्पना गर्न सकिदैन । उपन्यासमा प्रस्तुत भएका पात्रहरूले प्रभाव पार्छन भन्ने कुरा उपन्यास पढिसकेपछि थाहा पाइने कुरा हो । लामो समयसम्म मानसपटलमा चरित्रको छाप परिरहेबाट थाहा हुन्छ । मानव समाज र सभ्यतालाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । जीवन जगतका मानवका शास्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् ।[१९] चरित्रलाई विश्वसनीय बनाउनका लागि उपन्यासकारले विभिन्न परिस्थिति र परिवेशको चित्रण गरेको हुन्छ । पात्रकै आधारमा उपन्यासको कथावस्तु तयार हुने भएकोले औपन्यासिक कृतिमा पात्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । पात्रको भूमिका जति बढी सजीव र यथार्थ हुन्छ त्यति उपन्यासको कथावस्तु प्रभावकारी र रोमान्चकारी हुन्छ । उपन्यासले देखाउने कुरालाई बहन गर्ने कुनै पनि चरित्र पात्र हो । पात्रले कृतिलाई

१७. दुर्गाबहादुर घर्ती, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, ( ललितपुर : साझा प्रकाशन २०६७), पृ. ८२ ।
१८. कृष्णहरि बराल, नेत्र एटम **पूर्ववत्**, पृ. २७ ।
१९ . राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृति**, दो.सं.( ललितपुर : साझा प्रकाशन २०६४), पृ. २५ ।

सजीव बनाउदै निष्कर्षमा पुऱ्याएर फल प्राप्त गराउने काम गर्छ । पात्र उपन्यासको मूल कथावस्तु र उद्देश्यसँग अन्तर्सम्बन्धित रहेको हुन्छ । त्यसैले गर्दा उपन्यास विधामा पात्रको स्थान महत्त्वपूर्ण रहेको हुन्छ ।

उपन्यासमा पात्रले मानव समाजका घटना सङ्घर्षलाई प्रतिबिम्बित गदर्छ । पात्रले आफू बाँचेको युग, सभ्यता, त्यसको संस्कृति र समाजलाई पनि सँगै सँगै बोकेर ल्याएको हुन्छ त्यसैले उपन्यासको मानव सभ्यता र संस्कृति र समाजलाई बुझ्ने आधार पनि पात्र नै हो । उपन्यासकारले आफू बाँचेको युगको चित्रण पात्रद्वारा आफ्नो उपन्यासमा गरेको हुनाले उपन्यासको आधारभूत तथा आवश्यक तत्त्वका रूपमा पात्रलाई लिइन्छ । पात्रले विगत, वर्तमान र भविष्यलाई जोडेर मानवीय प्रकृति र संवेदनाको चित्रण गर्छ । पात्र उपन्यासमा लेखकीय सन्देश र उसको जीवनदृष्टि वहन गर्ने माध्यम भएको हुनाले उपन्यासमा पात्रको स्थान विशिष्ट रहेको छ ।

## ३.२ पात्रको वर्गीकरणका आधार

उपन्यासले सिङ्गो समाज र जीवनकै कथानक बोकेको हुन्छ । उपन्यासमा प्रत्येक मानवीय पात्र वा चरित्र समाजबाट टिपिएका हुन्छन् । प्रकृतिमा नै मानव स्वभाव एकनास नभई भिन्न भिन्न किसिमको हुने गर्दछ । मानव समुदाय भन्नु नै विविध साँस्कृतिक परम्परा धर्म, भौगोलिक ,परिवेश, वर्ग रूचि , विश्वास जाति रहन सहन प्रवृति आदिको संयुक्त रूप हो । मान्छेमा पाइने तिनै सांस्कृतिक सामाजिक मनोवैज्ञानिक धार्मिक आदि विविधताले गर्दा उनीहरूको चरित्रमा पनि विविधता पाइन्छ ।

पात्र मानवीय जीवनको अनुकृति हो । मान्छे जति किसिमका हुन्छन् पात्र पनि त्यति नै किसिमका हुन्छन् । त्यसैले पात्र सम्बन्धी वस्तुनिष्ठ वर्गीकरण गर्न कठिन छ । त्यसो भए तापनि प्राचीन कालदेखि नै पूर्वीय तथा पाश्चात्य साहित्यमा पात्रको वर्गीकरण गर्ने प्रयास गरिएको भने पाइन्छ । पात्रको वर्गीकरण गर्ने क्रममा विद्वान्हरूको एक मत रहेको पाइदैन् । तैपनि उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिका कार्य प्रवृत्ति चारित्रिक स्वभाव, गुण, अवगुण, वर्ग, चेतना आदिको अध्ययन र विश्लेषण गरी तिनलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । पूर्वीय पाश्चात्य तथा नेपाली साहित्यका समालोचकद्वारा पात्र सम्बन्धी वर्गीकरणको आधारहरूको उल्लेख गरिएको छ ।

डेभिड लजले पात्रलाई निम्नानुसार वर्गीकरण गरेका छन् :

(क) प्रमुख पात्र

(ख) गौण पात्र

(ग) चेष्टा पात्र

(घ) अन्तर्मुखी तथा बहिर्मुखी ।[२०]

नेपाली विद्वान्हरूले पनि पात्रहरूलाई वर्गीकरण गरेका छन् ।

घनश्याम नेपालले आख्यानका पात्रहरू एकै किसिमका हुदैनन् भनी निम्नानुसार वर्गीकरण गरेका छन् :

(क) गोला र चेप्टा पात्र

(ख) सापेक्ष र निरपेक्ष पात्र

(ग) गतिशील र गतिहीन पात्र

(घ) सार्वभौम र आञ्चलिक पात्र

(ङ) मौलिक र पारम्परिक पात्र

(च) प्रकार र आद्यप्रकार पात्र ।[२१]

कृष्णहरि बराल र नेत्र एटमले निम्नानुसार वर्गीकरण गरेका छन् :

(क) गतिशील र गतिहीन

(ख) यथार्थ र आदर्श

(ग) अन्तर्मुखी र बहिर्मुखी

(घ) चेप्टा र गोला

(ङ) सार्वभौम र आञ्चलिक

(च) पारम्परिक र मौलिक ।[२२]

---

२०. ऋषिराज बराल,**पूर्ववत्** पृ. ३३ ।
२१. घनश्याम नेपाल, **आख्यानका कुरा**, तेस्रो. स.( भारत : एकता बुक हाउस प्रा. लि. २०११ ),पृ.५४
२२. कृष्णहरि बराल, नेत्र एटम **पूर्ववत्**, पृ. २८ ।

राजेन्द्र सुवेदीले पात्रलाई दुई प्रकारमा विभाजन गरेका छन् :

(क) गतिशील

(ख) स्थितिशील [२३]

ऋषिराज बरालले पात्रलाई निम्नानुसार वर्गीकरण गरेका छन् :

(क) गतिशील र स्थिर पात्र

(ख) गोला र चेप्टा पात्र

(ग) प्रतिनिधि र व्यक्तिपरक पात्र

(घ) अन्तर्मुखी र बहिर्मुखी पात्र । [२४]

मोहनराज शर्माले शैलीवैज्ञानिक आधारमा पात्रको वर्गीकरण निम्नानुसार गरेका छन् :

(क) लिङ्गको आधारमा - स्त्री र पुरुष

(ख) कार्यका आधारमा - प्रमुख, सहायक र गौण

(ग) प्रवृत्तिको आधारमा - अनुकूल र प्रतिकूल

(घ) स्वभावका आधारमा - गतिशील र गतिहीन

(ङ) जीवन चेतनाका आधारमा - वर्गगत र व्यक्तिगत


(च) आसन्नताको आधारमा - नेपथ्य र मञ्चीय

(छ) आबद्धताको आधारमा - बद्ध र मुक्त ।[२५]

खगेन्द्रप्रसाद लुइटेलले पात्रलाई सहभागीका रूपमा चिनाउदै सहभागीको वर्गीकरण निम्नानुसार गरेका छन[२६] :

---

२३. राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २६ ।
२४. ऋषिराज बराल,**पूर्ववत्**  पृ. ३४ ।
२५. मोहनराज शर्मा, **शैलीविज्ञान,** काठमाडौं : (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,२०४८), पृ.३०
२६. खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्** , पृ . ४५ ।




यसरी पात्रको वर्गीकरण सम्बन्धी पाश्चात्य, पूर्वीय र नेपाली विद्वान्हरूले आ-आफ्नै दृष्टिकोण राखेको पाइन्छ । यी सबै आधारहरू भए तापनि खगेन्द्रप्रसाद लुइटेलको सहभागी वर्गीकरणको आधार वस्तुनिष्ठ र संरचनात्मक देखिएको हुनाले यही आधारलाई नै अवलम्बन गरिएको छ :

## १ लिङ्गका आधारमा

लिङ्का आधारमा पात्रहरूलाई पुरूष पात्र र स्त्री पात्र गरी दुई वर्गमा विभाजन गरिन्छ । पात्रको बाह्य वर्णन, नाम, स्वभाव, प्रयुक्त क्रियापद आदिका आधारमा स्त्री र पुरूष पात्र छुट्याइन्छ ।

**पुरुष** : नर वा भाले बुझाउने सहभागीलाई पुरुष भनिन्छ । कृतिभित्र विभिन्न भूमिकामा पुरुष सहभागीको प्रयोग गरिन्छ ।

**स्त्री** : नारी, पोथी वा महिला वुझाउने सहभागीलाई स्त्री भनिन्छ । कृतिभित्र विभिन्न भूमिकामा महिला सहभागीको प्रयोग गरिन्छ ।[२७]

## २ कार्यका आधारमा

उपन्यासमा सबै पात्रले एउटै भूमिका निर्वाह गरेका हुँदैनन् । पात्रहरूको भूमिका अनुसार प्रमुख, सहायक र गौण गरी तिन प्रकारमा हेरिन्छ । कथानकको आदिदेखि अन्त्यसम्म घटना र कार्यव्यापारमा उपस्थित भई मूल कथानक जसको केन्द्रीयतामा अगाडि बढेको हुन्छ त्यसलाई प्रमुख पात्र भनिन्छ । कथानकलाई अगाडि बढाउनका लागि मुख्य पात्रको सहयोगीका रूपमा आउने र बेला बखतमा उपस्थित भई कथानकलाई नयाँ मोड प्रदान गर्ने पात्रलाई सहायक पात्र भनिन्छ भने खासै भूमिका नहुने पात्रहरू जसलाई उपन्यासमा नराख्दा पनि कथावस्तु नमर्ने खालका पात्रहरू गौण पात्र हुन् । उपन्यासमा सबैभन्दा बढी कार्य सम्पादन गर्ने पात्र प्रमुख त्यसभन्दा घटी कार्य गर्ने सहायक र त्यसभन्दा पनि केही घटी कार्य गर्ने पात्र गौण पात्र हुन्छ । उपन्यासमा जुन व्यक्तिको नाम सर्वनामको सर्वाधिक पुनरावृत्ति हुन्छ । त्यो प्रमुख पात्र हो त्यस भन्दा न्युन सर्वनाम प्रयोग भएर आउने पात्रलाई गौण पात्र भनिन्छ । प्रमुख पात्र सुरुदेखि अन्त्यसम्म डोरिएको हुन्छ । सहायक पात्र र गौण पात्र बीच बीचमा आएर बीचमा हराउन सक्छन् । खगेन्द्रप्रसाद लुइटेलले कार्यका आधारमा पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् : [२८]

**प्रमुख** : प्रमुख कृतिमा बढी कार्य वा बढी महत्त्वको कार्य गर्ने र कृतिमा सबै भन्दा बढी आउने सहभागीलाई प्रमुख सहभागी भनिन्छ । नायक, नायिका, खलनायक, खलनायिका आदि प्रमुख सहभागी हुन् ।

**सहायक** : कृतिमा प्रमुख पात्रले भन्दा कम काम गर्ने वा उसलाई सहयोग गर्ने सहभागीलाई सहायक सहभागी भनिन्छ । सहनायक सहनायिका आदि सहायक सहभागी हुन् ।

**गौण** : कृतिमा ज्यादै कम वा कम महत्त्वको काम गर्ने, एकदमै कम आउने, खास भूमिका नभएका र ती नभए पनि कृतिलाई खासै फरक नपर्ने सहभागीलाई

२७. ऐजन, पृ . ४५ ।
२८. ऐजन, पृ. ४६ ।

गौण सहभागी भनिन्छ । प्रमुख र सहायक बाहेकका सहभागीलाई गौण सहभागी भनिन्छ ।

### ३ आबद्धताका आधारमा पात्रहरू

यस आधारमा पात्रहरू बद्ध र  मुक्त गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा कथानकसँग बाँधिएका पात्रहरू बद्ध पात्रहरू हुन् । बद्ध पात्रहरूलाई उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना खजमजिन्छ । उपन्यासबाट जुन पात्रलाई निकाल्दा पनि खासै असर पर्दैन भने तिनीहरू मुक्त पात्र हुन् । खगेन्द्रप्रसाद लुइटेलले यस आधारमा पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् :[२९]

**बद्ध :** कृतिका विभिन्न सन्दर्भ र प्रसङ्गहरूमा आबद्ध भएर वा बाँधिएर मात्र सार्थक हुने सहभागीलाई बद्ध सहभागी भनिन्छ । यसरी आबद्ध नहुँदा तिनको सार्थकता रहन्न ।

**मुक्त :** कृतिका विभिन्न सन्दर्भ र प्रसङ्गहरूमा आबद्ध नभई वा नबाँधिई स्वतन्त्र रूपमा पनि सार्थक हुने सहभागीलाई मुक्त सहभागी भनिन्छ । यसरी आबद्ध नहुँदा तिनको सार्थकता रहन्न ।

### ४ स्वभावका आधारमा पात्रहरू

स्वभावका आधारमा पात्रहरूलाई गतिशलि र गतिहीन गरी दुई आधारमा हेरिन्छ । उपन्यासमा सुरुदेखि अन्त्यसम्म आफ्नो विचार वा सिद्धान्तलाई समयानुकूल वा परिस्थिति अनुकूल बदल्ने पात्रलाई गतिशील पात्र भनिन्छ भने आदर्शमा अडिग रहने, समयअनुसार आफूलाई परिवर्तन नगर्ने तथा एउटै विचारमा अडिग पात्रलाई गतिहीन पात्र भनिन्छ । खगेन्द्रप्रसाद लुइटेलले यस आधारमा पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् :[३०]

**गतिशील :** अवस्था र परिस्थिति अनुरूप कुनै न कुनै रूपले परिवर्तन भइरहने सहभागीलाई गतिशील सहभागी भनिन्छ । यस्ता सहभागीलाई अस्थिर, चल वा परिवर्तनशील सहभागी पनि भनिन्छ ।

---

२९. ऐजन, पृ. ४७ ।
३०. ऐजन, पृ. ४६ ।

**स्थिर** : कुनै पनि अवस्था र परिस्थितिमा परिवर्तन नभई कृतिभरि गतिहीन ढङ्गले उही रूपमा रहिरहने पात्रलाई स्थिर सहभागी भनिन्छ । यस्ता सहभागीलाई गतिहीन, अचल वा अपरिवर्तनशील सहभागी पनि भनिन्छ ।

## ५ प्रवृत्तिका आधारमा

उपन्यासमा प्रयुक्त पात्रहरूले सकरात्मक र नकरात्मक भूमिका खेलेका हुन्छन् । उपन्यासको कथानकलाई अगाडि बढाउनका लागि सकरात्मक भूमिका खेल्ने पात्रलाई अनुकूल पात्र भनिन्छ । यी पात्रहरूले पाठकलाई सकरात्मक प्रभाव पारेका हुन्छन् । उपन्यासमा नकरात्मक भूमिका खेल्ने पात्रलाई प्रतिकूल पात्र भनिन्छ । आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूले नकारात्मक र सकारात्मक दुवै भूमिका निर्वाह गर्ने आधारमा अनुकूल र प्रतिकुल दुई वर्गका पात्रको प्रयोग गरिन्छ । खगेन्द्रप्रसाद लुइटेलले यस आधारमा पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् : [३१]

**अनुकूल** : सकारात्मक गुणले युक्त, खलत्व नभएको प्रशंसनीय सत् पात्रलाई अनुकूल सहभागी भनिन्छ । सद्गुणले युक्त नायक, नायिका लगायतका भद्र र सज्जन सहभागीहरू अनुकूल हुन्छन् ।

**प्रतिकूल** : नकारात्मक गुणले युक्त, खलत्व भएको, निन्दनीय असत् पात्रलाई प्रतिकूल सहभागी भनिन्छ । दुर्गुणले युक्त खलनायक,खलनायिका लगायतका बदमास र दृष्ट चरित्रका सहभागीहरू प्रतिकूल हुन्छन् ।

## ६ जीवन चेतनाका आधारमा

यस आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् । निश्चित कुनै सामाजिक समूह वा वर्ग विशेषको प्रतिनिधित्व गरेमा त्यो वर्गीय पात्र हो । आफ्नो निजी स्वभाव मात्र प्रस्तुत गरेमा त्यो व्यक्ति पात्र हो ।  खगेन्द्रप्रसाद लुइटेलले यस आधारमा पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् :[३२]

**वर्गीय** :कुनै वर्गविशेषको प्रतिनिधित्व गर्ने सहभागीलाई वर्गीय सहभागी भनिन्छ । यस्ता सहभागीले उच्च-निम्न, शिक्षित-अशिक्षित आदि जुनसुकै वर्गको

---

३१. ऐजन, पृ. ४६ ।

३२. ऐजन, पृ. ४६ ।

प्रतिनिधित्व गर्छन् । यसर्थ यो एकले अनेकको प्रतिनिधित्व गर्ने खालको सहभागी हो ।

**व्यक्ति :** कुनै वर्ग विशेषको नभएर व्यक्ति विशेषको वा आफ्नै मात्र प्रतिनिधित्व गर्ने सहभागीलाई व्यक्ति सहभागी भनिन्छ । यस्ता सहभागीका गुण वा गतिविधि अरुसँग नमिल्ने खालका हुन्छन् । यसर्थ यो एकले उही एकको मात्र प्रतिनिधित्व गर्ने खालको सहभागी हो ।

## ७ आसन्नताका आधारमा

उपन्यासमा कथानकमा हुने पात्रहरूको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार अथवा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय पात्र हुन । यी पात्रहरू उपन्यासको आदि भागदेखि अन्त्य भागसम्म देखिरहने पात्र हुन् । कार्यव्यापार अथवा संवाद प्रस्तुत नगर्ने कथयीता वा अन्य पात्रले नामोच्चारण मात्र गर्ने नेपथ्य पात्र हुन् । खगेन्द्रप्रसाद लुइटेलले यस आधारमा पात्रहरूलाई निम्नानुसार वर्गीकरण गरेका छन् :[३३]

**नेपथ्य :** परोक्ष रूपमा उपस्थित हुने वा वर्णन गरिने सहभागीलाई नेपथ्य सहभागी भनिन्छ । यस्तो सहभागी कृतिभित्र घटना वा कार्यव्यापारमा प्रत्यक्ष रूपले संलग्न हुँदैन, सूच्य रूपमा मात्र आउँछ ।

**मञ्च :** प्रत्यक्ष रूपमा उपस्थित भई कार्य गर्ने सहभागीलाई मञ्च सहभागी भनिन्छ । यस्तो सहभागी कृतिभित्र घटना वा कार्यव्यापारमा प्रत्यक्ष रूपले संलग्न हुन्छ ।

## ३.३ निष्कर्ष

उपन्यासमा घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने शब्द पात्र हो । उपन्यासमा घटनासँग सम्बद्ध भएर आउने व्यक्ति वा प्राणीलाई पात्र भनिन्छ । उपन्यासमा पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । पात्रबीना उपन्यासको कल्पना गर्न सकिदैन ।

---

३३. ऐजन, पृ. ४७ ।

पूर्वीय पाश्चात्य तथा नेपाली साहित्यका समालोचकहरूले आआफ्नै ढङ्गले परिभाषा दिएको भए तापनि औपन्यासिक कथानक र घटनावलीसँग जोडिएर आउने तत्त्व नै पात्र हो । उपन्यासमा पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ र उपन्यासमा परिवेश, काल, परिस्थिति देश अनुसारका पात्रहरूको समायोजन गरिएको हुन्छ र त्यसलाई नै पात्रविधान भनिन्छ । पात्रलाई लिङ्ग, कार्य, स्वभाव, जीवनचेतना, प्रवृत्ति, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरिए तापनि पात्रहरूले उपन्यासमा प्रस्तुत गर्ने जीवनशैली र व्यक्तिगत भिन्नताका आधारमा पात्रहरूले फरक फरक गुणले युक्त र फरक फरक भूमिका निर्वाह गरेका हुन्छन् । पात्रहरूलाई व्यक्तिगत रूपमा स्थापित गर्न र आफ्नो पहिचान बनाउनका लागि निजी विशेषताहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । पात्रहरूले देखाउने अभिलक्षण अनुसार उपन्यासकारले पात्रको स्थान निर्धारण गरिदिएको हुन्छ । मानवतावादी पात्र देखाउनका लागि पात्रलाई मानवतावादीमा हुनुपर्ने गुणले युक्त देखाउनुपर्दछ । सहयोगी देखाउनका लागि सहयोगी भावना रहेको गुण देखाउनुपर्दछ । मित्रताको भाव भएको, अस्तित्ववादी, यथार्थवादी, दृढ, सत्यवादी, सुन्दर, विद्वान्, बालक, अविवाहित, विवाहित, प्रौढ, कपटी, ईर्ष्यालु, क्रोधी, मातृस्नेही, पश्चात्तापी, निर्दयी जस्ता व्यक्तिगत अभिलक्षणका आधारमा पात्रहरूलाई वर्गीकरण गरिएको छ । खगेन्द्रप्रसाद लुइटेलद्वारा प्रस्तुत आधार नै स्पष्ट संरचनात्मक र वस्तुनिष्ठ देखिन्छ । यही वर्गीकरणलाई नै उपन्यासका पात्रविधानको प्रमुख आधार मानिएको छ ।

# चौथो परिच्छेद

# राजेश्वर देवकोटाको उपन्यासमा पात्रविधान

## ४.१ परिचय

राजेश्वर देवकोटाले वि.सं. २००४ बाट 'समस्यापूर्ति' कविताबाट साहित्यिक यात्रा आरम्भ गरेका हुन् । उनले नेपाली साहित्यका कथा, कविता, निबन्ध, व्याकरण, बालसाहित्य, उपन्यास आदि विधामा कलम चलाएका थिए । उनले २००४ सालबाट साहित्यिक यात्रा आरम्भ गरे पनि उनका उपन्यास २०४० को दशकपछि प्रकाशित छन् । उनलाई साहित्यिक व्यक्तित्वका रूपमा चिनाउने प्रमुख विधा नै उपन्यास हो । उनका नेपाली उपन्यास विधामा **आवर्तन** (२०४१), **द्वन्द्वको अवसान** (२०४२), **पूर्वकथा** (२०४३), **उत्सर्ग प्रेम** (२०४४), **पूर्णिमा** (२०५४), (२०४२) **डबली** (२०५९), गरी आधादर्जन उपन्यास प्रकाशित छन् । उनले आफ्ना उपन्यासमा पौराणिक, सामाजिक, राजनैतिक विषयवस्तुलाई लिएर विचार प्रस्तुत गरेका छन् । विचारको प्रतिपादनका लागि लेखिएका हुनाले उनका उपन्यासमा सामाजिक यथार्थ माथि त्यति ध्यान दिएको पाइदैन । उनका उपन्यासमा साङ्ख्यदर्शनको प्रभाव पाइन्छ । साङ्ख्यदर्शनका पक्षपाती देवकोटा प्रकृतिका रूप नारीप्रति संवेदनशील रहन्छन् । देवकोटाका उपन्यासमा सामाजिक यथार्थलाई आलोचनात्मक रूपबाट प्रस्तुत गरेर तिनको समाधानको आकाङ्क्षा राखिएको हुन्छ । व्यक्तिको जीवनको स्वतन्त्रता र उसको आफ्नो अस्तित्व प्रकटीकरणमा रूचि राख्छन् । आदिम मानवले बाँच्ने आधारका रूपमा सिर्जना गरेका मिथकलाई आफ्ना कृतिमा नयाँ ढाँचाका साथ पुनर्सिर्जन गरेर र त्यसको परम्परालाई नाघेर पुनर्व्याख्या गर्नु देवकोटाको विशेषता हो ।

## ४.२ उपन्यास चयनका आधारहरू

राजेश्वर देवकोटाका उपन्यासहरू मूलतः चिन्तनधर्मी विचारप्रधान सामाजिक मिथकीय विशेषताले युक्त छन् । उनको औपन्यासिक चरण दुई चरणमा विभाजन भएको देखिन्छ । पहिलो चरणका **आवर्तन**, **द्वन्द्वको अवसान**, **पूर्वकथा** र **उत्सर्ग प्रेम** हुन् भने दोस्रो चरणमा **पूर्णिमा** र **डवली** उपन्यास प्रकाशित छन् । उनको **आवर्तन** उपन्यासमा भौतिकता र मानवताको द्वन्द्व देखाई मानवताको पक्षमा वकालत गरिएको छ । भौतिक र प्राकृतिक

विषयसँग गाँसिएका विभिन्न पक्षहरू केलाउदै भौतिकभन्दा प्राकृतिक पक्ष महत्त्वपूर्ण हुन्छ भन्ने देखाइएको छ । **द्वन्द्वको अवसान**मा महाभारतीय मिथकहरूको पुनर्व्याख्या गरिएको छ । उपेक्षित र विवश पात्र कर्णसँग सम्बद्ध घटनालाई विषयवस्तुका रूपमा लिई हरेक व्यक्तिको आफ्नै अस्तित्व हुन्छ र मान्छेलाई अदृश्य शक्तिको घेराबाट मुक्त तुल्याउनुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ । **पूर्वकथा**मा राणाकालीन राजनैतिक सामाजिक आदि सन्दर्भ उल्लेख गरिएको उपन्यास हो । **उत्सर्ग प्रेम** साङ्ख्य दर्शनबाट प्रभावित उपन्यास हो । सृष्टिका लागि नारी र पुरुष दुवै आवश्यक भए पनि नारीलाई मूल र पुरुषलाई सहायक तत्त्वका रूपमा लिने साङ्ख्य दर्शनको वकालत गरिएको छ । **पूर्णिमा** उपन्यासमा नेपालको बहुदलीय प्रजातन्त्र र स्वतन्त्रतालाई प्रतीकात्मक ढङ्गबाट व्यक्त गरिएको छ । यिनै विभिन्न विषयवस्तु समावेश गरिएका उपन्यासहरू मध्ये यहाँ **द्वन्द्वको अवसान** र **उत्सर्ग प्रेम** लाई लिइएको छ । **द्वन्द्वको अवसान** उपन्यासमा **महाभारत**को विषयवस्तुको प्रयोग र बौद्धिक खालका पात्रहरूको प्रयोगले उपन्यास उत्कृष्ट रहेको छ । उपन्यासका पात्रहरूले आफ्नो अस्तित्व बचाइ राख्नका लागि गर्ने विभिन्न प्रयास एक मित्रले अर्को मित्रलाई गर्ने सहयोग, विश्वास, दृढता र पहिलो चरणको उत्कृष्ट उपन्यास भएकोले यस उपन्यासलाई चयन गरिएको हो । **उत्सर्ग प्रेम** उपन्यास पहिलो चरणको उपन्यास हो । यो वैचारिक उपन्यास हो । वैचारिक उपन्यास भएको हुनाले पात्रहरू पनि बौद्धिक खालका प्रयोग गरिएको छ । प्रकृतिलाई सर्वोपरी महत्त्व दिने सृष्टि संरचनामा पुरुषको र नारी भूमिका हुने भए पनि जिम्मेवारी प्रकृति अथवा नारीको हुने कुरालाई सुरूपाका माध्यमबाट देखाइएको छ । यस उपन्यासका पात्रहरूलाई विद्वान् र बौद्धिक देखाइएको छ । जीवन के हो भन्ने प्रश्नमा आफ्ना आफ्ना बौद्धिक खालका भनाइहरू प्रस्तुत गरेका छन् र नारीलाई सर्वोपरी महत्त्व दिएको छ । नारी पात्र र पुरुष पात्र उत्तिकै बौद्धिक रूपमा प्रस्तुत भएको हुनाले यो उपन्यासलाई चयन गरिएको हो ।

## ४.३ द्वन्द्वको अवसान उपन्यासमा पात्रविधान

### ४.३.१ कथानक

**द्वन्द्वको अवसान** उपन्यास राजेश्वर देवकोटाको २०४२ सालमा प्रकाशित उपन्यास हो । यस उपन्यासमा महाभारतकालीन मिथकहरूलाई पुनर्व्याख्याका साथै समसामयिक चेतना प्रदान गरी प्रभावकारी बनाइएको छ । **महाभारत**मा  वर्णित पात्रहरूलाई यस

उपन्यासमा पात्र बनाई प्रस्तुत गरिएको छ । यस उपन्यासको कथानकको सुरूवात कृष्णले राधेयलाई महाभारतको राजा हुनलाई आग्रह गरेबाट भएको छ । कृष्णले राधेयलाई राजा हुने लोभ देखाए पनि आफू लोभमा नपरी दुर्योधनकै पक्षमा दृढतापूर्वक लडाइँ लड्ने इच्छा प्रकट गरेपछि कृष्णले राधेयसँग तिमी राधेय होइनौ कौन्तेय होउ भन्छन् । जेसुकै प्रलोभन देखाए पनि राधेयले आफूलाई बदल्न चाँहदैनन् । दुर्योधन आफ्नो मित्र भएकाले पापी भए पनि उसैको पक्षमा लड्ने राधेयको अविचलित अडान रहेपछि कृष्ण फर्किन्छन् । राधेय दुर्योधनलाई युद्धकोलागि अझै प्रेरणा र साहस प्रदान गर्दै आफू मित्रका लागि ज्यान दिन तयार रहेको कुरा बताउँछन् । उता कृष्णले युधिष्ठिरलाई युद्धकालागि उत्प्रेरित गरे पनि राधेयका अगाडि युधिष्ठिरलाई हीनताबोध हुन्छ र उनी राधेयसँग असफल भएको अनुभव गर्छन् । सत्य र धर्मको स्थापनाका लागि पाण्डवहरूले युद्ध गर्नै पर्छ, किनभने पापीहरूको नास गर्नुलाई हिंसा मानिदैन भन्ने कृष्णको मान्यता अनुरूप युद्धको घोषणा  हुन्छ । युद्धका लागि कुरूक्षेत्र मैदान घोषणा गरिन्छ  भने सारा संसारका राजाहरू कुनै एक पक्षमा लाग्दछन् । युद्धका लागि निश्चित नियमहरू बनाइन्छ र **महाभारत**को युद्ध सुरु हुन्छ । दुर्योधन पक्षका राधेयको अर्जुनले हानेको वाण लागि मृत्यु हुन्छ । पाण्डव पक्षको जित हुन्छ । युधिष्ठिरलाई राधेयको मृत्यु देखि दुःख लाग्दछ । जीउँदो हुँदा जति प्रलोभन देखाए पनि राजा हुन नचाहने कर्ण राधेय मरेपछि राजा भएर **महाभारत**को नायक हुन पुगेका छन् ।

### ४.३.२ पात्रहरू

उपन्यासभित्र कुनै विशेषता बुझाउन वा घटनालाई गति दिन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । यस उपन्यासमा मानवीय पात्रको मात्र प्रयोग भएको छ ।  **द्वन्द्वको अवसान** उपन्यास सानो आयामको भए पनि यसमा धेरै पात्रहरूको प्रयोग भएको पाइन्छ ।  कथानकमा प्रमुख भूमिका निर्वाह गर्ने राधेय, कृष्ण, युधिष्ठिर, दुर्योधन, भीष्म,  हुन् भने सहायक भूमिका निर्वाह गर्ने कुन्ती, महारानी , कर्णकी स्त्री (महादेवी), राधा, भीष्म, अर्जुन, द्रोणाचार्य हुन् ।  गौण पात्रका रूपमा सवार, माता गान्धारी, पिता धृतराष्ट्र, दूतहरू, इन्द्र, सन्देशबाहक, राजाहरू, मुखियाहरू, गुरु पुरोहितहरू, सेनापति, शकुनि, गुरु भार्गव, विदुर, शिखन्डी, सूर्य, अश्वत्थमा, धृष्टद्युम्न, अभिमन्यु, द्रुपद,

सिपाहीहरू, शल्य र धटोत्कच आएका छन् । यस उपन्यासमा व्यक्तिवाचक नाम चरित्र धेरै सहभागी भएका छन्, भने समूहवाचक नाम चरित्र कम मात्रामा आएका छन् । व्यक्तिवाचक नाम चरित्रलाई उनीहरूले गर्ने कार्यका आधारमा छुट्टाछुट्टै देखाइएको छ भने समूहवाचक नाम चरित्रलाई एकै ठाउँमा वर्णन गरिएको छ ।

## ४.३.३ व्यक्तिवाचक नाम सहभागीहरू र चारित्रिक प्रकार

| क.सं. | आधारहरू | लिङ्गका आधारमा | | कार्यका आधारमा | | | प्रवृतिका आधारमा | | जीवन चेतनाका आधारमा | | स्वाभावका आधारमा | | आबद्धताका आधारमा | | आसन्नताका आधारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | वर्गीय | व्यक्तिगत | स्थिर | गतिशील | बद्ध | मुक्त | नेपथ्य | मञ्चीय |
| १. | राधेय (कर्ण) | - | + | + | - | - | + | - | - | + | + | - | + | - | - | + |
| २. | कृष्ण | - | + | - | + | - | - | + | - | + | + | - | + | - | - | + |
| ३. | युधिष्ठिर | - | + | - | + | - | + | - | - | + | - | + | + | - | - | + |
| ४. | भीष्म | - | + | - | + | - | - | + | - | + | + | - | + | - | - | + |
| ५. | दुर्योधन | - | + | - | + | - | - | + | - | + | + | - | + | - | - | + |
| ६. | कुन्ती | + | - | - | + | - | - | + | - | + | + | - | + | - | - | + |
| ७. | राधा | + | - | - | + | - | - | + | - | + | + | - | + | - | - | + |
| ८. | अर्जुन | - | + | - | + | - | + | - | - | + | + | - | + | - | - | + |
| ९. | महादेवी | + | - | - | + | - | + | - | - | + | + | - | + | - | + | - |
| १०. | महारानी | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| ११. | विदुर | - | + | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| १२. | सूर्य | - | + | - | - | + | + | - | - | + | + | - | - | + | + | - |
| १३. | द्रौणचार्य | - | + | - | + | - | + | - | - | + | + | - | + | - | + | - |

व्यक्तिवाचक नाम सहभागीहरूका चारित्रिक प्रकारलाई निम्नानुसार देखाइएको छ :

## १. राधेय (कर्ण) का चारित्रिक प्रकार

यस उपन्यासको नायक राधेयलाई कुन्तीले कुमारी अवस्थामा जन्माएर नदीमा बगाइदिएको र राधादम्पतिद्वारा पालिएको प्रमुख पात्र हो । उसलाई राधेय भनिए पनि कुन्तीको छोरो हो । उच्च कुलमा जन्मनु दैवको अधीनमा छ, पौरखी बन्नु मेरै अधीनको कुरा हो भन्दै ऊ वीर भएको छ । जसको तुलना अर्जुनसँग मात्र गरिन्छ । भारत वर्षको राजा हुने प्रलोभन देखाए पनि अलिकति पनि विचलित नभई आफ्नो मित्र दुर्योधनलाई सहयोग गर्ने दृढता व्यक्त गर्दछ । पत्नी महादेवीको रानी बन्ने इच्छा कहिल्यै पुरा नगर्ने राधेय आफ्ना कवच र कुण्डल समेत इन्द्रलाई दान गर्न पुगेको छ । कुन्तीले म तिम्रो आमा हुँ युधिष्ठर तिम्रा भाइ हुन भनेर चिनाउदै युद्ध नगर्न भन्दछिन् राधेयले आफू शस्त्र अस्त्र बीना नै भए पनि अर्जुनसँग लड्ने चाहना व्यक्त गरेको छ । । दुर्योधनको सल्लाहकार भई दुर्योधनलाई युद्धका लागि प्रेरित गरेको छ । हीन कुलको मानिए पनि उसमा हीनता को भावना पाइदैन । कुन्तीको छोरो हुँ भन्ने थाहा पाए पनि उसमा कुनै घमण्ड छैन् र ऊ युद्ध रोक्न पनि चाहदैन । युद्धमा वीरता प्रर्दशन गरे पनि कृष्णको कुटिल चालका कारण राधेयको रथ भासिएको मौका पारी नियम विपरीत अर्जुनले मारेको छ । जिउँदो हुँदा राजा हुन नचाहेको राधेय मरेपछि भारत वर्षको राजा भएको छ । यस उपन्यासमा उसलाई अनुकूल, बद्ध, र गतिहीन पात्रका रूपमा चित्रण गरिएको छ । राधेयका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

### (क) पुरुष पात्र

उपन्यासमा राधेयलाई भने, भन्थे, हाँसे जस्ता क्रियापदको प्रयोग गरिएकाले राधेय पुरुष पात्र हो । राधेयलाई पुरुष पात्रको रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

राधेयले भने “महादेवी ! म यो सुन्न चाहन्न, अरुले भनेकै छन् -दुर्योधन पापी छ, तिमीले पनि मलाई यो कुरा किन सुनाउनुपऱ्यो ।”[३४]

यस उदाहरणमा राधेयलाई पुरुष पात्रका रूपमा भने शब्दले चिनाएको छ ।

राधेय सदा जस्तै शान्ति भावमा हाँसे -“मलाई राजा हुन मन छैन् ।”[३५]

---

३४. राजेश्वर देवकोटा, **द्वन्द्वको अवसान**,( ललितपुर : साझा प्रकाशन, २०७०),पृ.२७ ।

३५. ऐजन, पृ.३२ ।

उल्लिखित उदाहरणहरूमा राधेयलाई पुरुष पात्रका रूपमा भन्थे, हाँसे, मने शब्दले चिनाएको छ ।

**(ख) प्रमुख पात्र**

यस उपन्यासको सम्पूर्ण कथ्य मुख्य रूपमा राधेयकै केन्द्रीयतामा अगाडि बढेकोले ऊ प्रमुख पात्र हो । उपन्यासको आदि भागदेखि अन्त्य भागसम्म निरन्तर चित्रित भएको छ । उपन्यासका सम्पूर्ण पात्रहरू उसकै केन्द्रीयतामा बाँधिएका छन् । उसले उपन्यासको कथानकलाई अगाडि बढाउँनको लागि प्रमुख भूमिका निर्वाह गरेको छ, त्यसैले ऊ प्रमुख पात्र हो ।

**(ग) अनुकूल पात्र**

उपन्यासमा सुरुदेखि अन्त्यसम्म उसको कतै पनि नकरात्मक भूमिका देखिएको छैन् । दुर्योधनले भनेको छ - “मान्छेले आफ्नो जीवनमा एउटा मात्र वास्तविक मित्र फेला पाऱ्यो भने उसको जीवन सार्थक सम्भिmनु पर्छ ।”[३६] आफ्नो सम्पूर्ण शक्ति मानिएको कुण्डल र कवच मगन्ते भेषमा आएको इन्द्रलाई दिएको छ । यद्धमा एकपक्षको अन्न पानी सकियो भने अर्को पक्षले आपूर्ति गर्ने सहमतिमा दुर्योधनले आपत्ति प्रकट गर्दा राधेयले भने -“मित्र दुर्योधन ! तिमी राजा हौ, तिमी सित लड्न आउनेहरू तिम्रै राज्यका प्रजा हुन् । यो लडाइँ तिम्रै राज्यको भूमिमा भइरहेछ । अर्को राज्यका प्राणी भोका परे भने राजाले अन्न दान दिनुपर्छ, भने लडाइँ अन्त्य नहुउन्जेलसम्म यस राज्यका तिमी राजा हौ र यी पाण्डवहरू प्रजा हुन् । राजाले कुनै पनि अवस्थामा प्रजालाई भोको राख्नु हुँदैन ।”[३७] यसरी जुनसुकै आपत विपतमा, यद्धमा दुर्योधनको कुनै पनि असहमतिमा उसले आफ्नो कौशल र गरिमा देखाएर सहमति गराएका हुनाले राधेय अनुकूल पात्र हो ।

**(घ) व्यक्तिगत पात्र**

उपन्यासमा आर्दश जीवनदर्शन लिएको राधेय व्यक्तिगत पात्र हो । उसले कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरेको हुनाले ऊ व्यक्तिगत पात्र हो ।

**(ङ) स्थिर पात्र**

केन्द्रीय चरित्र भए पनि स्थिर चरित्र हो उपन्यासमा सुरुदेखि अन्त्यसम्म आफ्नो सिद्धान्तमा अडिक र अविचलित देखिएकाले ऊ स्थिर पात्र हो । दुर्योधनले भनेको छ - “तिमी

---

[३६] ऐजन, पृ.५ ।

[३७] ऐजन, पृ.२४ ।

जस्तो अविचलित साथीको भरमा नै यो महायुद्ध छेड्ने साहस गरिरहेछु । मान्छेले आफ्नो जीवनमा एउटा मात्र वास्तविक मित्र फेला पार्‍यो भने उसको जीवन सार्थक सम्झिनु पर्छ ।"[३८] राधेय प्रमुख पात्रलाई कृष्णले भारतवर्षको राजा हुने जतिसुकै लोभ देखाए पनि स्वीकार नगरी आफ्नो विचारमा अडिक रहेको छ । उपन्यासमा कर्णले भनेको छ -"दुर्योधन मेरो मित्र हो उसको पाप र पुण्यसित मलाई सरोकार छैन । एउटा मित्रलाई सायता गर्नु मेरो धर्म हो, यही मेरो सिद्धान्त हो ।"[३९] "म युगान्तरका सन्ततिका लागि समात्ने एउटा सानो तृण हुन चाहन्छु तर विकृत युगको समाजको राजा हुन चाहन्न ।"[४०] पञ्चपाण्डव र कर्ण दाजुभाइ र कुन्तीले दाजुभाइ बीच युद्ध नगर्न आग्रह गर्दै भनिन - "बाबु ! जे भए पनि पाण्डवहरू सित नलडिदेउ ।"[४१] यस्तो आमाको भनाइमा कर्ण भन्छन - "वीरसित लड्नु र मानवताको प्रतिपादनका लागि मित्रका निम्ति मर्नु मेरा यी सिद्धान्त बदलिदैनन, जो सम्पूर्ण भारत वर्षको राजा हुने प्रलोभनमा पनि बहकिएनन्, सूर्यदेवले पनि बहकाउन सकेनन् ।"[४२] राधेय आफ्नो सिद्धान्तमा अडिक रहेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरेको छ -"म विच्छिले टोक्तापनि हलचल गर्दिन, अधिराज्य पाए पनि खुसिले चञ्चल हुन्न आफ्नो सम्पूर्ण सम्पति दिनुपर्दा पनि विचलित हुन्न ।"[४३] राधेयलाई कृष्ण र कुन्तीका जुनसुकै कुराले पनि दुर्योधनसँगको मित्रतालाई विचलित बनाउन सकेको छैन् उसले विचारमा कुनै परिवर्तन गरेको छैन, त्यसैले ऊ स्थिर पात्र हो ।

**(च) बद्ध पात्र**

राधेय बद्ध पात्रका रूपमा आएको छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ त्यसैले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म स्वयम् उपस्थित भई प्रमुख भूमिका निर्वाह गरेको छ । उसका क्रियाकलापहरू प्रत्यक्ष रूपमा घटित भएका छन् ।

---

३८. ऐजन, पृ. ५ ।
३९. ऐजन, पृ. ४ ।
४०. ऐजन, पृ. १३ ।
४१. ऐजन, पृ. ४९ ।
४२. ऐजन, पृ. ५ ।
४३. ऐजन, पृ. ५२ ।

## २. कृष्णका चारित्रिक प्रकार

यस उपन्यासमा कृष्ण सञ्चालकका रूपमा आएको छ। द्वापरयुगको परिर्वतनका लागि युद्ध अनीवार्य रहेको भन्दै युद्ध सञ्चालनका लागि कुटिल चाल चलेको छ। पाण्डवहरूलाई युद्ध गर्नका लागि उत्प्रेरित गर्ने कृष्ण खलनायक रूपमा आएको छ। राधेयलाई भारत वर्षको राजा हुने प्रलोभन देखाए पनि राधेयले मित्र दुर्योधनलाई धोका दिन नसक्ने भाव प्रकट गरेपछि इन्द्रको सहयोग लिएर कृष्णले राधेयका कवच र कुण्डल हरण गरेको छ। राधेयप्रति कुटिल चाल चल्नु र उसलाई आफ्नो सिद्धान्तबाट पतित गराएर पाण्डवहरूलाई यृद्धमा जिताउनु कृष्णको मूल उद्देश्य रहेको छ। पाण्डवलाई युद्ध अनि अर्धम गर्नका लागि उत्प्रेरित गरेको छ। राधेयलाई अनेकौं तरिका अपनाएर पनि युद्धबाट विमुख गराउन नसकेपछि इन्द्रको साथ लिएर राधेयका कवच र कुण्डल लिन सफल भएको छ। सत्यवादी युधिष्ठिरलाई असत्य बोल्न लगाइ द्रोणाचार्यलाइ पुत्रशोकमा पारेर मार्न लगाएको छ। सत्यको स्थापनाका लागि असत्य मार्ग अपनाए पनि केही हुँदैन भन्ने उपदेश दिने प्रतिकूल चरित्र हो। युद्धमा रथहीन भएको राधेयलाई नियम विपरीत अर्जुनलाई मार्न लगाएर पाण्डवलाई जिताएको छ। राधेयको दानशीलता, दृढता, र अविजेय व्यक्तित्वको कारण युधिष्ठिरले राधेयको प्रशंसा गर्दा र युद्ध जितिसकेपछि उसको लासलाई राजा घोषित गर्दा ईर्ष्याले जलेको छ। आफ्नो स्वार्थका लागि कुटिल चाल चल्न सक्ने कृष्ण प्रतिकूल, बद्ध, गतिहीन र मञ्चीय पात्रका रूपमा आएको छ। कृष्णका चारित्रिक विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

### (क) पुरुष पात्र

कृष्णलाई उपन्यासमा भनेका छन्, रिसाए, भन्छन् जस्ता क्रियापदको प्रयोग गरिएकाले कृष्ण पुरुष पात्र हो। कृष्णलाई पुरुष पात्रको रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

कृष्ण यधिष्ठिरसित रिसाए, र भने -"राधेय नीतिकुसल होओस् युद्धका दाउपेच केही जान्दैन, आफ्नै सिद्धान्तमा अडिरहन्छ।"[४४]

यस उदाहरणमा कृष्णलाई पुरुष पात्रका रूपमा रिसाए शब्दले चिनाएको छ।

कृष्ण भन्छन् "इन्द्रले आफ्नो अस्त्र नदिनुपर्ने, उनी पनि फस्लिएछन्।"[४५]-

---

४४. ऐजन, पृ. २५।

यस उदाहरणमा कृष्णलाई पुरुष पात्रका रूपमा भन्छन्  शब्दले चिनाएको छ ।

कृष्णले युधिष्ठिरलाई भनेका छन् - "सूर्यले अन्धकारको विनाश गर्नु संहार  मानिदैन् ।"[४६]

यस उदाहरणमा कृष्णलाई पुरुष पात्रका रूपमा भनेका छन्  शब्दले चिनाएको छ ।

**(ख) सहायक पात्र**

कृष्ण यस उपन्यासमा सहायक पात्रका रूपमा आएको छ ।  **महाभारत**मा नायक रहेको कृष्ण **द्वन्द्वको अवसान** उपन्यासमा खलनायक हुन पुगेको छ । उपन्यासको कथानकलाई अगाडि बढाउँनका लागि राधेयको भन्दा कम भूमिका रहेकोले ऊ सहायक पात्र हो ।

**(ग) प्रतिकूल पात्र**

कृष्ण यस उपन्यासमा प्रतिकूल पात्रका रूपमा आएको छ ।  युद्धमा पाण्डव पक्षलाई जिताउनको लागि इन्द्रलाई राधेय कहाँ मगन्तेको भेषमा पठाएर विभिन्न छलकपट गरेर राधेयका कवच र कुण्डल उतारिएिको छ । उपन्यासमा उसले भनेको छ -"उसको कुण्डलाकार कानले ऊ उदीप्त देखिन्छ, उसको कवच भिरेको जस्तो छातीबाट ऊ बलवान् देखिन्छ । यसका यी दुबै कुण्डल र कवच  म उतारिदिनेछु , त्यसपछि यो विष नभएको सर्प जस्तो हुनेछ, पखेटा नभएको पक्षी जस्तो हनेछ ।"[४७] युधिष्ठिरलाई युद्धको घोषणा गर्नका लागि विभिन्न कपटपूर्ण भनाइले लिप्त बनाउँछ र युद्ध गर्न नचाहेका युधिष्ठिरलाई युद्धमा सरिक गराउँछ । उपन्यासमा उसले भनेको छ - "युधिष्ठिर छलकपटले तपाईको राज्य अर्काले छिनेको छ , तपाईको आफ्नो भन्ने वस्तु आफ्नो साथमा राख्न सक्नु हुन्न भने तपाई आफ्नो अधीनको राज्य आफ्नो साथमा कसरी राख्न सक्नु हुन्छ ? लडाइँद्वारा अर्काको राज्यश्री हर्न तपाईलाई सरम लाग्छ भने राज्यश्री छिनिदिएकोमा अधिक सरम लाग्नुपर्छ ।"[४८] यसरी युद्ध गर्नका लागि उत्साहित गराउँदछ । युद्धमा रथहीन भएको राधेयलाई नियम विपरीत अर्जुनलाई मार्न लगाएको छ । यसरी ऊ प्रतिकूल पात्रको रूपमा आएको छ ।

---

४५. ऐजन, पृ. ३७ ।
४६. ऐजन, पृ. १८ ।
४७. ऐजन, पृ. १५ ।
४८. ऐजन, पृ. १७ ।

**(घ) व्यक्तिगत पात्र**

उपन्यासमा कुटिल जीवनदर्शन लिएको कृष्ण व्यक्तिगत पात्र हो । उसले कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरेको हुनाले ऊ व्यक्तिगत पात्र हो ।

**(ङ) स्थिर पात्र**

यस उपन्यासमा कृष्ण स्थिर पात्रका रूपमा आएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म आफ्नो विचारलाई परिवर्तन नगरेकोले ऊ स्थिर पात्र हो । युधिष्ठिरलाई बहकाएर युद्धमा सामेल गराउने आफ्नो चाहनालाई युधिष्ठिरले जे सुकै भनेर सम्झाए पनि उसले **महाभारत** युद्ध गराएरै छोडेको छ ।

**(च) बद्ध पात्र**

कृष्ण बद्ध पात्रका रूपमा आएको छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ त्यसैले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म स्वयम् उपस्थित भई प्रमुख भूमिका निर्वाह गरेको छ । उसका क्रियाकलापहरू प्रत्यक्ष रूपमा घटित भएका छन् ।

## ३. युधिष्ठिरका चारित्रिक प्रकार

पाँच पाण्डवहरू मध्ये जेठो युधिष्ठिर सत्यवादी र धर्मराजका रूपमा आएको छ । अहिंसा गर्नु हुँदैन भन्ने सत्यका प्रतीक हुँदाहुँदै पनि कृष्णको कुटिल चालमा लागेर युद्धको घोषणा गर्न पुगेको छ । उसलाई राधेयको दृढता देखेर आफू गतिहीन भएको महसुस हुन्छ । राधेयसँग लड्नका लागि भित्रै देखि इच्छा नभएको उसले कृष्णसँग युद्धबाट सत्यको स्थापना सम्भव छैन्, भन्दछ । कृष्णसँग मिलेर द्रोणाचार्यलाई अश्वत्थामा मरेको असत्य कुरा सुनाउछ । आफ्नो सत्यवादीतामा कलङ्क लगाउँछ युद्धमा मरेका मानिसहरूको लास देखेर उनलाई आत्मग्लानी हुन्छ । मानवीय सम्वेदनाले उनलाई विक्षिप्त बनाउँछ । युधिष्ठिरका अगाडि मरेको राधेयको लास (कुन्ती) आफ्नी आमाले यो दाजु हो भनेर चिनाउँछे र युधिष्ठिरले राधेयलाई भारत वर्षको राजा घोषित गर्दछ । कृष्णको चालमा चलेर युद्ध गरेको र आमाले सत्य कुरा लुकाएकोमा उनले पश्चात्ताप गर्दछ । यस

उपन्यासमा ऊ गतिहीन, अनुकूल, बद्ध, व्यक्तिगत, पात्रका रूपमा आएको छ । युधिष्ठिरका चारित्रिक विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) पुरुष पात्र**

युधिष्ठिरलाई उपन्यासमा भने, भन्छन् जस्ता शब्दको प्रयोग गरिएको छ । युधिष्ठिरलाई पुरुष पात्रको रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

युधिष्ठिर भन्छन् "केका लागि लडाइँ ? राज्यका निमित्त ? मान्छे मारेर राज्य ? त्यस्ता राज्यको के काम ?"[४९] यस उदाहरणमा युधिष्ठिरलाई पुरुष पात्रका रूपमा भन्छन् शब्दले चिनाएको छ ।

युधिष्ठिरले कृष्णलाई भने -"राधेय साह्रै नीतिकुशल रहेछ - यसले त लडाइँ नगरी हामीलाई जितिसक्यो ।"[५०] यस उदाहरणमा युधिष्ठिरलाई पुरुष पात्रका रूपमा भने शब्दले चिनाएको छ ।

**(ख) सहायक पात्र**

युधिष्ठिर यस उपन्यासमा सहायक पात्रका रूपमा आएको छ । उपन्यासको कथानकलाई अगाडि बढाउँनका लागि राधेयको भन्दा कम भूमिका रहेकोले ऊ सहायक पात्र हो ।

**(ग) अनुकूल पात्र**

उपन्यासमा सुरुदेखि अन्त्यसम्म उसको कतै पनि नकरात्मक भूमिका देखिएको छैन् । त्यसैले ऊ अनुकूल पात्र हो ।

**(घ) व्यक्तिगत पात्र**

उपन्यासमा सत्यवादी जीवनदर्शन लिएको युधिष्ठिर व्यक्तिगत पात्र हो । उसले कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरेको हुनाले ऊ व्यक्तिगत पात्र हो ।

**(ङ) गतिशील पात्र**

युधिष्ठिरको विचारमा परिवर्तन आएको देखिन्छ । सुरूमा अहिंसा र सत्यवादी युधिष्ठिर युद्ध गर्न चाहँदैन कृष्णले युधिष्ठिरलाई युद्ध गर्नका लागि जति प्रोत्साहन गरे पनि युधिष्ठिर भन्छ "के का लागि लडाइँ ? राज्यका निमित्त ? मान्छे मारेर राज्य ? त्यस्ता राज्यको के काम ? कौरवहरूले राज्य व्यवस्था राम्रैसित संचालन गरेका छन् । प्रजा सुखी छन् ,मैले नै किन राजा

४९. ऐजन, पृ. १६ ।
५०. ऐजन, पृ. २५ ।

हुनुपऱ्यो ।"[५१] प्रस्तुत आफ्नो दृढ सङ्कल्पलाई कृष्णको बहाकाउमा लागेर युद्ध गर्न तयार भएको छ । पहिला युद्ध नगर्ने सिद्वान्तमा अडिक रहेको युधिष्ठिरले पछि युद्धको घोषणा गरेको छ । त्यसकारण ऊ गतिशील पात्र हो ।

**(च) बद्ध पात्र**

युधिष्ठिर बद्ध पात्रका रूपमा आएको छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ त्यसैले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म स्वयम् उपस्थित भई प्रमुख भूमिका निर्वाह गरेको छ । उसका क्रियाकलापहरू प्रत्यक्ष रूपमा मञ्चमा घटित भएका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार अथवा संवाद प्रस्तुत गरेकोले ऊ मञ्चीय पात्रका रूपमा उपस्थित भएको छ ।

## ४. दुर्योधनका चारित्रिक प्रकार

दुर्योधन यस उपन्यासमा सहायक पुरुष पात्रका रूपमा आएको छ । हठी, दानी, र पराक्रमी पात्र, राज्य विभाजन गर्नु भन्दा हक कायम गर्न खोज्नेसित लड्नु वेश ठान्ने पात्र हो । सियोको टुप्पोजति पनि राज्य टुक्राउन नचाहने पात्र हो । राधेयको सहायतामा **महाभारत** जस्तो युद्ध गर्न तयार भएको छ । ऊ युद्धका लागि लालायित भएको छ, उसलाई युद्धको लागि अन्तस्करणबाट प्रेरणा दिने राधेय हो । मित्र राधेयको सहायतामा युद्धमा अग्रसर भए पनि कहिलेकाहीँ अरुका कुरा सुनेर शङ्का पनि गर्न पुग्दछ । भीष्मले आफ्नो सेनापतित्वमा राधेयलाई अस्वीकार गरेपछि उसलाई राधेयको अनादर भए जस्तो लाग्छ । ऊ उपन्यासमा अनुकूल, व्यक्तिगत, बद्ध, स्थिर र मञ्चीय पात्रका रूपमा आएको छ । उसका चारित्रिक विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) पुरुष पात्र**

उपन्यासमा दुर्योधनलाई भन्यो, गऱ्यो जस्ता शब्दहरूको प्रयोग भएको हुनाले ऊ पुरुष पात्र हो दुर्योधनलाई पुरुष पात्रको रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

---

५१. ऐजन, पृ. १६ ।

दुर्योधनले भन्यो -"राधेय ! यी कुरा खानसम्मका लागि मीठा छन् तर साधारण मान्छेले पचाउन सक्तैन ।"[५२] यस उदाहरणमा भन्यो शब्दले उसलाई पुरुष पात्रका रूपमा चिनाएको छ ।

दुर्योधनले आफ्ना पितामहलाई दण्डवत् प्रणाम गऱ्यो र विजय प्राप्तिको आशिष माग्यो । यस उदाहरणमा गऱ्यो र माग्यो  शब्दले उसलाई पुरुष पात्रका रूपमा चिनाएको छ ।

**(ख) सहायक पात्र**

दुर्योधन यस उपन्यासमा सहायक पात्रका रूपमा आएको छ । उपन्यासको कथानकलाई अगाडि बढाउँनका लागि राधेयको भन्दा कम भूमिका रहेकोले ऊ सहायक पात्र हो ।

**(ग) अनुकूल पात्र**

दुर्योधन यस उपन्यासमा अनुकूल पात्रका रूपमा आएको छ । उसले राधेयलाई विश्वास गरि युद्धमा होमिएको छ । मित्र राधेयलाई कुनै कुनै ठाउँमा शङ्का गरे पनि उसकै सहायताबाट युद्ध जित्ने आश राखेको छ । युद्धको समयमा एक पक्षको अन्न पानी सकियो भने अर्को पक्षले आपूर्ति गर्ने कुरामा पहिला असहमति प्रकट गरे पनि राधेयको आग्रहपछि सहमतिमा आएको छ । यसरी ऊ अनुकूल पात्र हो ।

**(घ) व्यक्तिगत पात्र**

उपन्यासमा दुर्योधन हठी, दानी, पराक्रमी पात्र, राज्य विभाजन गर्नु भन्दा हक कायम गर्न खोज्नेसित लड्नु वेश ठान्ने पात्र भएकोले व्यक्तिगत पात्र हो । उसले कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरेको हुनाले ऊ व्यक्तिगत पात्र हो ।

**(ङ) स्थिर चरित्र**

उपन्यासमा दुर्योधन स्थिर चरित्रका रूपमा आएको छ । राज्य विभाजन नगर्ने आफ्नो अडानलाई परिवर्तन गरेको छैन । उपन्यासमा उसले भनेको छ - "राज्य जति छ त्यो सबै अभिन्न अङ्ग हो त्यसबाट एक सियो काटेपनि आधा काटेपनि विभाजन भइगयोनि ! राज्यको विभाजन गर्नु भन्दा बरु लड्नु निको ।"[५३] यसरी उसले आफ्नो विचारलाई परिवर्तन गरेको छैन, त्यसैले ऊ स्थिर चरित्र हो ।

---

५२. ऐजन, पृ. २५ ।
५३. ऐजन, पृ. १६ ।

(च) **बद्ध पात्र**

दुर्योधन बद्ध पात्रका रूपमा आएको छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ र **महाभारत** युद्धको एक पक्षको नेतृत्व गर्ने दुर्योधन भएकोले ऊ बद्ध पात्र हो ।

(छ) **मञ्चीय पात्र**

उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म स्वयम् उपस्थित भई प्रमुख भूमिका निर्वाह गरेको छ । उसका क्रियाकलापहरू प्रत्यक्ष रूपमा घटित भएका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार अथवा संवाद प्रस्तुत गरेकोले ऊ मञ्चीय पात्रका रूपमा उपस्थित भएको छ ।

## ५. भीष्मका चारित्रिक प्रकार

हस्तिनापुर दरबारको रक्षक मानिने पाण्डव र कौरवको पितामह हो । इच्छामरणको वरदान पाएको महान योद्धा हो । वृद्धा अवस्थामा पनि शौर्य र साहस यथावतै देखिने भीष्म ले युद्ध नहोस भन्ने चाहना राख्दैन । दुर्योधनले सेनापतित्वको ग्रहण गर्न उसलाई आग्रह गरेपछि अहम र उत्साहका साथ सेनापतित्व ग्रहण गरी लड्न तयार भएको छ । जुन पक्षको विजय भए पनि कुन्तीको विजय हुने देखेर चिन्तित छ । यस उपन्यासमा ऊ प्रतिकूल चरित्रका रूपमा आएको छ । दुर्योधनको पक्षबाट लडाइँ लडेपनि पाण्डवहरूलाई पनि उत्तिकै माया गर्छ । ऊ यस उपन्यासमा प्रतिकूल, व्यक्तिगत, बद्ध, मञ्चीय पात्रका रूपमा आएको छ । उसका चारित्रिक विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

(क) **पुरुष पात्र**

यस उपन्यासमा भीष्मलाई भने क्रियापद र उसको नामबाट ऊ पुरुष पात्र हो । भीष्मलाई पुरुष पात्रका रूपमा निम्न उदाहरणबाट चिनाउन सकिन्छ :

भीष्मले भने - “मेरा प्यारा नाति राजा ! तिमीसित पनि म केही अनकनाएर भने पनि एउटा कुरा विछ्याउन चाहान्छु ।”[५४] यस उदाहरणमा भीष्मलाई भने शब्दले पुरुष पात्रका रूपमा चिनाएको छ ।

---

५४. ऐजन, पृ. ४२ ।

**(ख) सहायक पात्र**

यस उपन्यासमा सहायक पात्रका रूपमा आएको छ । उपन्यासको कथानकलाई अगाडि बढाउँनका लागि राधेयको भन्दा कम भूमिका रहेकोले ऊ सहायक पात्र हो ।

**(ग) प्रतिकूल पात्र**

यस उपन्यासमा भीष्मलाई प्रतिकूल पात्रका रूपमा चित्रण गरिएको छ । हस्तिनापुर दरबारमा जरा जेलेर बसेको जर्जर वृक्ष हो । यो खडा रहँदा पनि त्रास दिइरहन्छ । लड्दा पनि धेरै भताभुङ्ग पार्छ भन्ने भनाईबाट ऊ प्रतिकूल पात्र हो । उसले चाहेको भए **महाभारत**को युद्ध हुन सम्भव थिएन । कौरव र पाण्डवमा जता जो लागे पनि सबै उसका रचनाका प्रजा थिए । दुई पक्षमा युद्ध हुन नदिएर तिनको रक्षा गर्न सक्थ्यो त्यसैले ऊ प्रतिकूल पात्रका रूपमा आएको छ ।

**(घ) व्यक्तिगत पात्र**

इच्छा मरणको वरदान पाएको महान योद्धा हो । उसले कुनै वर्ग विशेषको प्रतिनिधित्व गरेको छैन । त्यसैले ऊ व्यक्तिगत पात्र हो ।

**(ङ) स्थिर चरित्र**

उपन्यासको सुरुदेखि अन्त्यसम्म विचारमा परिवर्तन नआएकोले स्थिर पात्रका रूपमा आएको छ ।

**(च) बद्ध पात्र**

भीष्म बद्ध पात्रका रूपमा आएको छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ र **महाभारत** युद्धमा दुर्योधन पक्षको सेनापतित्वको नेतृत्व गर्ने भीष्म भएकोले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

भीष्मका क्रियाकलापहरू प्रत्यक्ष रूपमा घटित भएका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार अथवा संवाद प्रस्तुत गरेकोले ऊ मञ्चीय पात्रका रूपमा उपस्थित भएको छ ।

## ६. कुन्तीका चारित्रिक प्रकार

कुन्ती सहायक नारी पात्रका रूपमा आएकी छ। कुमारी अवस्थामा नै सूर्यसँगको संसर्गबाट कर्णलाई जन्माई नदीमा बगाउने कुन्ती पाण्डुकी पत्नी, पाण्डव र कर्णकी आमा हो । यथार्थवादी तर जटिल मानसिकता बोकेकी पात्र हो । आफ्ना छोराहरू बीच युद्ध हुने थाहा पाएपछि उसले कर्णकहाँ गएर भाइहरूलाई नमार्ने भिख मागेकी छ । कर्णलाई जिउँदो छदा पाण्डवहरूसँग तिमीहरूको दाजु हो भन्न नसक्ने कुन्ती प्रतिकूल पात्र हो । लडाइँ भइरहेको बेला आफ्ना छोराहरूको शिविरमा बस्न नसकेर ऊ हस्तिनापुर दरबारमा विदुरकोमा बस्न पुगेकी छ । लडाइँको मैदानमा युद्धको अन्त्य भएपछि पुगेकी कुन्तीले कर्णको लासलाई देखाएर यो तिम्रो दाजु हो यसको विधिवत् संस्कार गर भन्छे । यस उपन्यासमा कुन्ती व्यक्तिगत, प्रतिकूल, बद्ध र मञ्चीय पात्रका रूपमा आएकी छ । कुन्तीका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

### (क) स्त्री पात्र

कुन्तीलाई यस उपन्यासमा स्त्री पात्रका रूपमा चिनाउनका लागि उसको नाम र उसलाई भनिन्, गर्थिन बटुल्थिन जस्ता शब्दहरू प्रयोग गरेबाट ऊ स्त्री पात्र हो । प्रस्तुत उदाहरणबाट स्त्री पात्रका रूपमा चिनाउँन सकिन्छ : उनले भनिन्-"धरतीमा जति पनि प्राणी छन् -तिम्रै सन्तति हुन् । तिम्रो ताप नपाईकन को प्राणवान हुन सक्छ ।"[५५] यस उदाहरणमा भनिन् शब्दले कुन्तीलाई स्त्री पात्रका रूपमा चिनाएको छ ।

कुन्ती बारम्बार सूर्यको प्राथना गर्थिन, कर्णको सामु उपस्थित हुने साहस बटुल्थिन । सूर्यलाई साक्षी राखेर भन्नेछु -"म तिम्री पापिनी आमा हुँ । नपत्याउन्जेलसम्म बारम्बार भनिरहनेछु ।"[५६] प्रस्तुत उदाहरणमा कुन्तीलाई गर्थिन र पापिनी आमा हुँ भन्ने भनाइले स्त्री पात्रको रूपमा चिनाएको छ ।

### (ख) सहायक पात्र

कुन्ती यस उपन्यासमा सहायक पात्रका रूपमा आएकी छ । उपन्यासको कथानकलाई अगाडि बढाउँनका लागि राधेयको भन्दा कम भूमिका रहेकोले ऊ सहायक पात्र हो ।

---

५५. ऐजन, पृ. ४३ ।
५६. ऐजन, पृ. ४४ ।

**(ग) प्रतिकूल पात्र**

कर्णलाई जन्माएर काठको बन्द बाकसमा बन्द गरी आफ्नो अस्तित्व बचाइ राख्नका लागि आफ्ना छोरालाई नदीमा बगाइदिने कुन्ती प्रतिकूल पात्र हो । कुन्तीले चाहेको भए दुई पक्ष बीच युद्ध हुने थिएन । आफ्ना छोराहरू बीचमा लडाइँ गराउने आफ्नो छोरालाई पनि अरु सामु आफ्नो छोरो भन्न नसक्ने पात्र हो । त्यसैले ऊ प्रतिकूल पात्र हो ।

**(घ) व्यक्तिगत पात्र**

उसले आफ्नो मात्र प्रतिनिधित्व गरेकी छ । उसले कुनै वर्ग विशेषको प्रतिनिधित्व गरेकी छैन । त्यसैले ऊ व्यक्तिगत पात्र हो ।

**(ङ) स्थिर पात्र**

उपन्यासको सुरुदेखि अन्त्यसम्म विचारमा परिवर्तन नआएकोले स्थिर पात्रका रूपमा आएकी छ ।

**(च) बद्ध पात्र**

कुन्ती बद्ध पात्रका रूपमा आएकी छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ । त्यसैले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

कुन्तीका क्रियाकलापहरू प्रत्यक्ष रूपमा मञ्चमा घटित भएका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार अथवा संवाद प्रस्तुत गरेकोले ऊ मञ्चीय पात्रका रूपमा उपस्थित भएकी छ ।

## ७. महादेवी (राधेयकी पत्नी) का चारित्रिक प्रकार

यस उपन्यासमा महादेवी सहायक नारी पात्रका रूपमा आएकी छ । सरल स्वाभाव भएकी यथार्थवादी पात्र हो कृष्ण र कर्णका बीचको गोप्य कुरालाई जान्न चाहने ऊ दुर्योधनकी पत्नीले भनेको मान्ने कर्ण र कृष्ण बीचका गोप्य कुरा महारानी कहाँ पुऱ्याउनका लागि सुनको हार उपहार लिनपछि नपर्ने पात्र हो । राधेयको राजा हुने चाहना छैन्, तर महादेवीले रानी बन्ने तीव्र इच्छा प्रकट गरेकी छ । जिउँदो हुँदा राजा हुन नचाहने कर्ण मरेपछि भारत वर्षको राजा घोषित भएको

छ भने महादेवीको रानी बन्ने इच्छा कहिल्यै पुरा भएन । महादेवीका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) स्त्री पात्र**

उपन्यासमा उसलाई उसले भनी, जिद्दी गरी, थपी र उसको नाम शब्दबाट ऊ स्त्री पात्र हो । महादेवीलाई स्त्री पात्रका रूपमा निम्न उदाहरणबाट चिनाउँन सकिन्छ :

उसले भनी - "अब म आँफै होसमा आए मैले जिद्दी गरे विराएँ अब मैले सुन्नु पर्दैन ।"[५७] यस उदाहरणमा भनी शब्दले उसलाई स्त्री पात्रका रूपमा चिनाएको छ ।

राधेयकी पत्नीले जिद्दी गरी - "मेरो कुरा सुन्नुहोस् , मेरो कुरा नसुने म भरे सम्म मेरो आफ्नो वेथाले पाकिसक्नेछु ।"[५८] यस उदाहरणमा महादेवीलाई जिद्दी गरी शब्दले स्त्री पात्रका रूपमा चिनाएको छ ।

**(ख) सहायक पात्र**

महादेवी यस उपन्यासमा राधेयकी पत्नी सहायक नारी पात्रका रूपमा आएकी छ ।

**(ग) अनुकूल पात्र**

महादेवी उपन्यासमा उपस्थित भएदेखि नकरात्मक व्यवहारहरू नदेखाएकोले ऊ अनुकूल पात्र हो ।

**(घ) व्यक्तिगत पात्र**

उसले आफ्नो मात्र प्रतिनिधित्व गरेकी छ । त्यसैले ऊ व्यक्तिगत पात्र हो ।

**(च) बद्ध पात्र**

महादेवी बद्ध पात्रका रूपमा आएकी छ । उसको चरित्रसित उपन्यासका घटनावली बाँधिएर आएका छन् । उसलाई यस उपन्यासबाट निकाल्ने हो भने उपन्यासको संरचना भत्किन्छ । त्यसैले ऊ बद्ध पात्र हो ।

---

५७. ऐजन, पृ. २६ ।
५८. ऐजन, पृ. २७ ।

**(छ) मञ्चीय पात्र**

महादेवीका क्रियाकलापहरू प्रत्यक्ष रूपमा घटित भएका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार अथवा संवाद प्रस्तुत गरेकोले ऊ मञ्चीय पात्रका रूपमा उपस्थित भएकी छ ।

## ८. अर्जुनका चारित्रिक प्रकार

अर्जुन यस उपन्यासमा सहायक पुरुष पात्रका रूपमा आएको छ । उसलाई प्रतिकूल, बद्ध, मञ्चीय, व्यक्तिगत, स्थिर पात्रका रूपमा चित्रण गरिएको छ । कर्णको रथ भासिएको मौका पारी युद्धको नियम विपरीत उसले कर्ण माथि वाण प्रहार गरेको छ । त्यसैले ऊ प्रतिकूल पात्र हो । उसले आफ्नो बाहेक अन्य वर्गको प्रतिनिधित्व गरेको छैन् । **महाभारतको** युद्धमा उसको भूमिका धेरै हुनाले ऊ बद्ध पात्र हो । स्वयम् आफूउपस्थित भई कार्यव्यापार प्रस्तुत गरेकोले ऊ मञ्चीय पात्र हो ।

## ९. महारानीका चारित्रिक प्रकार

दुर्योधनकी पत्नी महारानी गौण स्त्री पात्र हो । कर्ण र कृष्णका बीचको रहस्य जान्न चाहने र उक्त कुरा जान्नको लागि महादेवीलाई प्रयोग गरेकी छ । उपन्यासमा ऊ मुक्त, नेपथ्य, अनुकूल, व्यक्तिगत पात्र हो ।

## १० राधाका चारित्रिक प्रकार

कर्णकी धर्म आमा राधा प्रस्तुत उपन्यासमा अत्यन्त सरल स्वाभावी, आदर्शवादी चारित्रिक विशेषताले युक्त पात्रका रूपमा उपन्यासमा सहभागी भएकी छ । आफ्नो छोरो होइन भन्ने जान्दा जान्दै पनि उसलाई पुत्रवत् पालन पोषण गरेकी छ । मातृत्वको अपार स्नेह बोकेकी आदर्श आमाका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । ऊ अनुकूल पात्र हो उसले कर्ण आफ्नो छोरो नभए पनि उसको भलो चिताएकी छ । उसले मातृस्नेहले युक्त आमाहरूको प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय पात्र हो । बद्ध र मञ्चीय पात्र हो

## ११ इन्द्रका चारित्रिक प्रकार

इन्द्र यस उपन्यासमा गौण पुरुष पात्र हो । प्रतिकूल पात्र हो । इन्द्र कर्ण समक्ष मगन्तेको भेषमा आएर मलाई राज्यका धनधान्य केही चाहिन्न तपाईले ग्रहण गरेका कुण्डल र कवच

दिनुहोस् भनी कर्णलाई विभूषित र प्रदीप्त देखाउने चीज उतारि दिएको छ । ऊ कुटिल चाल चल्न सक्ने पात्र हो ।

## १२ सूर्यका चारित्रिक प्रकार

सूर्य यस उपन्यासमा गौण पुरुष पात्र हो । अनुकूल, व्यक्तिगत, नेपथ्य र मुक्त पात्रका रूपमा आएको छ । कर्णलाई आफ्ना अमूल्य समान कसैलाई नदिन भन्ने कर्णको भलो चाहने पात्रका रूपमा सूर्य आएको छ । सूर्यले भन्दछन् -"तिमीले जसले जे मागे पनि दिन्छौ भोलि त्यसो नगरे तिमीसित सबभन्दा अमूल्य वस्तु जे छन् त्यही मागिने छन् ।"[५९] भोलि हुने अनिष्टलाई आज नै थाहा दिएर कर्णलाई बचाउँन खोजेको छ ।

## १३ शकुनिका चारित्रिक प्रकार

शकुनि यस उपन्यासमा गौण पुरुष पात्र हो । प्रतिकूल अवसरवादी पात्र हो । दुर्योधनलाई कुटिल उपाय बताउने युधिष्ठिरलाई युद्धबाट जिउँदै पक्रिएर कौरवहरूलाई आफ्नो शीविरमा ल्याउने र पुन : उसलाई जुवा खेलाउने प्रतिकूल, मुक्त, नेपथ्य व्यक्तिगत पात्र हो ।

यस उपन्यासका अन्य पात्रहरूलाई समग्रमा निम्नानुसार देखाइएको छ :

विदुर यस उपन्यासमा गौण पुरुष पात्र हो । महाभारतको युद्धमा सेनापतिको नेतृत्व गरेका भीष्मलाई विदुरले तपाईले **महाभारत**को युद्धमा दुर्योधनको पक्ष स्वीकार गर्नु भएको हो, भन्ने प्रश्न गर्दै विदुर देखापरेको हो । मुक्त, नेपथ्य, व्यक्तिगत पात्र हो । शिखण्डी पनि गौण पुरुष पात्र हो । युधिष्ठिरले  भीष्मलाई तपाई बाँचे सम्म हामी लडाइँ जित्न सक्दैनौँ, त्यसकारण तपाईलाई मार्ने उपाय के हो ? भनी प्रश्न गर्दा भीष्मले खुसी भएर  भने -  "नपुंसकका उपर म शस्त्रास्त्र प्रहार गर्न सक्तिनँ । तिम्रो पक्षमा एक नपुंसक छँदै छ - शिखण्डी । त्यसैलाई अगाडि सारेर ममाथि प्रहार गर म लडिहाल्नेछु ।"[६०] भन्ने क्रममा शिखण्डी आएको छ । उसलाई उपन्यासमा प्रतिकूल, मुक्त, नेपथ्य पात्रका रूपमा चित्रण गरिएको छ । अश्वत्थमा गौण पुरुष पात्र हो । युद्ध मैदानमा द्रोणाको छोरो मरे भन्ने  हल्ला फिँजाइने क्रममा आएको हो । उसको नाम उच्चारण मात्र भएको छ । ऊ मुक्त, नेपथ्य पात्र हो । गुरु भार्गव गौण पुरुष पात्र हो । अधम कुलको मनुष्यलाई शस्त्रास्त्रविद्या सिकाउने चलन थिएन कर्णले आफूलााई बाह्मण भनेर गुरु भार्गवबाट शिक्षा लिएका थिए ।

---

५९. ऐजन, पृ. ३३ ।
६०. ऐजन, पृ. ६७ ।

शस्त्रास्त्रविद्यामा कर्ण निपुण भए एकदिन उनले आफ्नो प्यारो चेलोको काख सिरान बनाएर सुतेका थिए त्यही समयमा विषालु सर्प आएर कर्णको खुट्टामा टोक्यो उसको खुट्टाबाट रगत बग्यो पछि भार्गव बिउँझिए भुइँमा रगत जमेको देखे कर्णले आफ्ना गुरुलाई वृत्तान्त सुनाए गुरु खुसी हुनुको बदलामा कर्णसित रिसाएर भने तैले जात ढाँटिछस्, बाह्मणले यसरी दंश सहन गरिरहन्न अवश्य त क्षत्रीय हुनुपर्छ भन्ने क्रममा गुरु भागर्वको उपस्थित भएको हो । मुक्त नेपथ्य पात्र हो । भीम यस उपन्यासमा गौण पुरुष पात्रका रूपमा आएको छ । द्रोणाचार्य आगो भएर लडाइँमा जाइ लागे पाण्डवहरूसित त्यसको प्रतिशोध गर्ने शास्त्र केही थिएन । युधिष्ठिरले असत्य बोले पनि द्रोणाचार्यको साहस देखेपछि पाण्डव पक्ष निराम भएको बेलामा हँसमुख भीमको उपस्थिति भएको हो । नेपथ्य र मुक्त पात्र हो । धृष्टधुम्न गौण पुरुष पात्रका रूपमा आएको छ । उसलाई उपन्यासमा व्यक्तिगत, नेपथ्य, मुक्त पात्रका रूपमा चित्रण गरिएको छ । धृष्टधुम्नले द्रोणाको टाउको काटेर भीमसेन समक्ष प्रस्तुत गरिदिएको छ । घटोत्कच गौण पुरुष पात्रका रूपमा आएको छ । धृष्टधुम्नले द्रोणको टाउको काटेर भीमसेन समक्ष प्रस्तुत गरिदिएको छ कर्णले भीमसेनलाई स्यावास् **महाभारतमा** युद्धको लायक त रहेछस् आफ्नो भाइ भन्ने अधिकार दे मैले तेरो घटोत्कचलाई मतिभ्रम भएर  मारे भन्ने क्रममा घटोत्कचको नाम मात्र उच्चारण भएको छ । त्यसैले ऊ मुक्त र नेपथ्य पात्र हो । अभिमन्यु गौण पुरुष पात्रका रूपमा आएको छ । द्रोणाको सेनापतित्वकालमा अभिमन्युसित युद्ध गर्दा एउटा वीरले गर्न नहुने त्रुटि गरेकोमा उनी पश्चात्ताप गरिरहेको सन्दर्भमा अभिमन्युको नाम उच्चारण भएको छ । शल्य गौण पुरुष पात्र हो । कर्णको मृत्युपछि दुर्योधनकले शल्यलाई सेनापति बनाई दुई दिन सम्म लड्यो भन्ने प्रसङ्गमा शल्यको उपस्थित भएको छ । मुक्त र नेपथ्य पात्र हो । माता गान्धारी, पिता धृतराष्ट्र र द्रुपदको  सामान्य नाम मात्र उच्चारण भएको छ ।

## ४.३.४ समूहवाचक नाम सहभागीहरू

समूहवाचक नाम सहभागीहरूलाई लिङ्गका आधारमा, आबद्धताका आधारमा आदिबाट छुट्टाएर तालिकामा देखाउन नसकिने हुनाले समूहवाचक नाम सहभागीहरूको चारित्रिक विशेषतालाई समग्रमा निम्नानुसार देखाइएको छ :

सिपाहीहरू, राजाहरू, गुरूपुरोहितहरू, सन्देशवाहक, मुखियाहरू र भीष्मका गुप्तचरहरू समूहवाचक नाम सहभागीका रूपमा आएका छन् । कौरव र पाण्डवहरूका बीचमा युद्धको घोषणा भएपछि राजाहरू, गुरूपुरोहितहरू र मुखियाहरूलाई एकपक्षमा लाग्नुपर्ने अवस्था आएको छ । एक

पक्षको समर्थन गर्नु पर्ने बाध्यताका कारण एक पक्षमा लागे पनि अनुकूल पात्रका रूपमा आएका छन् । यिनीहरूले कुनै वर्ग विशेषको प्रतिनिधित्व गरेको हुनाले वर्गीय पात्र हुन् । उपन्यासको कथानकसँग बाँधिएर नआएकोले मुक्त र नेपथ्य पात्रहरू हुन् । दुर्योधनकी रानीले कर्णकी पत्नी महादेवी समक्ष सन्देश पठाउने क्रममा सन्देशवाहकको उपस्थिति भएको छ । यसको पनि उपन्यासमा सामान्य रूपमा नाम मात्र उल्लेख भएको छ । राधेयलाई कृष्णले तिमी राधेय नभई कौन्तेय हौ भन्ने सन्दर्भमा राधेयले सत्य हुँदैमा कुनै कुरा मनुष्यजीवनमा विश्वसनीय ठहरिँदैन । मेरा बाबु आमा राधादम्पति हुन्, भन्ने प्रसङ्गमा राधादम्पति आएका छन् । कर्ण आफ्नो छोरो होइन भन्ने थाहा पाउदा पाउँदै पनि पुत्रवत् व्यवहार गरेर कर्णलाई राखेका छन् । यिनीहरू उपन्यासमा अनुकूल, मुक्त र नेपथ्य पात्रका रूपमा आएका छन् । युद्ध समाप्त भएपछि युद्धभूमिमा हजारौँ सिपाहीहरू पल्टिरहेका थिए भने र सिपाहीहरूको नाम मात्र उच्चारण गरिएको छ ।

## ४.४ द्वन्द्वको अवसान उपन्यासका व्यक्तिवाचक नाम सहभागीहरूको चारित्रिक अभिलक्षण

| पात्र / अभिलक्षण | राधेय | कृष्ण | युधिष्ठिर | भीष्म | कुन्ती | दुर्योधन | इन्द्र | राधा | महादेवी | अर्जुन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सत्यवादी | + | - | + | - | - | - | - | - | - | - |
| पश्चात्तापी | + | | + | | | + | | | + | |
| मानवतावादी | - | - | + | - | - | - | - | - | - | - |
| दानवीर | + | - | - | - | - | - | + | - | - | - |
| वीर | + | - | - | + | - | - | - | - | - | + |
| कपटी | | + | | + | + | - | - | - | - | - |
| मित्रताको भाव | + | - | - | - | - | - | - | - | - | - |
| धार्मिक | + | - | - | - | + | - | - | - | - | - |
| अस्तित्ववादी | + | - | - | + | + | - | - | - | - | - |
| क्रोधी | - | + | - | + | - | - | - | - | - | - |
| ईर्ष्यालु | - | + | - | + | - | - | - | - | - | - |
| दृढता | + | - | - | - | - | + | - | - | - | - |
| शुश्रूषु | - | - | - | - | - | | - | + | + | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शङ्काल‌ु | - | - | - | - | - | + | - | - | - | - |
| कर्ममा विश्वास गर्ने | - | - | - | + | - | - | - | - | - | - |
| स्नेही आमा | - | - | - | - | + | - | - | - | - | - |

## ४.४.१.राधेयका चारित्रिक अभिलक्षण

जन्माउन साथ नदीमा फालिएको राधेय दानवीर र रणवीर दुबै रूपमा प्रस्तुत भएको छ । अर्जुनले निम्न कुलको भनेको, इन्द्रले कवच-कुण्डल धुतेको सत्यवादी, धार्मिक, पश्चात्तापी मित्रताको भाव प्रबल भएको दृढता आदर्शको अविचलित प्रतिमुर्ति भएर देखिने आफू पाण्डवहरूको जेठो दाजु भएको थाहा पाउँदा पाउँदै पनि मित्रताको स्थापनाका लागि दुर्योधनकै पक्ष लिन पुगेको छ । बलवान् भएर पनि घमण्ड नभएको धैर्यशील पारिवारिक रूपमा उत्तिकै व्यवहारिक देखिएको छ । द्रौपदीको चीरहरण गर्दा दुर्व्यवहार गरेको र अभिमन्युलाई मारेपछि उसलाई पश्चात्ताप भएको छ । पश्चात्तापी पात्रका रूपमा राधेयलाई यस उपन्यासमा चित्रण गरिएको छ । राधेयका अभिलक्षणलाई निम्नानुसार देखाउन सकिन्छ :

### १ सत्यवादी

राधेय यस उपन्यासमा सत्यवादीका रूपमा आएको छ । उसले सत्यलाई वकालत गर्न चाहेको छ । उपन्यासमा उसले भनेको छ- विनाश आधार स्तम्भ विचलित भयो । मरणशील मनुष्य पापी होउन वा धर्मात्मा, एउटै आधारमा अडिएका छन, एउटै मैदानमा खडा छन् । त्यसकारण परस्पर सङ्घर्षका निमित्त भेट गर्छन् । “मैदानमा भूइँचालोको धक्का लाग्यो भने पापीहरू मात्रै मर्ने छन् र आधार स्थिर रहे नै सङ्घर्षद्धारा सत्यको स्थापना हुन सक्छ ।”[६१] यसरी ऊ सत्यवादीका रूपमा आएको छ । मैदानमा भूइँचालोको धक्का लाग्यो भने पापीहरू मात्रै मर्ने छन् भन्दै आफुलाई सत्यवादीका रूपमा स्थापित गरेको छ ।

### २ पश्चात्तापी

द्रोणाको सेनापतित्व कालमा अभिमन्युसित युद्ध गर्दा अभिमन्यु मारिएपछि एउटा वीरले गर्न नहुने - त्रुटि गरेकोमा उसले पश्चात्ताप गरेको छ । कुन्तीले राधेयसित भनेकी थिई “तिमीहरूले

६१. ऐजन, पृ. ५ ।

पाण्डवहरू माथि आक्रमण नगरिदेऊ ।"[६२] अर्जुन बाहेक अरु उपर आक्रमण गर्ने छैन भनी वचन दिएका राधेयले अर्जुनसित लड्नका लागि सञ्चित गरेर राख्नुपर्ने विवेक र शक्ति कुन्तीका कलिला नातिहरूसित लड्दा दुरूपयोग गरे आफ्ना भतिजाहरूलाई मैले आफू उपर प्रहार गर्न दिएको भए पनि यो प्रहार कति शीतल र नरम हुन्थ्यो होला । जीवनको ठूलो आनन्द मैले गुमाएँ प्रतिद्वन्द्वी अर्जुनसित लड्ने शक्ति खेर फाले जीवनको आनन्द गुमाएँ भन्दै राधेयले पश्चात्ताप गरेको छ ।

अभिमन्युको वधपछि राधेय स्वयम् अति दुःखी थिए त्यसमा पनि कृष्णले दुःखेको घाउ कोट्याएर पीडालाई असहय बनाइदिए । उपन्यासमा राधेयले कृष्णलाई भनेको छ -"कृष्ण म देवता होइन, मनुष्य हुँ मैले आफुले गरेको अपराधमा म लज्जित छु त्यसको प्रायश्चित मैले गर्नु पर्दछ । म मर्न चाहन्छु युद्धमा छाती थापी थापीकन ।"[६३] उसले आफूले गरेको अपराधमा पश्चात्ताप गर्दै पापको प्रायश्चित गर्न युद्धमा छाती थापीकन मर्न चाहेको भाव व्यक्त गरेको छ ।

**३ दानी**

यस उपन्यासमा राधेय दानी व्यक्तिका रूपमा आएको छ । इन्द्रलाई कुण्डल र कवच दिदा होस् कुन्तीलाई पाण्डवहरूसँग नलड्ने भिक्षा दिदा दानी व्यक्तिका रूपमा आएको छ । उसको सदाको धर्म थियो,उपासनाबाट निवृत्त भएको बेला जसले जे माग्छ सदैव नै दिन्थ्यो । त्यही मौका पारेर कृष्णले इन्द्रलाई कवच र कुण्डल माग्न पठाएको थियो । राधेयको सम्पतिको नाममा कवच र कुण्डल थियो कुण्डलले विभूषित र प्रदिप्त देखिन्थ्यो, उसको मुखाकृतिबाट जुन तेज निस्कन्थ्यो त्यसको स्रोत त्यही कर्ण-कुण्डल थियो, उनको स्वरूपबाट जुन वीरता स्वतः प्रदर्शित हुन्थ्यो त्यसको आधार उसको विशाल वक्षस्थलमा लागेको कवच थियो । राधेयलाई शक्तिदिने कवच र कुण्डल उतरिदिएर शक्तिहीन बनाउनका लागि कृष्णले इन्द्रलाई मगन्तेको भेषमा पठाएको थियो । राधेयले इन्द्रलाई चिन्यो र राजा इन्द्रलाई आफ्ना शक्ति मानिएका कवच र कुण्डल दिन पुगेको छ । जन्मदात्री आमा कुन्तीले अर्जुन भन्दा अतिरिक्त अरु उपर प्रहार नगर्ने वचनको भिख माग्दा उनले अर्जुन बाहेक अन्य पाण्डव माथि प्रहार नगर्ने वचन दिएको हुनाले राधेय दानवीरका रूपमा कहलिएको छ । उपन्यासमा उसलाई सूर्यको माध्यमबाट दानीका रूपमा देखाइएको छ । सूर्यले भने - "हे भक्त ! हे पुत्र ! तिमी दानी छौ भन्ने कुरा मैले सुनेको र देखेको पनि छु । तिमीले जे मागे

६२. ऐजन, पृ. ४९ ।
६३. ऐजन, पृ. ७८ ।

पनि दिन्छौ ।"[६४] प्रस्तुत उदाहरणमा सूर्यले कर्णलाई जसले जे मागे पनि दिने गरेको र भोलि त्यसो नगर्न सल्लाह दिएबाट ऊ दानवीर छ भन्ने कुरा प्रष्ट हुन्छ ।

### ४ वीर

राधेय यस द्वन्द्वको अवसान उपन्यासमा एक वीर नायकका रूपमा उपस्थित छ । उसको तुलना केवल अर्जुनसित मात्र गरिन्छ । राधेयले दुर्योधनको पक्ष लिएको र राधेय वीर भएको कारण कृष्णले पाण्डव पक्षतिर मिलाउनका लागि कुटनीतिज्ञ प्रयास गरको छ । राधेयलाई जात न कुलको भनी अपमान गर्ने व्यक्ति अर्जुन भएको हुदाँ अर्जुनसँग आफ्नो वीरताको प्रदर्शन गर्न चाहेको छ ।

### ५ मित्रताको भाव

राधेयमा मित्रताको भाव प्रबल रहेको छ । कृष्णले देखाएको राजा हुने लोभलाई त्यागेर दुर्योधनकै पक्षमा अविचलित रूपमा रहेबाट मित्रताको भाव रहेको प्रष्ट हुन्छ । कृष्णले प्रलोभन देखाए पनि जन्मदात्री आमाले पाण्डवहरूसँग नलड्ने भिक्षा मागे पनि उनले मित्र दुर्योधनका लागि अर्जुनसित मात्र भए पनि लड्ने प्रतिज्ञा गरेको छ । उपन्यासमा उसले भनेको छ : "दुर्योधन मेरो मित्र हो, उसको पाप र पुण्यसित मलाई सरोकार छैन । एउटा मित्रलाई सहायता गर्नु मेरो धर्म हो यही मेरो सिद्धान्त हो ।"[६५] दुर्योधनको पाप र पून्यसित सम्बन्ध छैन मित्रतालाई सहायता गर्नु उसले सबै भन्दा ठुलो धर्म ठानेको छ ।

दुर्योधनले आफुले राधेयको भरोसामा युद्ध गर्न लागेको र राधेयले आफूप्रति देखाएको मित्रताको भावलाई यसरी व्यक्त गरेको छ : मित्र राधेय ! युद्धका लागि लालायित छु, उद्यत छु । युद्धका लागि मलाई मेरो अन्तस्करणबाट ठुलो प्रेरणा मिलिरहेको छ । तर राधेय यस प्रेरणाको मूलमा तिमी निहित छौँ । राधेयले भन्छ - "राजा दुर्योधन ! म एक मित्रका निमित्त मर्नेछु आवश्यकता परे मित्र भन्दा पहिले मर्नेछु ।"[६६] राधेयले मित्रका लागि आफू मित्र भन्दा पनि पहिले मर्न तयार रहेको भाव व्यक्त गरेको छ ।

---

[६४] ऐजन, पृ. ३३ ।
६५. ऐजन, पृ. ४ ।
६६. ऐजन, पृ. १० ।

## ६ दृढ

यस उपन्यासमा राधेय दृढ छ, पराक्रमी छ, दानी छ, स्वधर्ममा विश्वास गर्ने कुनै पनि कुरामा विचलित नहुने आफ्नो विचारमा दृढ छ । उसले उपन्यासमा म बिच्छीले टोक्दा पनि हलचल गर्दिन, अधिराज्य पाए पनि खुसीले चञ्चल हुन्न, आफ्नो सम्पूर्ण सम्पति दिनुपर्दा पनि विचलित हुन्न भन्ने भनाइ प्रस्तुत गरेको छ । राधेयलाई उपन्यासमा भनिएको छ - "राधेय दृढ छ, पराक्रमी छ, स्वधर्ममा दृढ छ र विनयशील छ । जबसम्म आफ्नो स्वाभावबाट यो राधेय विचलित हुन्न तबसम्म यो अभिजेय शक्ति छ ।"[६७]

राधेयलाई आफ्नो धर्ममा दृढ छ विनयशील भएको प्रस्तुत गरिएको छ । उसलाई राजा हुने प्रलोभनले पनि उसको दृढतालाई विचलित बनाउन सकेको छैन । उक्त कुरालाई यसरी व्यक्त गरेको छ : "विश्वरूप, कृष्ण, सम्राट हुन पाउने लोभ देखाएर मलाई आफ्नो बाटोबाट विचलित नगराउनुहोस् ।"[६८] राधेयले दृढता र विनम्रताका साथ भन्यो यसरी जुन सुकै लोभ देखाए पनि आफ्नो दृढताबाट ऊ विमुख भएको छैन् ।

## ७ धार्मिक

राधेय यस उपन्यासमा अलिकति भए पनि धार्मिक रूपमा आएको छ । कुन्ती र राधेयको लामो संवाद भइरहेको राधा र महादेवीले देखेपछि उसले भेटेकी को थिई भन्ने कुरा आमा र स्त्री महादेवीले जान्न खोजे भन्न नसक्नु कसरी भन्ने चिन्तामा परिरहेका बेला उसले यस कुराबाट मुक्ति र मार्गदर्शनका लागि स्वच्छ आकाशमा देदीप्यमान किरणले भरपुर सूर्यतिर हेरेर प्रमाण गरे -"भगवान ! कुन सत्य हो ?"[६९] राधेय भन्छ "मेरा आराध्य देवता यिनै हुन् आफूलाई परेको वेदना कहाँ गुहारुँ "[७०] "राधेयले मध्याह्नमा सधैं सूर्यको उपासना गर्थे"[७१] "राधेय सूर्यको उपसनामा मग्न भए"[७२] "गङ्गाको किनारबाट सूर्यको उपासना गरेर राधेय आफ्नो घर फर्किए"[७३] प्रस्तुत भनाइहरूबाट राधेय धार्मिक थियो उसले सूर्यलाई देवता मानी आराधना गरेको देखिन्छ ।

---

६७. ऐजन, पृ. १० ।
६८. ऐजन, पृ. १ ।
६९. ऐजन, पृ. ५० ।
७०. ऐजन, पृ. ५० ।
७१. ऐजन, पृ. ३३ ।
७२. ऐजन, पृ. ३४ ।
७३. ऐजन, पृ. ३८ ।

**८ अस्तित्ववादी**

राधेय यस उपन्यासमा अस्तित्ववादीका रूपमा आएको छ । पाण्डवहरूले उसलाई हीन कुलको भनेर दुत्कारेका छन् । **महाभारत**को युद्धमा अर्जुन जस्ता वीरसँग लडेर आफ्नो वीरता प्रदर्शन गरेर आफ्नो अस्तित्व देखाउन खोजेको छ। उपन्यासमा उसले भन्छ- "स्वार्थले प्रेरित नभई मनुष्यले कर्म गर्दैन ।"[७४] मलाई यस समाजले अन्याय गरेको छ , मलाई पाण्डवहरूले हीन कुल भनेर दुत्कारेका छन्, यसको प्रतिकार गर्नु मेरो पहिलो स्वार्थ छ, त्यसैमा नै मेरो अस्तित्व कायम हुन्छ । आफ्नो आफ्नो अस्तित्व देखाउनु हरेक मनुष्यको पहिलो स्वार्थ हुन्छ । पाण्डव पक्षले हीन कुलको भनी दुत्कार गरेकोमा उसले आफ्नो अस्तित्व देखाउनका लागि अर्जुनसँग लड्ने भाव व्यक्त गरेको छ ।

## ४.४.२. युधिष्ठिरका चारित्रिक अभिलक्षण

पञ्चपाण्डवहरू मध्ये सबै भन्दा जेठो युधिष्ठिर सत्यवादीका रूपमा आएको छ । (युद्ध विरोधिका) धर्मराजका युधिष्ठिर युद्धका लागि तयार नहुँदा नहुँदै पनि कृष्णका अनेक चालमा परेर हारखाइ युद्धको घोषणा गर्नुपरेको छ । सुरूमा युद्ध विरोधि देखिने युधिष्ठिर कृष्णको बहकाउमा लागेर युद्धको घोषणा गरेको छ। उसलाई कर्णको तेजिलो अनुहार र दृढता देखेर आफू हीन भएको जस्तो लाग्छ । युधिष्ठिरलाई यस उपन्यासमा सत्यवादी, पश्चात्तापी, मानववादी मित्रताको भाव भएको युद्ध विरोधिका रूपमा चित्रण गरिएको छ। युधिष्ठिरका मुख्य अभिलक्षणहरू तल देखाइएको छ :

**१ सत्यवादी**

कौरवहरूसँग लडाइँ लड्ने इच्छा नभए पनि राज्य राम्रोसँग संचालन गर्ने प्रशासनिक क्षमता र दक्षता भएका तर सत्यता नभएकाले सत्यको स्थापनाको लागि युद्ध गर्नु परेको छ। ऊ एक सत्यवादी हो युद्धबाट भए पनि सत्यको स्थापना गरेको छ।

**२ पश्चात्तापी**

यस उपन्यासमा युधिष्ठिर पश्चात्तापी व्यक्तिका रूपमा आएको छ । उसले कृष्णको बहकाउमा लागेर अश्वत्थामा हतोहत भनेर झुटो बोल्छ। कृष्णको कठपुतली भएर युद्ध गरेकोमा र

---

७४. ऐजन, पृ. १२।

कुन्तीले कर्णको कुरा लुकाएर आफूलाई थाङ्नामा सुताएकोमा पश्चात्ताप गर्दै भन्छ -"म अहिलेसम्म कुन्तीकै थाङ्नामा सुतिराखेको थिए कृष्णले मलाई केवल पुतली बनाएर नचाएका रहेछन् ।"[७५] कृष्णको बहकाउमा लागकोमा र कुन्तीले आफूसित कर्ण आफ्नो दाजु हो भन्ने कुरा लुकाएर राखेको र कुन्तीलाई आफूले सम्मान गर्दै आएकोमा उसले पश्चात्ताप गरेको छ ।

**३ मानवतावादी**

युद्धमा मरेका मानिसहरूको लाश देखेर युधिष्ठिरलाई मानवीय संवेदना र करुणाको भाव जागृत भएको छ । युद्धको जितबाजी पछि मारिएका हजारौ हजार मानिसहरू एक चिहान भएका थिए । आफ्नो सालो धृष्टद्युम्नको मृत अनुहारमा युद्धको जितको घमण्ड चम्किरहेको थियो, युधिष्ठिरले यो विभत्स दृश्य हेर्न सकेन । सम्पुर्ण कुरुक्षेत्रमा जताततै क्षतविक्षत भएर जीवन बाँकी रहेका लतावृक्षहरूलाई हेरेर उसले विलाप गर्दै मानवीय करुणा र सम्वेदनाको भाव व्यक्त गरेको छ ।

## ४.४.३. कृष्णका चारित्रिक अभिलक्षण

कृष्ण यस उपन्यासमा द्वैधमानसिकता बोकेको पात्र हो । उ मानवीय अस्तित्वलाई नामेट पारेर मानवतालाई कठपुतली बनाउने सन्दर्भमा पाण्डवसामु प्रकट भएको छ । कर्णलाई युद्धबाट विमुख बनाउने अनेकौं तरिका अपनाए पनि युद्धबाट विमुख गराउन नसकेपछी इन्द्रको सहयोग लिएर कुण्डल र कवच लिन लगाउने कपटी पात्रका रूपमा यस उपन्यासमा प्रस्तुत भएको छ । युद्धमा अर्जुनलाई भनेजति प्रवृत्त गराउन नसकेपछि भीष्मसँग आफै लड्न तत्पर हुने कृष्ण छलकपटका लागि शकुनि जत्तिकै कुख्यात छ । कृष्ण यस उपन्यासमा कपटी, ईर्ष्यालु, क्रोधीका रूपमा आएको छ । कृष्णका प्रमुख अभिलक्षणलाई निम्नानुसार देखाइएको छ :

**१ कपटी**

राधेयलाई विभिन्न प्रलोभन देखाए पनि उसले दुर्योधनको साथ नछोड्ने युद्धबाट विमुख नहुने दृढता देखाएपछी कृष्णले युद्धमा सरिक हुनका लागि युधिष्ठिरलाई सुऱ्याएको छ । राधेयका सम्पूर्ण शक्ति सम्पति मानिने कवच र कुण्डल इन्द्रद्वारा उतारिदिएको छ । उपन्यासमा भनिएको छ -"कृष्ण रागद्वेष र प्रतिशोधको मायाले ढाकिएको हुनाले दिनानुदिन कुटिल उपायमा लागेका छन् र

---

७५. ऐजन, पृ. ८६ ।

युधिष्ठिरलाई त्यही विद्या सिकाउँदै छन् ।"[७६] कृष्णले कपटी चाल चलेर राधेयको रथ भासिएको मौका पारी राधेय माथि अर्जुनलाई वाण हान्न लगाइ मारेको छ ।

**२ ईर्ष्यालु**

दुर्योधन युद्धका विभिन्न नियमहरूमा सहमति नजनाउँदा राधेयले दुर्योधनलाई आफ्नो दृढता र शालीनताले सहमतिमा ल्याएको देख्दा कृष्ण ईर्ष्याले जलेको छ । कर्णको अर्थात राधेयको दानशीलता दृढता र अविजेय, अविचलित व्यक्तित्वका कारण युधिष्ठिरले कर्णको प्रशंसा गर्दा र युद्ध जितिसकेपछि कर्णको मृत लाशलाई राजा घोषित गर्दा आफ्ना सबै कृत्यहरू बेकार भएकोमा कृष्ण ईर्ष्याले जलेको छ ।

**३ क्रोधी**

**महाभारत**को युद्ध समाप्त भएपछि युधिष्ठिरले आदर्श चरित्र राधेय अर्थात कर्णलाई राजा घोषित गरेपछि युधिष्ठिरप्रति कृष्णको क्रोधी भावलाई यसरी व्यक्त गरिएको छ -"जुन राधेयले राजगद्धीको सदा तिरस्कार गऱ्यो जुन राधेयले मेरो मन्त्राणलाई अस्वीकार गऱ्यो, जसलाई मार्न मैले नै कुटिल चाल चाल्नु पऱ्यो त्यसलाई दुर्योधनले आधा राजगद्धी भाग लगायो त्यसैलाई युधिष्ठिरले पुरै सुम्पिदिए ।"[७७] भन्दै क्रोधी भाव देखाएको छ ।

## ४.४.४ दुर्योधनका चारित्रिक अभिलक्षण

यस उपन्यासमा दुर्योधन हठी, दानी र पराक्रमी पात्रको रूपमा आएको छ । राज्य विभाजन गर्नु भन्दा हक कायम गर्न खोज्नेसित लड्न चाहने र सियोको टुप्पो जति पनि राज्य नटुक्राउने दृढ व्यक्तिका रूपमा उपन्यासमा चित्रण गरिएको छ । दृढ, पश्चात्तापी, र शङ्कालु पात्र हो । उसका मुख्य मुख्य अभिलक्षणहरूलाई निम्नानुसार देखाइएको छ :

**१ दृढ**

राज्यको विभाजनमा दृढ रहेको छ । राज्य विभाजन नगर्ने आफ्नो अडान छाडेको छैन् । बरु हक खोज्नेहरूसँग युद्ध गर्न तयार भएको छ । राधेय पनि ऊ आफ्नो अडानबाट कति पनि विचलित नहुनका लागि आग्रह गरेको छ । उपन्यासमा उसको दृढतालाई यसरी देखाइएको छ :

---

७६. ऐजन, पृ. ७९ ।
७७. ऐजन, पृ. ८७ ।

कृष्णले डराए, धम्काए दुर्योधनलाई तर एकरत्ती डगेन दुर्योधन विराट रूप कृष्णलाई भन्यो उसले - "सियोको टुप्पो जति पनि धरती दिन्न पाण्डवलाई ।"[७८]

राधेयले भने -"दुर्योधन ! तिमी जस्तो राजा मित्र मलाई मनपर्छ । तिमीले भनेका छौ -यी पाण्डवहरूलाई सियोको टुप्पोजति पनि राज्यको भाग काटेर दिन्न । यही तिम्रो दृढप्रतिज्ञा हुनेछ, यस्तै दृढ मित्रका लागि म हुनेछु ।"[७९] दुर्योधन आफ्ना कुरामा वा सिद्धान्तमा दृढ रहेको छ । उसले जे सुकै भए पनि सियोको टुप्पो जति पनि राज्य काटेर नदिने दृढ सङ्कल्प प्रस्तुत गरेको छ ।

**२ पश्चात्तापी**

राधेयले प्रधान सेनापति पद अस्वीकार गरेकोमा उसले राधेयप्रति निम्न जात र कुलको मलाई युद्धका लागि सुऱ्याउने प्रधान सेनापतिको पद अस्वीकार गर्ने भनेर उसले शङ्का गरेको थियो । कुनै क्षण उसले पाप चिताएकोमा उसले मनमनै मित्रका लागि मित्र भन्दा पहिला आफू मर्न तयार हुने राधेयलाई शङ्का गरेकोमा पश्चात्ताप गरेको छ ।

**३ शङ्कालु**

दुर्योधनले युद्धका लागि प्रधानसेनापतिको चयन गर्नु थियो त्यहाँ जम्मा भएका योद्धाहरूले राधेयको नाम प्रस्ताव गरे, दुर्योधन पनि त्यही चाहन्थ्यो तर राधेयले प्रधानसेनापतित्वको स्वीकार गरेन र दुर्योधनले भन्यो मलाई युद्ध गर्नका लागि सबैभन्दा उस्काउने मान्छे राधेय हो, तर युद्धको घोषणा भएपछि सेनापतित्व लिन नमानेकोमा उसले राधेयप्रति निम्न जात, निम्न कुलको मान्छेले बीच बाटोमा धोका दिने हो कि भनेर शङ्का गरेको छ ।

## ४.४.५ कुन्तीका चारित्रिक अभिलक्षण

कुन्ती यस उपन्यासमा यथार्थवादी जटिल मानसिकता भएकी प्रौढ नारी पात्र हो । पाण्डवहरूले जेलेको संकटलाई देखेर कतै कर्णको रहस्य नखुलोस् भन्ने डरले विदुरको ज्ञानकुटीमा गएर बसेकी छ । पाण्डवले लडेर आफ्नो राज्य लिनुपर्छ भन्ने मानसिकता भएकी कुन्तीले कौरव पक्षमा आफ्नो छोरो कर्ण हुँदाहुँदै पनि युद्ध हुने कुरा गरेकी छ । ऊ यस उपन्यासमा कपटी, धार्मिक, स्वार्थी, अस्तित्ववादीका रूपमा आएकी छ । उसका मुख्य अभिलक्षणलाई निम्नानुसार देखाउन सकिन्छ :

---

७८. ऐजन, पृ. ६ ।
७९. ऐजन, पृ. ६ ।

**१ अस्तित्ववादी**

कुन्तीले चाहेको भए युद्ध नै हुने थिएन तर आफ्नो अहम र अस्तित्वका र स्वार्थका लागि युद्ध होस् भन्ने उसको चाहना छ । उसको यो स्वार्थी पनालाई विदुरसँगको वार्तालाभले देखाएको छ -"मैले चाहेकी भए पनि यो युद्ध रोकिन्थ्यो तर म चाहन सक्दिनथे, मैले आफ्नो सम्पूर्ण जीवनको कथाको क्रमलाई खलबलाउनु पर्थ्यो । मैले आफूलाई समयमै कर्णकी जन्मदात्री आमा भनिदिएको भए कर्णको जीवनकथा समाप्त भइसक्थ्यो । मान्छे महायुद्धको सम्भावित खतरा बेहोर्न तयार हुन्छ तै पनि आफ्नो अस्तित्व बचाइराख्न चाहन्छ । त्यसका निमित्त आफ्ना कर्म र चरित्रलाई गोप्य पनि राख्छ ।"[८०] कुन्तीले आफ्नो अस्तित्व बचाइ राख्नको लागि आफ्ना कर्म र चरित्रलाई गोप्य राखेकी छ ।

**२ कपटी**

कुन्ती यस उपन्यासमा कपटी जन्मदात्री आमाका रूपमा आएकी छ । कुन्तीले सूर्यको संसर्गबाट राधेयलाई जन्माएर काठको बाकसमा बन्द गरी नदीमा बगाइदिने, बालक नबाचोस् कसैले कसको छोरा भन्ने पत्ता नपाओस् भन्ने आफ्नो स्वार्थका लागि आफ्नै छोरालाई नदीमा बगाइदिन सक्ने कपटी आमाका रूपमा आएकी छ ।

**ग.धार्मिक**

कपटी स्वार्थी हुँदाहुँदै पनि आदर्शवादीको पूजा हुने भाव व्यक्त गर्दै ऊ अलिकति भए पनि धार्मिक रूपमा आएकी छ । उपन्यासमा धार्मिक रूपमा उसलाई निम्नानुसार चित्रण गरिएको छ : "कुन्ती पनि सूर्यको प्राथना गर्छिन, उनले भनिन्-धरतीमा जति प्राणी छन् तिम्रै सन्तति हुन तिम्रो ताप नपाईकिन को प्राणवान हुन सक्छ ।"[८१]

"कुन्ती बारम्बार सूर्यको प्राथना गर्थिन, राधेयको सम्मुख हुने साहस बटुल्थिन् । सूर्यले नदेखेको के छ ? सूर्यलाई साक्षी राखी भन्नेछु म तिम्री पापिनी आमा हुँ "[८२] कुन्तीले पनि आफूलाई दुःख आपत आइपर्दा सूर्यको प्राथना गर्ने हुनाले उसलाई धार्मिक रूपमा देखाइएको छ ।

---

८०. ऐजन, पृ. ६९ ।
८१. ऐजन, पृ. ४३ ।
८२. ऐजन, पृ. ४४ ।

### ४.४.६. भीष्मका चारित्रिक अभिलक्षण

कौरवका बूढा बाजे इच्छा मरणको बरदान पाएका महान योद्धा हुन् । आफूले जीवन अर्पण गरेर बचाएको दरबारमा कुन्तीको ढलीमली भएकोमा उसलाई असिम ईर्ष्या जागृत भएको छ । कर्ममा विश्वास गर्ने कर्मिष्ठ व्यक्ति हो । वृद्धा अवस्थामा पनि शौर्य र साहस यथावतै देखिने भीष्मलाई लडाइँ नहोस् भन्ने चाहना छैन । भीष्म यस उपन्यासमा ईर्ष्यालु, वीर कर्मठ पात्रका रूपमा प्रस्तुत भएको छ । दुई पक्ष बीच मिलाउने क्षमता गुमाएपछि तटस्थ बस्नुपर्ने दायित्व भएको भीष्म मानवीय कमजोरीका कारण दुर्योधनको पक्ष लिएको छ ।

#### १ वीर

यस उपन्यासमा भीष्मलाई महान वीर पराक्रमी शौर्य र साहसी व्यक्तिका रूपमा चित्रण गरिएको छ । उपन्यासमा उसलाई वीरका रूपमा यसरी चिनाइएको छ । "राजा भीष्म महान मान्छे हुन, उनी ठूला त्यागि र तपस्वी मध्ये मानिन्छन् उति नै वीर र साहसी पनि छन । ऊ दृढ प्रतिज्ञ र वीर थियो । राजाको सम्पूर्ण अभिभारा बोकेका र राज्य थामेर बसेका वीरलाई समर्थ नातिहरूले वास्ता नगर्दा हुने खोपले ऊ पीडित थियो ।"[८३]

#### २ ईर्ष्यालु

यस उपन्यासमा भीष्म ईर्ष्यालु पात्रका रूपमा आएको छ । आफ्नो जीवन अर्पण गरेर बढाएको दरबारमा कुन्तीको ढलीमली भएकोमा उसलाई असिम ईर्ष्या छ । कौरव र पाण्डव जुन पक्षले जितेपनि कुन्ती कै जित हुने देखेर उसलाई असिम ईर्ष्या भएको छ । भीष्मको ईर्ष्याको भावलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : उनले मनमनै भने -"विधुवा कुन्ती हस्तिनापुरमा सौतेनी हाँगाको छायामुनि बस्न सक्ने घिन नभएकी आइमाई ! उसको यहाँ बसाइको कुनै सङगति छैन । ऊ आफ्नै माइतमा बस्नुपर्ने अथवा आफ्नै छोराहरूको आश्रयमा ।"[८४]

-उनले श्वासले हुङ्कार गरे "कुन्ती ! जुन पक्षले जितेपनि उसैका सन्तानको पराक्रम ठहर्ने ? यस्तो हुन सक्दैन । राधेयलाई वल्लो घाटको न पल्लो तीरको पङ्गु बनाइदिनु एकमात्र समाधान छ । आफूभन्दा बलवान्लाई नीतिज्ञले न आफ्नो मित्र बनाओस् न त शत्रु पक्षमा नै मिल्न देओस् ।

८३. ऐजन, पृ. ४१ ।
८४. ऐजन, पृ. ९ ।

हेरौ दुर्योधनसित राधेयको मित्रता कति गाढा रहेछ ।"[८५] उसले कुन्ती र राधेयप्रति ईर्ष्याको भाव व्यक्त गरेको छ ।

**ग. कर्मठ**

ज्ञानमा भन्दा कर्ममा विश्वास गर्ने भीष्म वृद्धा अवस्थासम्म पनि कर्मशील रहेको छ । भीष्म कर्मठ भएको कुरा विदुरसँगको वार्तालाभबाट प्रष्ट हुन्छ । नातिहरूको लडाइँमा बाजेले एकथरी नातिहरूको पक्षबाट लड्ने कुरा पत्याउन नमिल्ने सत्य भयो आफ्नै भतिजाहरूको परस्परको सम्भावित युद्धबाट पन्छिएर बसेका विदुरको ज्ञानयोग भङ्ग भयो । विदुरले भीष्मलाई तपाइँले युद्धमा दुर्योधनको पक्ष स्वीकार गर्नुभएको सत्य हो भन्ने प्रश्नमा भीष्मले म कर्ममा विश्वास गर्ने विवेकको खातिर म निष्काम बस्न सक्दैन भन्दै ऊ कमठ देखिएको छ । उपन्यासमा भीष्मले भने "विदुर ! तिमी हाम्रा सन्ततिमा पूज्य छौ, तिमी ज्ञानी हौ, म कर्मिष्ठ हुँ । तिम्रो सर्वस्व ज्ञान हो मेरो सर्वस्व कर्म हो । बीना कर्म म बाँच्न सक्तिनँ । कर्मिष्ठहरूका निमित्त कर्मको फल गौण हुन्छ । कर्म नै मुख्य हुन्छ । कस्तो कर्म भन्ने गौण हुन्छ, जस्तोसुकै भए पनि कर्म प्रधान हुन्छ । कर्म प्रकृति हो । म जन्मेकै प्रकृतिदेखि कर्मिष्ठ भएँ, तिमी जन्मेकै प्रकृतिदेखि ज्ञानी भयौ । ज्ञानीहरू विवेक खोज्छन्, तर कर्म सदा विवेकको ख्याल गरिरहन्न । दुर्योधनले एउटा कर्मिष्ठको उचित सम्मान गर्न जान्यो, उपेक्षाभावले पीडित भएर बसेको एक कर्मिष्ठको शक्तिलाई जागृत गरिदियो । मैले काम पाएँ, विवेकको खातिर मनुष्य पनि निष्कर्म बस्न सक्छ र ।"[८६]

भीष्मले आफू प्रकृतिको जन्मदेखि नै कर्मिष्ठ भएर जन्मेको कर्मले विवेक ख्याल नगर्ने विवेकको लागि कर्म निष्काम भएर नबस्ने भनाई व्यक्त गरेको हुनाले यस उपन्यासमा भीष्म कर्मठ पात्रका रूपमा आएको छ ।

## ४.४.७ इन्द्रका चारित्रिक अभिलक्षण

इन्द्रको यस उपन्यासमा खासै भूमिका छैन । कृष्णले छलकपट गरी मगन्तेको भेषमा राधेय सामु पठाउँदा मात्र उसको भूमिका देखिएको छ । राधेय सामु गएर कुण्डल र कवच भिक्षा मागेपछि उसले पनि केही पाएको बदलामा इन्द्रले आफ्नो शक्ति अस्त्र राधेयलाई दिएर ऊ दानवीर भएको छ ।

८५. ऐजन, पृ. ९ ।
८६. ऐजन, पृ. ५९ ।

### ४.४.८ महादेवीका चारित्रिक अभिलक्षण

सरल स्वभाव भएकी यथार्थवादी नारी पात्रका रूपमा यस उपन्यासमा आएकी छ । शुश्रुषा र पश्चात्तापी पात्रका रूपमा उपस्थित भएकी छ ।

**१ शुश्रुषा**

आफ्नो पति राधेयलाई सानु बालकलाई आमाले उसका क्षुध र वेदना हटाएर जसरी हँसिलो बनाउँछे उसै गरी राधेयलाई उसका ठूला-ठूला समस्या र प्रश्नहरूलाई पन्छाएर आफ्नो प्रेम र शुश्रुषाले सदा उज्यालो राख्थी

**२ पश्चात्तापी**

महादेवी यस उपन्यासमा पश्चात्तापी पात्रका रूपमा आएकी छ । दुर्योधनकी रानीले देखाएको लोभ लालचमा फसेर कृष्ण र राधेय अर्थात आफ्नो पतिका बीच भएको कुराकानीलाई दूर्योधनकी रानी समक्ष पुऱ्याउनको लागि आफ्ना श्रीमान राधेयसँग दिनदिनै एउटै कुरा सोधिरहनु उक्त कुरा जान्न इच्छुक भएकोमा उसले पश्चात्ताप गरेकी छ ।

### ४.४.९ राधाका चारित्रिक अभिलक्षण

राधा यस उपन्यासमा अत्यन्त सरल स्वाभावकी, आदर्शवादी स्नेही आमाका रूपमा प्रस्तुत भएकी छ । उसले राधेयलाई आफ्नो छोरा होइन भन्ने थाहा पाउँदा पनि पूर्ववत् व्यवहार गरी राधेयलाई अगाडि बढ्नका लागि हौसला प्रदान गरेकी छ ।  राधेयलाई आफ्नो आमा समान हुर्काउने अपार ममता बोकेकी आमा हुनाले ऊ शुश्रुषा पनि हो ।

## ४.५ निष्कर्ष

**द्वन्द्वको अवसान** उपन्यास महाभारतीय विषयवस्तुमा आधारित  मिथकीय उपन्यास हो । यस उपन्यासमा **महाभारत** कै पात्रको प्रयोग गरिएको छ । **महाभारतका** नायक कृष्ण यस **द्वन्द्वको अवसान** उपन्यासमा खलनायक बन्न पुगेको छ । यो उपन्यास  सानो आयामको भए पनि यसमा धैरै पात्रहरूको प्रयोग भएको  पाइन्छ ।  कथानकमा प्रमुख भूमिका निर्वाह गर्ने राधेय, कृष्ण, युधिष्ठिर, दुर्योधन, भीष्म,  हुन् भने सहायक भूमिका निवार्ह गर्ने कुन्ती, महारानी , कर्णकी स्त्री ( महादेवी), राधा, भीष्म, अर्जुन, द्रोणाचार्य हुन् ।  गौण पात्रका रूपमा सवार, माता गान्धारी, पिता

धृतराष्ट्र, दूतहरू, इन्द्र, सन्देशबाहक, राजाहरू, मुखियाहरू, गुरुपुरोहितहरू, सेनापति, शकुनि, गुरु भार्गव, विदुर शिखन्डी, सूर्य, अश्वत्थमा, धृष्टद्युम्न, अभिमन्यु, द्रुपद सिपाहीहरू, शल्य र धटोत्कच आएका छन् । यस उपन्यासमा व्यक्तिवाचक नाम चरित्र धेरै सहभागी भएका छन्, भने समूहवाचक नाम चरित्र कम मात्रामा आएका छन् । यस उपन्यासको भाषा अत्यन्त खँदिलो र सङ्क्षिप्त कतै कतै आलङ्कारिक रहेको छ । द्वन्द्वको अवसान उपन्यास महाभारतीय मिथकको प्रयोग गरिएको एक उत्कृष्ट उपन्यास हो । महाभारतको मिथकको पुनर्व्याख्या गरिएको छ, र पात्रहरू पनि महाभारत कै प्रयोग गरिएको छ । कुन्तीका छोरा भएर पनि राधेय हुन पुगेको कर्ण पाण्डवहरूको शत्रु दुर्योधनको मित्र हुन पुगेको स्थितिमा उपन्यासको घटनावली अगाडि बढेको छ । कथानकलाई अगाडि बढाउनका लागि पात्रहरूले आ-आफ्नो ठाँउबाट भूमिका निर्वाह गरेका छन् । **महाभारत**का पात्रहरूलाई नवीनता प्रदान गरी उपन्यासलाई जीवन्त बनाएका छन् । पात्रले गर्ने क्रियाकलाप अनुसार परिवेशको चयन उत्कृष्ट रहेको छ । महाभारतको हस्तिनापुर, कुरुक्षेत्र, दरवार, पाण्डवहरूको शिविरको र विदुरको ज्ञानकुटी जस्ता परिवेशको चित्रण गरिएको छ , र अपेक्षाकृत महत्त्वपूर्ण पात्रले भूमिका निर्वाह गरेका छन् । उपन्यासको प्रमुख पात्र कर्णलाई पाण्डवहरूले नीच कुलको भनेर दुत्कार गर्नाले नेपाली समाजमा प्रचलित धनी वा उच्च जातले गरिब तल्ला वर्गका जातिलाई गर्ने व्यवहारलाई देखाइएको छ । लेखकले आफ्ना भनाइलाई पाठक समक्ष प्रस्तुत गर्नका लागि उपन्यासमा राधेय, कृष्ण, दुर्योधन, युधिष्ठिर जस्ता पात्रहरूको प्रयोग गरिएको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । पात्र अनुसार दृष्टिविन्दुको प्रयोग गर्नमा उपन्यासकार सफल देखिन्छन् । कथानक, परिवेश, भाषा, उद्देश्य र दृष्टिविन्दु अनुसार उत्कृष्ट पात्रको प्रयोग भएको छ । अतितका पात्रहरूलाई वर्तमानमा बौद्धिक पात्रको निर्माणमा उपन्यास सफल रहेको छ । पात्रहरू आ-आफ्ना दृष्टिकोणमा दृढ देखिन्छन् । पात्रहरूको चारित्रिक विशिष्टताको उद्घाटनमा र जीवन जगतका अभिव्यक्ति प्रकटमा भाषा उत्कृष्ट रहेको छ । पात्रहरूले गर्ने गतिविधि अनुसार तिनीहरूका राजनैतिक सामाजिक क्रियाकलाप उद्घाटित भएका छन् । मानिसलाई जतिसुकै समस्या आइपरे पनि ऊ आफ्नो अस्मितालाई स्थापित गर्न जस्तोसुकै कर्म गर्न तयार हुन्छ भन्ने मूल सारलाई कुन्तीका माध्यमबाट देखाउन खोजिएको हुनाले उद्देश्य र पात्र बीच मेल खाएको छ । पात्रविधानका दृष्टिले यो उपन्यास उत्कृष्ट रहेको छ ।

## ४.६ उत्सर्ग प्रेम उपन्यासमा पात्रविधान

### ४.६.१ कथानक

**उत्सर्ग प्रेम** उपन्यासको कथानकको बनोट घटनामा आधारित नभएर विचार वा यस विषयममा बोल्ने प्रत्येकलाई उत्तिकै अधिकार छ- जीवन के हो ? भन्ने प्रश्नात्मक वाक्यबाट भएको छ । **उत्सर्ग प्रेम** उपन्यासको कथानक ढाँचा रैखिक रहेकाले यसको कथानक विकास पनि आदि, मध्य र अन्त्यको क्रममा आएको पाइन्छ । आदि भागमा अन्तत, विराम र सुरूपाले जीवन सम्बन्धी आ-आफ्नो धारणा प्रस्तुत गरेका छन् । वृथा ठानेर प्रवृत्त भइरहने अनन्त, आफूलाई बिर्सिदिनु नै जीवन हो भन्ने विराम र प्रकृतिलाई सर्वोपरि महत्त्व दिने सुरूपाले जीवन सम्बन्धी खोज अन्वेषण दृष्टिकोण प्रस्तुत गर्दासम्मको वैचारिक वस्तु विन्यासलाई यस भागमा राख्न सकिन्छ । जब नाटकीय रूपमा भीम पुरुषको उदय हुन्छ तब कथानकले गति लिन पुग्दछ र मध्य भागको आरम्भ हुन्छ । एका-एक उदय भएको भीम पुरुषले जीवन सम्बन्धी दर्शन प्रस्तुत गर्ने दार्शनिकहरूलाई कारागारमा थुन्ने, व्यापारीहरूलाई  मूल्य सस्तो पार्न र किसानलाई आफ्नो अगाडि दाखिला गर्न आदेश दिन्छ । भीम पुरुषले सबैलाई आफ्नो अधिनमा लिन सफल भए पनि किसानलाई आफ्नो अधिनमा ल्याउन नसकेर बम प्रयोग गरी ध्वस्त पार्न आदेश आफ्ना सिपाहीलाई दिन्छ । यस्तो अवस्थामा सुरूपाले भीम पुरुषबाट हुनलागेको मानव संहारको रक्षा गरी राज्य सत्ता आफ्नो हातमा लिन्छे । भीम पुरुषको औद्योगिक सहर र राज्य सत्ता अस्वभाविक रूपमा पतन हुन पुग्दछ भने दुर्बल सिंहको आडमा अनन्तले सुरूपालाई चिठी लेखी आफ्नो बनाउन खोज्दछ । यस्तो अवस्थामा कारागारमा रहेको विराम शर्मासित सुरूपाले एकोहोरो विवाह गर्ने घोषणा गरेकोले त्यसको विरुद्धमा चर्चा परिचर्चा चल्दछ र दुर्बल सिंहको नेतृत्वमा मगन्तेहरूले चर्को जुलुस निकाली सत्तामा हमला गर्ने घोषणा गर्दछन् । मगन्तेहरूको जुलुस दबाउनको लागि बाह्य देशका शासकहरूले सुरूपालाई सहयोग गर्ने भन्दा भन्दै त्यसको अस्वीकार गरी सुरूपा भन्छे -"मगन्तेहरू, तिमीहरूको पनि अधिकार  छ । जाउ राज्यको खजाना खुला राखिदिएको छ, त्यहाँ तिनीहरूको पनि अधिकार छ ।"[८७] सुरूपाको यो भनाइले मगन्तेहरूको आन्दोलन समाप्त हुन्छ भने प्रकृतिरूपी सुरूपाले विजय प्राप्त गर्दछे र मध्य भागको पनि अन्त्य हुन पुग्दछ । अन्त्य भागमा मगन्तेहरू सडकमा देखिन छोड्छन् । उपन्यासमा नै भनिएको छ -"तातोमा हिउँ पग्लिए

---

८७. राजेश्वर देवकोटा, प्रकाशकीय, **उत्सर्ग प्रेम**,( काठमाडौ : सिद्धबाबा प्रिन्टिङ्ग प्रेस२०४४), पृ. १२४ ।

झै हेर्दा हेर्दै मगन्तेहरूको हुल बिलायो-न रूप  आकृति ।"[८८] यसरी यस भागमा आफ्नो विगत भूल, पाप स्वीकार गर्न एवम् प्रायश्चित गर्न भीम पुरुष, अनन्त र दुर्बल सिंह मन्दिर पुग्छन् र भन्छन्-"हामी एक एक त्रुटिका प्रतीक हौ ।" त्यसैले सुरूपाले एकोहोरो विराम शर्मासित विवाह गर्ने घोषणा गरेकी छ, त्यसका लागि कारागारमा रहेको विराम शर्माको मुक्तिको माग गरौँ भन्दै कथा अन्त्य हुन पुग्दछ । कथाको अन्त्य भए पछि उपसंहारमा भनिएको छ -"कपिल मुनिलाई प्रणाम र समर्पण ।"[८९] यसरी कपिल मुनिलाई प्रणाम र समर्पण गरेर सुरूपा प्रति आस्था र श्रद्धा व्यक्त गरिएको **उत्सर्ग प्रेम** प्रेमको उद्धात्तीकरणका रूपमा अन्त्य हुन पुग्छ ।

### ४.६.२ पात्रहरू

उपन्यासभित्र कुनै विशेषता बुझाउन वा घटनालाई गति दिन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । यस उपन्यासमा मानवीय चरित्रको मात्र प्रयोग भएको छ । राजेश्वर देवकोटाको **उत्सर्ग प्रेम** उपन्यासमा जीवन सम्बन्धी वैचारिक दृष्टिकोण प्रबल बनेर आउनाले यो उपन्यास घटना वा चरित्रप्रधान नभएर विचार प्रधान हो । जीवन चिन्तनका क्रममा सिर्जिएका यस उपन्यासका पात्रहरू विचार बाहकका रूपमा प्रतीकात्मक बनेर देखा परेका छन् । यस उपन्यासका पात्रहरूलाई विभिन्न आधारबाट छुट्टाइएको छ । यस उपन्यासमा सुरूपा प्रमुख पात्र हो । भीम पुरुष, दुर्बल सिंह, विराम शर्मा र अनन्त शर्मा सहायक पात्रका रूपमा आएका छन् । गौण पात्रका रूपमा अर्दली,  किसानहरू, आइमाईहरू, उद्योगपति, कैदीहरू, कारागारको हाकिम, मजदुर, गाउँलेहरू, बूढाबूढी, मगन्ते केटाहरू, व्यापारीहरू, बन्दीहरू, सेनापति, सिपाहीहरू,तस्वीर खिच्नेहरू, संवाददाताहरू,एक्सरे र कम्प्युटर यन्त्र चालकहरू, प्रहरीहरू, राज्यका गुप्तचरहरू, बैङ्कका कर्मचारी, सडकमा हिडिरहेकी महिला, बूढो किसान, बुज्रुक किसान, एउटी किसान महिला, बाह्य देशका शासकहरू र सन्देशवाहकहरू आएका छन् । यिनीहरूको उपन्यासमा सबैको नाम उच्चारण मात्र भएको छ । यस उपन्यासमा व्यक्तिवाचक नाम चरित्र र समूहवाचक नाम चरित्र प्रमुख दुई पात्रहरू सहभागी भएका  छन् । व्यक्तिवाचक नाम चरित्रलाई उनीहरूले गर्ने कार्यका आधारमा छुट्टाछुट्टै देखाइएको छ । समूहवाचक नाम चरित्रलाई एकै ठाउँमा वर्णन गरिएको छ ।

---

८८. ऐजन, पृ. १२५ ।
८९. ऐजन, पृ. १२५ ।

### ४.६.३ व्यक्तिवाचक नाम सहभागी

| क्र.सं. | आधारहरू | लिङ्गका आधारमा | | कार्यका आधारमा | | | प्रवृत्तिका आधारमा | | जीवन चेतनाका आधारमा | | स्वाभावका आधारमा | | आबद्धताका आधारमा | | आसन्नताका आधारमा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | वर्गीय | व्यक्तिगत | स्थिर | गतिशिल | बद्ध | मुक्त | मञ्चीय | नेपथ्य |
| १. | सुरूपा | + | - | + | - | - | + | - | + | - | + | - | + | - | + | - |
| २. | विराम शर्मा | - | + | - | + | - | + | - | - | + | + | - | + | - | + | - |
| ३. | अनन्त शर्मा | - | + | - | + | - | - | + | - | + | - | + | + | - | + | - |
| ४. | भीम पुरुष | - | + | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ५. | दुर्बल सिंह | - | + | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ६. | अर्दली | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ७. | सडकमा हिडिरहेकी महिला | + | - | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ८. | बूढो किसान | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ९. | बुज्रुक किसान | - | + | - | - | + | + | - | + | - | + | - | + | - | - | + |
| १०. | सेनापति | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ११. | एउटी किसान महिला | + | - | - | - | + | + | - | + | - | + | - | - | + | - | + |

**उत्सर्ग प्रेम** उपन्यासमा सुरूपा व्यक्तिवाचक नाम चरित्रका रूपमा आएकी छ । ऊ केन्द्रीय नारी चरित्र हो । सहायक भूमिका निर्वाह गर्न भीम पुरुष, दुर्बल सिंह, विराम शर्मा र अनन्त शर्मा आएका छन् । उपन्यासमा यिनीहरू बौद्धिक चरित्रका रूपमा आएका छन् । गौण व्यक्तिवाचक नाम चरित्रका रूपमा अर्दली, कारागारको हाकिम ,सडकमा हिडिरहेकी महिला, बूढो किसान, बुज्रुक किसान, एउटी किसान महिला, सहभागी भएका छन् । व्यक्तिवाचक नाम चरित्रका पात्रका चारित्रिक प्रकार  र अभिलक्षणलाई निम्नानुसार देखाइएको छ :

### १. सुरूपाका चारित्रिक प्रकार

यस उपन्यासमा प्रमुख र केन्द्रीय नारी पात्रका रूपमा आएकी छ । उमेरले कलिली भएर पनि सुरूपा अनन्त र विराम शर्मा जत्तिकै योग्य र विदूषीका रूपमा आएकी छ । यर्थाथमा बाँच्न चाहने सुरूपाको आफ्नै जीवन दर्शन छ । प्रकृतिकी प्रतिमूर्ति नारी सृष्टिको संरक्षण लागि विराम शर्माको अनीवार्यता स्वीकार गरेकी छ । विराम शर्मालाई भन्छे -" तिमी मसित विवाह गर्न राजी होऊ, प्रेम पनि आफूलाई बिर्सिदिने साधन हो ।"[९०] विरामलाई रूपवान सरल र निष्पाप देख्ने सुरूपाले उसका नाममा चिठी लेखेर आफ्नो बनाउने प्रबल इच्छा गरेकी छ । उसको लागि विराम बाहेक अर्को योग्य पुरुष नभएको तर विराम शर्मा सुरूपासँग आकर्षित भएको छैन् । सुरूपाले जीवन दर्शन सम्बन्धी मान्यता प्रस्तुत गरेकोले दार्शनिकहरू सबैलाई अकस्मात्  उपस्थित भएको भीम पुरुषले कारागारमा थुन्न पुग्छ । कारागारमा रहेको बेला भीम पुरुषबाट हुन लागेको नरसंहारको रक्षा गर्नका लागि कारागारबाट भाग्न सफल भएकी छ । उपन्यासमा उसले भनेकी छ -"मेरो त सृष्टि नै उत्सर्गका लागि भएको हो ।"[९१] त्यसैले ऊ मानव संहारको रक्षा गर्न तयार भएकी  छ । नायिका सुरूपा अनुकूल, स्थिर, वर्गीय, मञ्चीय र बद्ध चरित्रका रूपमा आएकी छ । सुरूपा रूपवती र योग्य र विदूषी भएर देखा परेकी छ । सुरूपाका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

#### (क) स्त्री पात्र

उपन्यासमा उसलाई भनी, दिई, गरी, पुगी, भन्छे जस्ता क्रियापदको प्रयोग गरिएकोले ऊ स्त्री पात्र हो । सुरूपालाई स्त्री पात्रका रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

---

९०. ऐजन, पृ. २० ।
९१. ऐजन, पृ. २९ ।

मनुष्यले जहाँ पुगिने भए पनि हिडेको हुनुपर्छ - को पुगेको ठाउँ कसले देखेको छ ? तिनताक त्यस ठाउँमा यिनै दुई पक्षका अनुयायीहरूको द्वन्द्व चर्किरहेको बेला म पनि केटी हुँ भनेर अग्रसर हुने सुरूपा थिई । वास्तवमा ऊ रूपवती थिई उसमा कुनै दर्शनको दाग लागेको थिएन । उसले भनी-"यो यस्तो विषय हो जसको विषयमा मान्छेलाई बोल्ने अधिकार र स्वतन्त्रता छ ।"[९२]

यस उदाहरणमा म केटी हुँ, ऊ रूपवती थिई, उसले भनी जस्ता वाक्यहरूबाट ऊ स्त्री पात्र हो, भन्ने स्पष्ट हुन्छ ।

" सुरूपा उभ्याली र केही भन्नका लागि उद्यत देखिन्छे ।"[९३]

यस उदाहरणमा देखिन्छे भन्ने शब्दले उसलाई स्त्री पात्रका रूपमा चिनाएको छ ।

सुरूपा - देखापरी, उसले स्थापित भइसकेका दुई शक्तिशाली जीवन दर्शनको उपेक्षा गरी - उसले भन्ने कुरा बाँकी नै छ ।[९४]

यस उदाहरणमा देखापरी, गरी शब्दले उसलाई स्त्री पात्रका रूपमा चिनाएको छ ।

"सुरूपा महिला थिई"[९५] भन्ने वाक्यबाट ऊ स्त्री पात्र हो, भन्ने कुरा स्पष्ट हुन्छ ।

**(ख) प्रमुख पात्र**

सुरूपा आदि भागदेखि अन्त्य भागसम्म निरन्तर चित्रित भएकी छ । उसबाट अन्य पात्र सञ्चालित छन् । जसका कारणबाट उसको यस उपन्यासमा प्रमुख भूमिका रहेको छ । कथानक आदि भागदेखि अन्त्य भागसम्म उसैका केन्द्रीयतामा अगाडि बढेको छ । उसले उपन्यासलाई अगाडि बढाउनका लागि प्रमुख भूमिका खेलेकी छे ।

**(ग) अनुकूल पात्र**

सुरूदेखि अन्त्यसम्म कतै पनि नकरात्मक प्रवृत्ति नदेखिएकाले ऊ अनुकूल पात्र हो । ऊ जेलमा हुँदा गाउँले किसानहरू माझ हुँदा र क्रूर भीम पुरुषलाई फाँसीको माग हुँदा पनि सुरूपाको व्यवहार मेलमिलापपूर्ण रहेकाले र सकारात्मक रहेकोले सुरूपा अनुकूल

९२. ऐजन, पृ. ३ ।
९३. ऐजन, पृ. ३ ।
९४. ऐजन, पृ. ४ ।
९५. ऐजन, पृ. ५ ।

पात्र हो । सुरूपाको अनुकूल चरित्रलाई उपन्यासमा यसरी चित्रण गरिएको छ -"जबदेखि मर्दहरू गिरफ्तार गरिए र शहर लगिए गाउँका महिलाहरूलाई बूढा र बालकलाई सान्त्वना दिने, उनीहरूको दैनिक चर्यामा सहायता गर्ने र गाउँलेहरूको बीचमा सञ्चार सम्पर्क कायम गराइ एउटा गाउँले समाजको स्थितिलाई कायम गरिराख्ने काम सुरूपाले गरेकी छ ।"[९६] भीम पुरुषको आदेश किसानले नमानेको कारण भीम पुरुषले किसानलाई ध्वस्त पार्ने आदेश सिपाहीलाई दिएको हुन्छ । सुरूपा कारागारबाट भाग्न सफल भएर किसानको रक्षा गरेको हुनाले सुरूपा अनुकूल पात्रका रूपमा आएकी छ ।

### (घ) वर्गीय पात्र

नारीको प्रतीक बनेर आएकी छ । उसले नारीमा हुनुपर्ने गुण र प्रकृतिका नियमहरूको प्रतिनिधित्व गरेकी छ । उसले उपन्यासमा भनेकी छ "पुरुष जड पदार्थ यसको सृष्टिप्रति के जिम्मेदारी छ ? जिम्मेदारी त प्रकृतिको छ, नारीको छ । प्रकृति निरपेक्ष-पुरुष जड भन्दा अधिक हुदैन"।[९७] सुरूपाले सृष्टिका लागी प्रकृतिको (नारी) को प्रमुख र पुरुषको गौण भूमिका हुने चर्चा गरेकी छ । उसले सम्पूर्ण नारीको प्रतिनिधित्व गरेकी छ, त्यसैले ऊ वर्गीय पात्र हो ।

### (ङ) स्थिर पात्र

केन्द्रीय चरित्र भए पनि स्थिर चरित्र हो । मानवतावादी बनेर मानवताको रक्षा गर्ने, उन्नति र सृष्टिका लागि उपन्यासको सुरुदेखि अन्तिमसम्म आफ्नो जीवन उत्र्सग गरेकाले उसको नैसर्गिक स्वाभावमा परिवर्तन आएको छैन । "पुरुष जड पदार्थ यसको सृष्टि प्रति के जिम्मेदारी छ ? जिम्मेदारी त प्रकृतिको छ, नारीको छ"[९८] भन्ने दृष्टिकोणका साथ नारीवादी जीवन दर्शनलाई उपन्यासको सुरुदेखी अन्त्यसम्म पनि आफ्नो विचार परिवर्तन गरेकी छैन । उपन्यासमा सुरूपाले भन्छे-"विरामको विचार म बदल्ने छु, विरामसित विवाह गर्नेछु । मनुष्यको जीवन आशा र सङ्कल्प हो ।"[९९] उक्त भनाइमा उपन्यासको सुरूवातमा नै विराम शर्मासँग विहे गर्न चाहने सुरूपा विराम कारागारमा बन्दी बनाइदा पनि विरामले सुरूपासँग विहे गर्ने प्रस्तावलाई अस्वीकार गरे पनि एकोहोरो विवाह गर्ने घोषणा गर्नु उसले

९६. ऐजन, पृ. ५५ ।
९७. ऐजन, पृ. १५ ।
९८. ऐजन, पृ. १५ ।
९९. ऐजन, पृ. १६ ।

विरामलाई प्राप्त गर्ने इच्छालाई नबदल्नुले ऊ यस उपन्यासमा स्थिर वा गतिहीन पात्रका रूपमा प्रस्तुत भएकी छ ।

**(च) बद्ध पात्र**

सुरूपाका चरित्रसँग उपन्यासका घटनावलीहरू बाँधिएर आएका छन् । सुरूपालाई कथानकबाट बाहिर निकाल्ने हो भने यस उपन्यासको संरचना नै भत्किन्छ । उपन्यासको आदि भागदेखि अन्त्य भागसम्म बद्ध रूपमा प्रस्तुत भएकी केन्द्रीय पात्र हो ।

**(छ) मञ्चीय पात्र**

उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म स्वयम् उपस्थित भई सुरूपाले प्रमुख कार्य निर्वाह गरेकी छ । उसका क्रियाकलापहरू प्रत्यक्ष रूपमा मञ्चमा घटित भएका छन् । त्यसैले सुरूपा मञ्चीय पात्र हो ।

## २. विराम शर्माका चारित्रिक प्रकार

यस **उत्सर्ग प्रेम** उपन्यासमा विराम शर्मा सहायक पुरुष पात्रका रूपमा आएको छ । "आफुलाई बिर्सिदिनु जीवन हो ।"[१००] भन्ने मान्यता राख्ने विराम सुरूपासँग आकर्षित भएर पनि दर्शनको आडमा वैवाहिक सम्बन्ध राख्न सक्दैन् । वैवाहिक सम्बन्ध राख्न नसके पनि दुर्बल सिंहको जुलुसले सुरूपाको प्रतिशोधमा जे जति नारा लगाएको छ, उती सुरूपाप्रति स्नेह बढ्दै गएको छ । भीम पुरुषले दार्शनिकहरूलाई जेल हाल्दा विराम शर्मा पनि जेल पर्दछ । सुरूपाबाट जेल मुक्त भएको विराम शर्मालाई शान्ति खलबलाएको भन्दै पुनः जेलमा हालिदिन्छे । उसलाई छुटाउन उसका अनुयायीहरू कोही पनि जादैनन् । उसको दर्शन नै त्यस्तै छ, जसले गर्दा उनीहरू आफूलाई बिर्सन बाध्य भएका छन् । विराम शर्मा आफ्नो दर्शनलाई समेत त्रुटि देख्दै कारागार भित्र सुरूपाको नाम जप्दै आफुलाई बिर्सन चाहन्छ । मगन्तेहरू सबैले सुरूपाका विरुद्धमा जे जति नारा लगाउँछन्, सुरूपाप्रति विराम शर्माको माया, स्नेह बढ्दै जान्छ । यस उपन्यासमा ऊ सौम्य, स्वाभिमानी, अनुकूल, स्थिर, बद्ध र मञ्चीय पुरुष पात्रका रूपमा आएको छ । विराम शर्माका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

---

१००. ऐजन, पृ. ७ ।

**(क) पुरुष पात्र**

उपन्यासमा उसलाई भन्यो, पठायो, पायो, रट्यो, जस्ता क्रियापदको प्रयोग गरेको हुनाले ऊ पुरुष पात्र हो । पुरुष पात्रका रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

सुरूपा सम्भन्थी -" उसको लायक पुरुष पात्र विराम बाहेक छैन् ।"[१०१]

विरामले मनमनै भन्यो - " शायद यति लघुपत्र आज सम्म लेखिएन तर उत्तर दिनका लागि उति नै गुरु चिन्तन गर्नु परिरहेछ ।"[१०२]

उल्लिखित उदाहरणबाट विरामलाई पुरुष पात्रका रूपमा चिनाउन सकिन्छ ।

**(ख) सहायक पात्र**

विराम शर्मा यस उपन्यासमा सहायक पात्रका रूपमा आएको छ । कथानकलाई अघि बढाउनका लागि उसको भूमिका सुरूपाको भन्दा कम भएको र बीच-बीचमा हराउने खण्डित हुँदै आएको हुनाले यो सहायक पात्र हो । बीच बीचमा देखा पर्नाले उपन्यासमा रोचकता ल्याएको छ ।

**(ग) अनुकूल पात्र**

विराम यस उपन्यासमा अनुकूल पात्रका रूपमा चित्रित भएको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म कसैलाई बाधा व्यवधान पुऱ्याएको छैन । विरामलाई उपन्यासमा हुटिटयाउँ जस्तै निरपराध छ, सरल पात्रका रूपमा चित्रण गरिएको छ । खराब कुराहरू पनि नबोल्ने मानव संहारको रक्षा गर्न चाहने हुनाले ऊ सकारात्मक भूमिका निर्वाह गर्ने अनकूल पात्र हो । विराम शर्मा कारागारमा भएको अवस्थामा पनि भीम पुरुषबाट हुन लागेको मानव संहार मन पर्दैन, र मानवको रक्षा गर्नका लागि नारीको भूमिका महत्त्वपूर्ण हुने भन्दै सुरूपालाई भन्छ -"तिमी नारी भएर यस्तो कठोर ! केही उपाय सोच ।"[१०३] यसरी नरसंहार रोक्न सुरूपालाई आग्रह गर्ने विराम मानवतावादी पात्रका रूपमा आउनुले ऊ अनकूल पात्र हो ।

---

१०१. ऐजन, पृ. १५,१६ ।

१०२. ऐजन, पृ. १५,१६ ।

१०३. ऐजन, पृ. २४ ।

**(घ) व्यक्तिगत पात्र**

व्यक्तिगत पात्रका रूपमा आएको छ । उसले आफ्नो मात्र प्रतिनिधित्व गरेको छ । व्यवहारिकतालाई बुझ्न नसकेर सुरूपाले राखेको वैवाहिक प्रस्तावलाई स्वीकार्न पनि सक्दैन र आफ्नो दर्शनप्रति नै त्रुटि देख्न पुग्दछ ।

**(ङ) स्थिर पात्र**

विराम शर्मा पनि यस उपन्यासमा स्थिर रूपमा आएको छ । विरामले भन्छ -" सुरूपा तिमीप्रति मेरो आकर्षण छ, म एक इन्द्रीय हुँ, नर हुँ तर मेरो सिद्धान्त र विश्वास पनि छ ।"[१०४] उसले आफ्ना दर्शनका आडमा आन्तरिक रूपमा सुरूपा प्रतिको प्रेम, स्नेहको भाव हुँदाहुँदै पनि खुलेर परिवर्तन हुन नसकेकाले उपन्यासको सुरुदेखि अन्तिमसम्म एउटै स्थितिमा रहेकोले ऊ स्थिर पात्रका रूपमा प्रस्तुत भएको छ । सुरूपाले उसलाई विवाहको प्रस्ताव राख्दा उपन्यासमा उसले भनेको छ-"मानौ तिमी केही होइनौ, आफूलाई विर्सिदेऊ ।"[१०५] सुरूपाको विवाहको प्रस्तावलाई स्वीकार गर्न सकेको छैन् ।

**(च) बद्ध पात्र**

विराम शर्मा बद्ध पात्रका रूपमा आएको छ । उसका चरित्रसँग उपन्यासका धटनावलीहरू बाँधिएर आएकोले उसलाई उपन्यासबाट झिँकिदिदा उपन्यासको संरचना भत्कन्छ, त्यसैले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

विराम शर्मा पनि मञ्चीय पात्र हो । कथानकको सुरुदेखि नै स्वयम् उपस्थित भई उसका क्रियाकलाप प्रत्यक्ष रूपमा वर्तमानमा नै मञ्चमा घटिक भएकोले ऊ मञ्चीय पात्र हो ।

## ३. अनन्त शर्माका चारित्रिक प्रकार

अनन्त कथानकमा खण्डित रूपमा आएको छ । ऊ सहायक पुरुष पात्र हो । जीवन वृथा हो भनेर जान्दाजान्दै पनि प्रवृत भइरहने जीवन हो, भन्ने धारणा राख्ने अनन्त विद्वान् व्यक्ति हो । उपन्यासमा भनिएको छ । "अनन्त विद्वान् छ ,उसले नजानेको केही छैन् उसले

१०४. ऐजन, पृ. २४ ।
१०५. ऐजन, पृ. १६ ।

प्रेम पत्र लेख्न सिकाइदिन्छ ।"[१०६] सुरूपाले विराम शर्मा र भीम पुरुषलाई झ्यालखानामा हालिदिएपछि ऊ उत्साहित भएर सुरूपालाई आफ्नो बनाउनका लागि प्रेमपत्र लेख्न पुग्दछ । सुरूपाले विवाह प्रस्तावलाई अस्वीकार गरेपछि दुर्बल सिंहलाई साधन बनाएर भाषण नाराका माध्यमबाट प्रतिशोधको भावना राखेको हुन्छ । अनन्त शर्मा सुरुमा स्वार्थी देखिएको छ । पछि आफ्नो दुष्कर्मको प्रायश्चित गर्नका लागि मन्दिर गएर पश्चत्ताप गर्छ उपन्यासमा ऊ अनुकूल । प्रतिकूल चरित्रका रूपमा प्रस्तुत भएको छ । व्यक्तिगत, गतिशील, बद्ध, मञ्चीय पात्र हो । अनन्त  शर्माका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) पुरुष पात्र**

उपन्यासमा उसलाई भनेको छ, भन्यो, सिकाइदिन्छ जस्ता शब्दको प्रयोगबाट ऊ पुरुष पात्र हो ।  अनन्तलाई पुरुष पात्रका रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

अनन्तले भनेको छ - "जीवन वृथा हो भनेर जान्दा जान्दै पनि प्रवृत भइरहने जीवन हो ।"[१०७]

उसले प्रकट रूपमा भन्यो -"आफ्नो विचारमा आफु रमाउनु सत्य हो, वृथा होइन- शायद धरतीमा यही नै सत्य छ ।"[१०८]

उल्लिखित उदाहरणमा अनन्त शर्मालाई भनेको छ, भने जस्ता क्रियापद प्रयोग गरिएकोले ऊ पुरुष पात्र हो भन्ने स्पष्ट हुन्छ ।

**(ख) सहायक पात्र**

अनन्त शर्मा सहायक पात्रका रूपमा प्रस्तुत भएको छ । अनन्त शर्मा पनि यस उपन्यासमा सहायक पात्रको रूपमा आएको छ । ऊ पनि विराम शर्मा जस्तै बीच-बीचमा हराउने र खण्डित हुँदै आएको र सुरूपाको भन्दा कम भूमिका भएकोले ऊ पनि सहायक पात्र हो ।

---

१०६. ऐजन, पृ. १३ ।
१०७. ऐजन, पृ. १२ ।
१०८. ऐजन, पृ. ४६ ।

**(ग) प्रतिकूल पात्र**

अनन्त शर्मा प्रतिकूल रूपमा उपन्यासमा आएको छ। सुरुमा मानव संहारको रक्षा गर्न चाहने अनुकूल पात्रको रूपमा आएको छ । उपन्यासको बीचमा सुरूपालाई आफ्नो बनाउन खोज्छ र सुरूपाले कुनै हालतमा पनि अनन्तको प्रस्तावलाई स्वीकार नगरेपछि सुरूपाका विरुद्धमा नारा लगाउने खराब शब्दहरू बोल्ने गरेको छ। अनन्तले नारा लगायो - " सुरूपा व्यभिचारिणी ।"[१०९] सुरूपाका विरुद्धमा नारा लगाउने अनन्त प्रतिकूल पात्रको रूपमा आएको छ।

**(घ) व्यक्तिगत पात्र**

अनन्त शर्मा पनि यस उपन्यासमा व्यक्तिगत पात्रका रूपमा आएको छ । उसले कुनै वर्गको प्रतिनिधित्व गरेको छैन ।

**(ङ) गतिशील पात्र**

अनन्त शर्मा आफ्नो जीवन दर्शनलाई पटक पटक परिवर्तन गर्ने पात्र भएकोले गतिशील पात्र हो । एउटा मगन्तेहरूबाट शासक बनेको भीम पुरुषलाई पुनः छिमेकी देशका राजाले शासक बन्ने सल्लाह दिँदा ऊ सुरूपाको विरोधमा जान चाहदैन र बदलिदो परिस्थिति अनुसार परिवर्तन हुन पुग्दछ जसले गर्दा ऊ गतिशील पात्र हो ।

**(च) बद्ध पात्र**

अनन्त शर्मा उपन्यासको कथानकसँग बाधिएर आएको छ । उसलाई उपन्यासबाट झिक्ने हो भने संरचना भत्कन्छ। त्यसैले ऊ बद्ध पात्र हो ।

**(छ) मञ्चीय पात्र**

अनन्त शर्मा पनि सुरूदेखि अन्त्यसम्म प्रत्यक्ष उपस्थित भएर वर्तमानमै मञ्चमा कार्य गर्ने व्यक्ति भएकोले ऊ मञ्चीय पात्र हो ।

---

१०९. ऐजन, पृ. ११९ ।

## ४.भीम पुरुषका चारित्रिक प्रकार

अकस्मात् नाटकीय रूपमा देखापरेको भीम पुरुष निरङ्कुशताको प्रतीकका रूपमा आएको छ । एउटा हातमा बम र अर्को हातमा भाषणको पर्चा बोकेर महँगी नियन्त्रण गर्छु भनी दार्शनिकहरूलाई झ्यालखानामा बन्दी बनाउने किसानहरूलाई नाका बन्दी गर्ने, सास्ती दिने क्रूर चरित्र हो । उसले शहरलाई पुरै औद्योगिक बनाएर सबैलाई आफ्नो अधीनमा लिए पनि किसानले पढ्न र लेख्न नजानेकोले आफ्नो अधीनमा लिन सक्दैन् र गाउँ -गाउँ टेलिभिजन पुऱ्याएर अधिनायकवाद लागु गर्न खोज्छ । ऊ दिनहँ टी.भी मा देखा पर्न र भीम पुरुष जिन्दावादको नारा सुन्न चाहाने महत्त्वकांक्षी पात्रका रूपमा आएको छ । उसका राष्ट्रिय कम्पनीहरू विदेशमा पनि ठेक्का पट्टाको काम गर्छन । ऊ मजदुरहरूलाई प्यारो सर्वशक्तिमान ठान्छ । चलिरहेका कारखानामा विस्तारै - विस्तारै कच्चा पदार्थको अभाव र आगोलागि हुन्छ । त्यसपछि ऊ अस्वाभाविक रूपमा पतन हुन पुग्दछ । छिमेकी राजाहरूले पुन : शासक हुने सल्लाह दिए पनि भीम पुरुष सुरूपाको विरोध गर्न चाहँदैन् । भीम पुरुष सत्तादेखि विमुख भएर मगन्तेका बीचमा हिड्दा होस् वा झ्यालखानामा रहँदा सधैँभरि जीवनप्रति आशावादी रहेको छ । सुरूपाको जीवन दर्शनसँग आफ्नो दर्शन मिल्ने हुँदा उसले सुरूपाबाट जीवनदान पाएको अनुभव गर्छ । यसरी उपन्यासमा ऊ प्रतिकूल, व्यक्तिगत ,गतिशील, मञ्चीय र बद्ध पात्रका रूपमा प्रस्तुत भएको छ । भीम पुरुषका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

### (क) पुरुष पात्र

भीम पुरुषलाई यस उपन्यासमा भन्यो, दियो, पऱ्यो, गऱ्यो, रिसायो जस्ता शब्दको प्रयोगबाट ऊ पुरुष पात्र हो । नामबाट पनि ऊ पुरुष पात्र हो । भीम पुरुषलाई पुरुष पात्रका रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

“जसको औपन्यासिक सङ्गति छैन् । शहरमा अकस्मात् एउटा मान्छे देखा पऱ्यो ।”[११०]

यस उदाहरणमा पऱ्यो शब्दले भीम पुरुषलाई पुरुष पात्रका रूपमा चिनाएको छ ।

“आदेश दियो- व्यापारीहरू पनि उसैगरी छुट्टिएर उसका अगाडि देखिने भए ।”[१११]

---

११०. ऐजन, पृ. १९ ।

यस उदाहरणमा पनि भीम पुरुषलाई दियो शब्दले पुरुष पात्रका रूपमा चिनाएको छ ।

"एउटा हातमा बम अर्को हातमा ऐनको कागज लिएको नवोदित उस भीम पुरुषले फर्मान जारी गऱ्यो ।"[११२]

यस उदाहरणमा पनि भीम पुरुषलाई गऱ्यो शब्दले पुरुष पात्रका रूपमा चिनाएको छ ।

भीम पुरुषले भन्यो -"मैले शासन प्रबन्ध हातमा लिनुभन्दा पूर्व गर्नुपर्ने सबै भन्दा महत्त्वपूर्ण काम नै भइसकेको रहेनछ ।"[११३] प्रस्तुत उदाहरणमा भीम पुरुषलाई भन्यो क्रियापद प्रयोग गरिएकाले ऊ पुरुष पात्र हो भन्ने स्पष्ट हुन्छ ।

**(ख) सहायक पात्र**

भीम पुरुष पनि सहायक पात्र हो । उसको भूमिका पनि अनन्त र विराम शर्मा जत्तिकै भएकाले ऊ पनि यस उपन्यासमा सहायक पात्रका रूपमा आएको छ ।

**(ग) प्रतिकूल पात्र**

भीम पुरुष यस उपन्यासमा प्रतिकूल पात्रको रूपमा प्रस्तुत भएको छ । भीमपुरुषले दार्शनिकहरूलाई कारागारमा थुन्न, व्यापारीहरूलाई बजार भाउ सस्तो पार्न र किसानहरूलाई पटक-पटक दुःख दिन पुग्नुले ऊ निरङकुशताको प्रतीक पनि हो । ऊ कसैबाट शासित हुन नचाहने र उपन्यासमा यति क्रूर भएको छ । गाउँले किसानलाई आफ्नो आदेश नमानेको भन्दै आफ्ना सिपाहीहरूको प्रयोग गरी गाउँनै ध्वस्त बनाउने घोषणा गर्दछ । उपन्यासमा उसले भनेको छ "मेरो शासनलाई सहयोग नगर्ने गाउँले किसानलाई एकै बमले सखाप पारिदिने छु ।"[११४] "शहरवासी सबैलाई एकै ठाउँमा गिरफ्तार गरौँ अथवा सिङ्गै शहरलाई झ्यालखानामा परिणत गरौँ "।[११५] यस्ता भनाइले उसको क्रुरतालाई झल्काएको छ ।

---

१११. ऐजन, पृ. १९ ।
११२. ऐजन, पृ. २० ।
११३. ऐजन, पृ. २६ ।
११४. ऐजन, पृ. २३ ।
११५. ऐजन, पृ. ६८ ।

(घ) **वर्गीय पात्र**

यस उपन्यासमा भीम पुरुषले क्रूर शासकहरूको प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय चरित्र हो ।

(ङ) **गतिशील पात्र**

एउटा मगन्तेहरूबाट शासक बनेको भीम पुरुषलाई पुनः छिमेकी देशका राजाले शासक बन्ने सल्लाह दिँदा ऊ सुरूपाको विरोधमा जान चाहदैन र बदलिदो परिस्थिति अनुसार परिवर्तन हुन पुग्दछ जसले गर्दा ऊ गतिशील पात्र हो ।

(च) **बद्ध पात्र**

भीम पुरुष पनि उपन्यासको कथानकसँग बाँधिएर आएको छ । उसलाई उपन्यासबाट हटाउने हो भने उपन्यासको संरचना नै बिग्रन जान्छ । त्यसैले ऊ बद्ध पात्र हो ।

(छ) **मञ्चीय पात्र**

भीम पुरुष उपन्यासको मध्य भागदेखि अन्त्यसम्म प्रत्यक्ष कार्य गर्ने भीम पुरुष मञ्चीय पात्र हो ।

## ५. दुर्बल सिंहका चारित्रिक प्रकार

दुर्बल सिंह सहायक पुरुष पात्र हो । बालकपनदेखि शहरको स्वतन्त्र वातावरणमा हुर्केको, बोराको गुजुल्टोमा बस्ने दुर्बल सिंह दुर्बलताको प्रतीकका रूपमा आएको छ । भीम पुरुषको राज्यमा मगन्ते भएर स्वच्छन्द हिड्ने दुर्बल सिंह कारागारमा बन्दी जीवन बिताउन सम्म पुगेको छ । सडकमा हुर्केको दुर्बल सिंहलाई पटक- पटक अनाथलयमा लगिए पनि ऊ भाग्न सफल हुन्छ । ऊ शहरमा अहिले प्रौढ मगन्तेका रूपमा चिनिन थालेको छ । उसले मगन्तेहरूको नेतृत्व गरी भीम पुरुष विरुद्धमा नारा लगाउँछ । मगन्ते सबैलाई भीम पुरुषले भ्यालखानामा हालिदिन्छ । दुर्बल सिंह बन्दी हुन पुग्दछ । भ्यालखानाका बन्दीहरू भोकले विलाउने अवस्थामा पुगेपछि सुरूपाले बन्दीहरूलाई छुटकारा दिनपुग्छे । दुर्बल सिंह कारागारको पाले हुन पुग्छ । वेहोश अवस्थामा रहेको भीम पुरुष होशमा आएपछि डोरी र

विष दिएर आत्महत्या गर्न प्रेरित गर्ने दुर्बल सिंहको यही कारणबाट पालेको जागीर खोसिन पुग्छ । शहरमा भीम पुरुषलाई फाँसी हुनुपर्छ, भनेर नारा लाग्दा पनि "भीम पुरुषलाई फाँसी हुनैपर्छ भन्छ ।"[११६] एकछिन पछि अर्को जुलुस आई भीम पुरुष जिन्दावाद भन्दा ऊ पनि

"हाम्रा नेता भीम पुरुष जिन्दावाद भन्न पुग्दछ ।"[११७] त्यसैले ऊ यस उपन्यासमा अवसरवादीका रूपमा आएको छ । यस उपन्यासमा प्रतिकूल, बद्ध, वर्गीय, गतिशील, मञ्चीय पात्रका रूपमा प्रस्तुत भएको छ । उसका चारित्रिक विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) पुरुष पात्र**

उपन्यासमा उसलाई उसको नामबाट र उसलाई पुऱ्यायो, असल छ, सक्तिन, भन्छ जस्ता शब्दको प्रयोगबाट ऊ पुरुष पात्र हो । दुर्बल सिंहलाई पुरुष पात्रका रूपमा निम्न उदाहरणबाट चिनाइन्छ :

"दुर्बलसिंह प्रौढ भएको छ ।"[११८]

"दुर्बल सिंह भन्छ - उ असल छ , मैले मनमा केही चिताएको छैन् ।"[११९] "टेलिभिजनको पहिलो दृश्य देखेर बन्दी दुर्बल सिंह वेहोश नै भएको थियो, उसले भन्यो, बन्द गर बन्द गर म हेर्न सक्तिन ।"[१२०]

उल्लिखित उदाहरणहरूमा प्रौढ भएको छ, भन्छ, असल छ भन्ने क्रियापदको प्रयोग गरिएकाले ऊ पुरुष पात्र हो भन्ने स्पष्ट हुन्छ ।

**(ख) सहायक पात्र**

दुर्बल सिंह पनि यस उपन्यासमा सहायक पात्रको रूपमा आएको छ । सुरूपाको भन्दा कम भूमिका र उपन्यासको मध्यभागको बीचबाट अन्त्यसम्म देखापरेकाले ऊ पनि सहायक पात्र हो ।

---

११७. ऐजन, पृ. १०४ ।
११८. ऐजन, पृ. १०४ ।
११९. ऐजन, पृ. ४८ ।
१२०. ऐजन, पृ. ५९ ।

**(ग) प्रतिकूल पात्र**

शहरमा भीम पुरुषलाई फाँसी हुनुपर्छ भन्ने नारा लाग्दा दुर्बल सिंह पनि "भीम पुरुषलाई फाँसी हुनै पर्छ भन्छ ।"[१२१] ऊ अवसरवादीको रूपमा आएको छ । सुरूपाको विरुद्धमा नारा लगाउदै सुरूपाको राज्य सत्ता लत्याउने प्रयास गर्छ । सुरूपालाई दुःख दिने र आफ्नै स्वतन्त्रताको समेत अपहरण गर्न पुगेकोले यो प्रतिकूल पात्रको रूपमा प्रस्तुत भएको छ ।

**(घ) वर्गीय पात्र**

दुर्बल सिंह वर्गीय पात्र हो । उसले कमजोर मानसिकता भएका मानिसहरूको वा मगन्तेहरूको प्रतिनिधित्व गरेको छ ।

**(ङ) गतिशील पात्र**

दुर्बल सिंह भीम पुरुष राज्य सत्तामा जादा मगन्ते केटाहरूसँग मिलेर आफ्नो नेतृत्वमा भीम पुरुष विरुद्धमा नाराबाजी गर्ने र पछि फेरी सुरूपा सत्तामा पुग्दा अनन्तसँग मिलेर सुरूपा विरुद्धमा नाराबाजी गरेको छ । बदलिदो परिस्थिति अनुसार परिवर्तन हुन पुग्दछ जसले गर्दा ऊ गतिशील पात्र हो ।

**(च) बद्ध पात्र**

दुर्बल सिंह पनि बद्ध पात्र हो । उसलाई पनि उपन्यासबाट हटाउने हो भने उपन्यासको संरचना भत्कन्छ ।

**(छ) मञ्चीय पात्र**

दुर्बल सिंह उपन्यासको मध्य भागको बीचमा उपस्थित भई प्रत्यक्ष रूपमा मञ्चमा आएकोले ऊ मञ्चीय पात्र हो ।

## ६ .बूढो किसानका चारित्रिक प्रकार

बूढो किसान यस उपन्यासमा गौण पुरुष पात्रका रूपमा आएको छ । उसको उपन्यासमा खासै भूमिका छैन् । सुरूपा गाउँमा बस्दा गाउँले किसानको छलफलको क्रममा आएको छ । बूढो किसानले सम्पूर्ण किसान वर्गको प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय पात्र

१२१. ऐजन, पृ. १०४ ।

हो । उपन्यासमा आफै सहभागी भई आफ्नो विचार प्रस्तुत नगरेकाले ऊ नेपथ्य पात्र हो । उपन्यासको कथानकसँग कुनै आबद्धता नभएकाले ऊ मुक्त पात्र हो ।

## ७ .सडकमा हिडिरहेकी महिलाका चारित्रिक प्रकार

गौण स्त्री पात्रका रूपमा आएकी छ । सुरूपा कारागारबाट भागेपछि कारागारमा महिलाको गन्ति पुऱ्याउनका लागि सडकबाट कारागारमा ल्याइएको हो । महिला वर्गको प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय पात्र हो । उपन्यासमा आफै सहभागी भई आफ्नो विचार प्रस्तुत नगरेकाले ऊ नेपथ्य पात्र हो । उपन्यासको कथानकसँग कुनै आबद्धता नभएकाले ऊ मुक्त पात्र हो ।

## ८. अर्दलीका चारित्रिक प्रकार

यस उपन्यासमा अर्दली गौण पुरुष पात्रका रूपमा आएको छ । अर्दली भीम पुरुषको ढोका खोल्ने र बन्द गर्ने काम गर्छ । अर्दली व्यक्तिगत पात्र हो । उपन्यासमा आफै सहभागी भई आफ्नो विचार प्रस्तुत नगरेकाले ऊ नेपथ्य पात्र हो । उपन्यासको कथानकसँग कुनै आबद्धता नभएकाले ऊ मुक्त पात्र हो ।

## ९. एउटी किसान महिलाका चारित्रिक प्रकार

गौण स्त्री पात्र हो । उपन्यासमा उसको भूमिका नगन्य छ । ऊ पनि सुरूपा गाउँमा बस्दा गाउँले किसानको छलफलको क्रममा आएकी छ । वर्गीय चरित्र हो । उपन्यासमा आफै सहभागी भई आफ्नो विचार प्रस्तुत नगरेकाले ऊ नेपथ्य पात्र हो । उपन्यासको कथानकसँग कुनै आबद्धता नभएकाले ऊ मुक्त पात्र हो ।

## १०. बुज्रुक किसानका चारित्रिक प्रकार

यस उपन्यासमा बुज्रुक किसान गौण पुरुष पात्रका रूपमा आएको छ । सुरूपा गाउँमा बस्दा गाउँले किसानको छलफलको क्रममा आएको छ । बुज्रुक किसानले सम्पूर्ण किसान वर्गको प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय पात्र हो । उपन्यासमा आफै सहभागी भई आफ्नो विचार प्रस्तुत नगरेकाले ऊ नेपथ्य पात्र हो । उपन्यासको कथानकसँग कुनै आबद्धता नभएकाले ऊ मुक्त पात्र हो ।

## ११.सेनापतिका चारित्रिक प्रकार

यस उपन्यासमा सेनापति गौण पुरुष पात्रका रूपमा आएको छ । सेनापति सिपाहीको एक दिने विदाको मागलाई लिएर भीम पुरुष समक्ष उपस्थित भएको छ । सिपाहीहरूसँग गाउँको प्राकृतिक सौन्दर्य हेर्न जाने क्रममा आएको छ । उपन्यासमा आफै सहभागी भई आफ्नो विचार प्रस्तुत नगरेकाले ऊ नेपथ्य पात्र हो । उपन्यासको कथानकसँग कुनै आबद्धता नभएकाले ऊ मुक्त पात्र हो ।

## ४.६.४. समूहवाचक नाम सहभागी

**उत्सर्ग प्रेम** उपन्यासमा समूहवाचक नाम सहभागीलाई तालिकाबाट देखाउन नसकिने हुनाले समग्रमा  निम्नानुसार देखाइको छ :

किसानहरू, किसान आइमाईहरू, उद्योगपति, कैदीहरू, मजदुर, गाउँलेहरू, बुढाबुढी, व्यापारीहरू, बन्दीहरू, तस्वीर खिच्नेहरू, संवाददाताहरू, एक्सरे र कम्प्युटर यन्त्र चालकहरू, राज्यका गुप्तचरहरू, बैङ्कका कर्मचारी, बाह्य देशका शासकहरू, दार्शनिक अनुयायीहरू र सन्देशवाहकहरू प्रस्तुत नामहरू समूहवाचक नामहरू हुन् । यिनीहरू सबै अनुकूल पात्रका रूपमा आएका छन् । यिनीहरूको खासै पहिचान नभएको हुनाले समूहवाचक नाम सहभागीमा राखिएको हो । उपन्यासमा  यिनीहरूको भूमिका गौण भएकोले यी सबै गौण सहभागीहरू हुन् ।  यिनीहरूका चारित्रिक प्रकारलाई समग्रमा देखाइएको छ :

यस **उत्सर्ग प्रेम** उपन्यासमा आएका दार्शनिक अनुयायीहरू जीवन सम्बन्धी आफ्नो दर्शन प्रस्तुत गर्ने सुरूपा, विराम शर्मा, र अनन्त शर्मालाई टेवा दिनका लागि आएका छन् । दार्शनिक नेताहरूको पछि लागेर जीवनको परिभाषा खोज्ने हुँदा कारागारमा पुग्दछन् र बन्दी जीवन बिताउन बाध्य हुन्छन् । उपन्यासमा यिनीहरू बीचमा उपस्थित भएका र उपन्यासको कथानकसँग पनि नबाँधिएकोले मुक्त र नेपथ्य पात्र हुन् । एकाएक राज्य सत्तामा पुगेको भीम पुरुषको आदेश अनुसार सिपाहीहरू किसानहरूलाई पटक-पटक दु :ख दिने र मगन्तेहरूलाई समेत झ्यालखानामा हाल्ने क्रममा आएका छन् । त्यसैले यिनीहरू प्रतिकूल पात्र हुन् । सिपाहीहरूले देशका वा भीम पुरुषको राज्य सत्ताका सेवकहरूको प्रतिनिधित्व गरेको हुनाले उनीहरू वर्गीय चरित्र हुन् । उपन्यासमा यिनीहरू बीचमा उपस्थित भएका र उपन्यासको कथानकसँग पनि नबाँधिएकोले मुक्त र नेपथ्य पात्र हुन् । गाँउले किसानहरूका

रूपमा किसान महिलाहरू र किसान मर्दहरू गरी दुई प्रकारका समूहवाचक नाम चरित्रहरू देखा परेका छन् । महिला किसानहरू सुरूपाको साथमा रहेर सुरूपालाई सहयोग गर्ने क्रममा आएका छन् । किसान मर्दहरू भीम पुरुषको क्रूरताले गर्दा सुरूपाको सल्लाह अनुसार कलकारखानामा काम गर्न शहर गएका छन् । यी पात्रहरू सबै अनुकूल, गौण चरित्रका रूपमा देखा परेका छन् । उपन्यासमा कुनै कुनै प्रसङ्गमा मात्र देखा पर्ने हुनाले उनीहरू नेपथ्य र मुक्त पात्रका रूपमा सहभागी भएका छन् । मजदुरहरू भीम पुरुषको कारखानामा काम गर्ने, कारागारको निर्माण गर्ने सरल व्यक्तिहरू हुन् । यिनीहरू उपन्यासमा गौण रूपमा आएका छन् । उपन्यासको कथानक विकाशमा खासै भूमिका नभएको यिनीहरू नेपथ्य र मुक्त पात्रहरू हुन् । मजदुरहरूको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हुन् । मगन्तेहरू केटाहरू स्वच्छन्द हिड्न चाहने, स्वतन्त्र रूपमा सडकमा जीवन जीउन चाहने भीम पुरुषको शासनकालमा स्वतन्त्रता गुम्ने डरले दुर्बल सिंहको नेतृत्वमा भीम पुरुषको विरुद्धमा नारा लगाउँछन् । त्यसैले मगन्तेहरू प्रतिकूल, पात्रहरू हुन् । यिनीहरू कहिले भीम पुरुष त कहिले दुर्बल सिंहलाई सहयोग गर्ने पात्र हुन् । गौण, प्रतिकूल, वर्गीय, मुक्त र नेपथ्य पात्रहरू हुन् । बैङकका कर्मचारी,बाह्य देशका शासकहरू, तस्वीर खिच्नेहरू,उद्योगपतिहरू गौण चरित्रहरू हुन् । यिनीहरूको उपन्यासमा नाम मात्र उच्चारण भएको छ । यिनीहरू स्थिर,अनुकूल, वर्गीय, मुक्त र नेपथ्य पात्रहरू हुन् । दूतहरू पनि यस उपन्यासमा गौण चरित्रका रूपमा आएका छन् भीम पुरुषले नाका लगाएपछि गाउँको अवस्था बुझ्न पठाएको छ । वर्गीय, स्थिर, अनुकूल, मुक्त र नेपथ्य पात्रहरू हुन् । व्यापारीहरू भीम पुरुषको आदेशमा समानको मूल्य सस्तो बनाउने क्रममा आएका छन् । वर्गीय, स्थिर, अनुकूल, मुक्त र नेपथ्य पात्रहरू हुन् । शहरका महिलाहरू कारखानामा आगो लागेपछि कालाम्मे भएर शहरमा यत्रतत्र डुलेका र सुरूपाले भेटेकी छ । उपन्यासको कथानक विकाशमा खासै भूमिका नभएको यिनीहरू नेपथ्य र मुक्त पात्रहरू हुन् । उपन्यासबाट झिकिदिदा पनि कुनै असर पर्दैन । प्रहरीहरू, तस्वीर खिच्नेहरू, राज्यका गुप्तचरहरू, सन्देशवाहकहरू सामान्य रूपमा नाम मात्र उल्लेख भएको छ । यिनीहरू नगन्य रूपमा आएका छन् ।

## ४.७ उत्सर्ग प्रेम उपन्यासका सहभागीहरूको चारित्रिक अभिलक्षण

| पात्र / अभिलक्षण | सुरूपा | विराम शर्मा | अनन्त शर्मा | दुर्बल सिंह | भीम पुरुष |
|---|---|---|---|---|---|
| प्रौढ | - | - | - | + | - |
| युवा | + | + | + | - | + |
| बालक | - | - | - | - | - |
| मानवतावादी | + | + | + | - | - |
| सुन्दर | + | + | - | - | - |
| प्रकृतिप्रेमी | + | + | - | - | - |
| धार्मिक | - | - | + | + | + |
| क्रुर (निदयी) | - | - | - | - | + |
| पश्चात्तापी | - | - | + | + | + |
| आशावादी | - | - | - | - | + |
| विद्वान् | + | + | + | - | - |
| अवसरवादी | - | - | - | + | - |
| स्वच्छन्द | - | - | - | + | - |
| ऋविवाहित | + | + | + | + | + |

### ४.७.१ सुरूपाका चारित्रिक अभिलक्षण

सुरूपा यस उपन्यासमा अनन्त र विराम शर्मा जत्तिकै विदूषीका रूपमा आएकी छ । सुरूपा रूपवती र आकर्षणकी पात्र हो । प्रेम, आशा उत्साह मेरो जीवन दर्शन हो, भन्ने सुरूपा प्रकृतिलाई सर्वोपरि महत्त्व दिन्छे । प्रकृति तथा विचारकी प्रतिमूर्तिका रूपमा सुरूपा उपन्यासमा चित्रित छ । उसलाई उपन्यासमा रूप सौन्दर्यले युक्त युवती, मानवको रक्षा गर्न चाहने मानवतावादी, प्रकृतिप्रेमी विद्वान् जस्ता गुणले युक्त नारीका रूपमा चित्रण गरिएको छ । सुरूपाका मुख्य मुख्य अभिलणलाई निम्नानुसार देखाइएको छ :

## १ मानवतावादी

सुरूपा यस उपन्यासमा मानवतावादी पात्रका रूपमा उपस्थित भएकी छ । भीम पुरुषले गर्न लागको नरसंहारको बेला गाउँका किसानहरूलाई बचाएर राखेकी छे । उपन्यासमा उसले भनेकी छ, विकृतिको बेला प्रकृतिका पुत्र किसानहरूलाई बचाएर राख्नु परेको छ । गाउँका मर्दहरूलाई गिरफ्तार गरेर शहर लगिएपछि गाउँका किसानहरूलाई सान्तवना दिने उनीहरूको दिनचर्यामा सहायता गर्ने काम सुरूपाले गरेकी छ । भीमपुरुषले दाशर्निकहरू र किसानहरूलाई कारागारमा बन्दी बनाएको बेला, कारागारको साँचो खोली बन्दीहरूलाई बाहिर निकालेकी छ । फाँसीको माग भएको भीमपुरुषलाई कारागार मुक्त गरी फाँसी आदेश फिर्ता गरेकी छ । यसरी ऊ उपन्यासमा मानवतावादी पात्रका रूपमा आएकी छ । निम्नलिखित उदाहरणबाट उसलाई मानवतावादीका रूपमा चिनाउन सकिन्छ :

**(क)** विकृतिको बेला प्रकृतिका पुत्र किसानहरूलाई बचाएर राख्नु परेको छ ।[१२२]

**(ख)** किसान हावापानीको अनुकूल पेशा, प्राकृतिक अवोहवाका देन यिनलाई बचाएर राख्नु मैले आफ्नो कर्तव्य सम्झेकी छु ।

**(ग)** जबदेखि मर्दहरू गिरफ्तार गरिएर शहर लगिए गाउँका महिलाहरू बूढा र बालकहरूलाई सान्त्वना दिने उनीहरूको दिनचर्यामा सहायता गर्ने गाउँलेहरूको बीचमा सञ्चार सम्पर्क कायम गरी एउटा गाउँले समाजको स्थिति कायम गरिराख्नु सुरूपाले सहायता गरेकी छ ।[१२३]

**(घ)** सुरूपा दौडिएर कारागार पुगी - उसले त्यति साह्रै दोडिएको त्यो पहिलो पाली होला । व्यारेकका कति कति मोटर गाडी तर ती आफै नचल्ने उ धेरै दिन देखि लगातार परिश्रम गरिरहेकी हुनाले उ धेरै थाकेकी पनि थिई उ शरीरले नमान्दा नमान्दै पनि किन दौड्न सकेकी छ शरीर मनको दास त हो शायद आशा र विश्वासले सर्वोत्तम सुन्दरी रूपमा केवल पिंजडा बनेकी थिई आशा र विश्वासको पिंजडा कङ्काल शरीर एक कङ्काल

१२२. ऐजन, पृ.४१ ।
१२३. ऐजन, पृ. ५५ ।

त हो आशा र विश्वासले नै मान्छेलाई हेर्ने लायक बनाउँछ । उसको अन्तिम आशा र प्रयास साँचो मिल्यो, बन्दी गृह खुल्यो ।[१२४]

(ङ) भीम पुरुषलाई फाँसी र कारागारको सजायबाट मुक्त गरी ।[१२५]

उल्लिखित उदाहरणहरूबाट सुरूपा मानवतावादी पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**२ प्रकृतिप्रेमी**

सुरूपा यस उपन्यासमा प्रकृतिप्रेमीका रूपमा आएकी छ । उसले प्रकृतिलाई सर्वोपरि महत्त्व दिन्छे । प्रकृतिका चारैतिर उसले प्रेम उत्सर्ग र सुन्दरता बाहेक केही पनि देख्दिन । निम्न उदाहरणबाट उसलाई प्रकृति प्रेमीका रूपमा चिनाउन सकिन्छ :-

(क) देखिन्छ तर आयाम छैन्

बदलिन्छ तर समय छैन्

क्षण क्षण बदलिन्छ तर अन्त छैन्

धेरै अन्तरमा छ तर सीमा छैन् ।

(ख) जिन्दगीका लागि, उसको दर्शन प्रेम र उत्सर्गका लागि प्रकृतिका चारेतिर प्रेम र उत्सर्ग बाहेक उ केही देख्दिन्, भन्ने भनाइबाट ऊ प्रकृतिप्रेमी हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**३ सुन्दर**

सुरूपा यस उपन्यासमा सुन्दर रूपवती, सबैको आकर्षणकी पात्रका रूपमा आएकी छ । उसको सुन्दरताले कारागारमा होस्, गाउँले किसानको माझमा होस् सबैलाई लट्ठ बनाएको छ । को पुगेको ठाउँ कसले देखेको छ ? तिनताक त्यस ठाउँमा यिनै दुई पक्षका अनुयायीहरूको द्वन्द्व चर्किरहेको बेला म पनि केटी हुँ भनेर अग्रसर हुने सुरूपा थिई । वास्तवमा ऊ रूपवती थिई उसमा कुनै दर्शनको दाग लागेको थिएन । रूप सौन्दर्यले युक्त नारीको रूपमा चित्रण गरिएको छ । निम्न उदाहरणबाट उसलाई सुन्दर नारीका रूपमा चिनाउन सकिन्छ :

१२४. ऐजन, पृ. ८६ ।
१२५. ऐजन, पृ. ९९,१०० ।

(**क**) सुरूपाको सौन्दर्यले कसलाई आकर्षित गर्दैन ।[१२६]

(**ख**) गाउँलेहरू सुरूपालाई चियाएर हेरे त्यति सुन्दर स्त्री त उनीहरूले देखेकै छैन,।[१२७]

(**ग**) उ रूपवती थिई - सबैको आकर्षणकी पात्र-नयाँ प्रतिभा ।[१२८]

(**घ**) सर्वोत्तम सुन्दरी सुरूपा केवल पिंजडा बनेकी थिई ।[१२९]

उल्लिखित उदाहरणबाट सुरूपा सुन्दर छ, भन्ने कुरा स्पष्ट हुन्छ ।

**४ विद्वान्**

सुरूपा यस उपन्यासमा विदूषी, दार्शनिक विचारको बाहकको रूपमा आएकी छ । उसलाई उपन्यासमा एक असल, सहयोगी र विवेकशील पात्रका रूपमा चित्रण गरिएको छ । निम्न उदाहरणबाट उसलाई विद्वान्का रूपमा चिनाउन सकिन्छ :-

(**क**) सुरूपा अनन्त र विराम जत्तिकै योग्य र विदूषी थिई तर उमेरले कलिली र अनुभवले पछि परेकी ।[१३०]

उल्लिखित उदाहरणहरूमा सुरूपालाई विराम शर्मासँग तुलना गरेको हुनाले ऊ विद्वान् हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**५ अविवाहित**

सुरूपाले उपन्यासमा विराम शर्मालाई मन पराएको र विराम शर्मा बाहेक आफूको लागि अर्को योग्य वर नभएको कुरा प्रष्ट रूपमा व्यक्त गरेकी छ । निम्न उदाहरणबाट उसलाई अविवाहित रूपमा चिनाउन सकिन्छ :-

"तिमी मसित विवाह गर्न राजी होऊ

प्रेम पनि आफुलाई बिर्सिदिने साधन हो ।"[१३१]

---

१२६. ऐजन, पृ. २४ ।
१२७. ऐजन, पृ. ३५ ।
१२८. ऐजन, पृ. ३ ।
१२९. ऐजन, पृ. ८६ ।
१३०. ऐजन, पृ. ३ ।
१३१. ऐजन, पृ. २४,२५ ।

सुरूपाले विरामलाई विवाहको प्रस्ताव राखेकी छ । तर विराम शर्मा उसको दर्शन नै आफूलाई बिर्सिदिने भएकाले आफ्नो दर्शनको आडमा सुरूपालाई विवाह गर्न सक्दैन । सुरूपालाई अनन्त शर्माले पनि विवाहको प्रस्ताव राखेबाट ऊ अविवाहित हो भन्ने कुरा प्रष्ट हुन्छ ।

## ४.७.२ विराम शर्माका चारित्रिक अभिलक्षण

यस उपन्यासमा विराम शर्मा निस्पाप, सरल, निरपराध, मानवतावादी चरित्रका रूपमा आएको छ । विद्वान्, अविवाहित, युवा सुन्दर छ । विराम शर्माका मुख्य मुख्य अभिलक्षणलाई निम्नानुसार देखाउन सकिन्छ :

### १ मानवतावादी

विराम शर्मा यस उपन्यासमा मानवतावादी पात्रका रूपमा आएको छ । उसले मानवको रक्षाका लागि सुरूपालाई भनेको छ । भीम पुरुषबाट हुन लागेको मानवसंहार मन पर्दैन र मानव रक्षाको लागि नारीको भूमिका महत्त्वपूर्ण हुने भन्दै सुरूपालाई भन्छ "तिमी नारी भएर यस्तो कठोर । केही उपाय सोच यो नरसंहार रोक्ने केही उपाय सोच ।"[१३२] यसरी मानवसंहार रोक्न चाहने विराम शर्मा मानवतावादी पात्र हो, भन्ने कुरा स्पष्ट हुन्छ ।

### २ सुन्दर

विराम शर्मा यस उपन्यासमा सुन्दर रूपवान् आकर्षण पुरुष पात्र हो । सुरूपाले सुन्दर सरल र निस्वाप निरपराध देख्ने विरामलाई विवाहको प्रस्ताव राखेकी छ । विराम शर्मालाई निम्न उदाहरणबाट सुन्दर रूपमा चित्रण गर्न सकिन्छ :

**(क)** विराम सुरूप छ, सरल छ, निस्पाप छ ।[१३३]

**(ख)** विराम शर्माको सौन्दर्यको कल्पनामा मग्न छ उसकहाँ ऊ आफ्नो प्रेमको प्रस्ताव कसरी पठाओस् भन्ने विषयको खोजीमा छ ।[१३४]

---

१३२. ऐजन, पृ. २४ ।
१३३. ऐजन, पृ. ११ ।
१३४. ऐजन, पृ. ११ ।

उल्लिखित उदाहरणहरूमा सुरूपाले विराम शर्मालाई सुरूप छ आफ्नो लायक विराम बाहेक अरु कोही छैन भनेको हुनाले ऊ सुन्दर छ, भन्ने कुरा स्पष्ट हुन्छ ।

**३ विद्वान्**

विराम शर्मा यस उपन्यासमा विवेकशील, दाशर्निक विद्वान्का रूपमा आएको छ । उसलाई निम्न उदाहरणबाट विद्वान्का रूपमा चित्रण गर्न सकिन्छ :

त्यस भू-भागमा विराम मात्र एक योग्य युवक थियो- विद्वान् सौम्य, निरपराध र स्वाभिमानी ।[१३५]

उल्लिखित उदाहरणहरूमा विराम शर्मालाई त्यस भूभागमा विराम मात्र एक योग्य थियो भन्ने भनाइबाट ऊ विद्वान छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.७.३ अनन्त शर्माका चारित्रिक अभिलक्षण

अनन्त शर्मा यस उपन्यासमा युवा, अविवाहित, धार्मिक, पश्चात्तापी, विद्वान्, आशावादी पात्रका रूपमा आएको छ । वृथा हो भनेर जान्दा जान्दै पनि प्रवृत्त भइरहनु जीवन हो भन्ने दृष्टिकोण राख्ने अनन्त शर्मा विद्वान् पात्र हो । अनन्त शर्माका मुख्य अभिलक्षणहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**१ धार्मिक**

अनन्त शर्मा यस उपन्यासमा धार्मिक रूपमा प्रस्तुत भएको छ । उसले मन्दिरमा गएर आफूले गरेको गल्ती पापबाट छुटकरा पाउनका लागि प्राथना गरेको छ । उपन्यासमा धार्मिक रूपमा उसलाई यसरी चित्रण गरिएको छ - "अनन्त शर्मा पहिले नै पश्चात्तापबाट मुक्ति खोज्नका लागि प्राथनामा मन्दिरमा लीन रहेछ ।"[१३६] उ पश्चात्तापबाट मुक्ति खोज्न मन्दिर जानुले उसलाई धार्मिक रूपमा चिनाएको छ ।

---

१३५. ऐजन, पृ. १५ ।
१३६. ऐजन, पृ. १२६ ।

**२ पश्चात्तापी**

दुर्बल सिंहको बलको भरमा सुरूपालाई पाउने इच्छा गर्नु र सुरूपालाई प्रेम पत्र लेखेको र सुरूपाका विरुद्ध नारा लगाएकोमा उसले पश्चात्ताप गरेको छ । निम्न उदाहरणबाट उसलाई पश्चात्तापीका रूपमा चिनाउन सकिन्छ :

(**क**) अनन्त शर्मा पहिले नै पश्चात्तापबाट मुक्ति खोज्दै प्राथनामा मन्दिरमा लीन रहेछ ।[१३७]

(**ख**) अनन्त शर्माले आफै पश्चात्ताप गऱ्यो । उसको आफ्नो जीवन दर्शनबाट आफै बहकियो वृथा भन्ने बिर्सिएर उ वास्तवमा प्रवृत्त भयो । दुर्बल सिंहको बलको भरमा सुरूपा प्राप्तिको इच्छा गर्ने मलाई नपुसंक भन्छन् । ठीक भन्छन् ।[१३८] भन्दै आफ्ना गल्तीहरूलाई स्वीकार गरेको छ ।

**३ अविवाहित**

विराम शर्मा अविवाहित छ । उसले सुरूपालाई आफ्नो बनाउनका लागि प्रेम पत्र लेख्न पुग्छ । उसले पनि सुरूपालाई एक पत्र लेख्ने अवस्था परि आयो उसले सुरूपाको समीप हुन अर्थात प्रेम पत्रको भूमिका लेख्नु परेको छ ।[१३९]

**४ मानवतावादी**

अनन्त शर्मा यस उपन्यासमा मानवतावदी पात्रको रूपमा आएको छ । भीम पुरुषबाट हुन लागिरहेको नरसंहारप्रति उसलाई घृणा लाग्छ र सुरूपालाई आफ्ना सौन्दर्यको प्रयोग गरी मानवसंहारको रक्षा गर्न आग्रह गर्दछ । नरसंहार मन नपर्नु र सुरूपालाई मानव रक्षाको आग्रह गरेबाट ऊ मानवतावादी पात्र हो, भन्ने कुरा स्पष्ट हुन्छ ।

**५ विद्वान्**

अनन्त शर्मा यस उपन्यासमा विद्वान्  व्यक्तिका रूपमा आएको छ । विराम शर्माले उसलाई अग्रज र विद्वान् भनी सम्बोधन गरेको छ । विद्वान्का रूपमा उसलाई निम्न उदाहरणबाट चिनाउन सकिन्छ :

---

१३७. ऐजन, पृ. १२६ ।
१३८. ऐजन, पृ. १२७ ।
१३९. ऐजन, पृ. १०६ ।

(**क**) अनन्त विद्वान् छ, उसले नजानेको केही छैन, उसले प्रेम पत्र लेख्न पनि सिकाइ दिन्छ ।[१४०]

(**ख**) विराम "अनन्त तिमीलाई अग्रज र विद्वान्  मान्दछु" अनन्त र विराम जस्ता दार्शनिक विद्वान्हरू थिए ।[१४१] उल्लिखित उदाहरणमा अनन्तलाई विरामले अग्रज र विद्वान् मानेको र उसले नजानेको केही छैन भन्ने भनाइबाट ऊ विद्वान् हो भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.७.४ भीमपुरुषका चारित्रिक अभिलक्षण

अकस्मात् नाटकीय रूपमा उपस्थित भएको भीम पुरुष निर्दयी क्रुर पात्रका रूपमा उपन्यासमा चित्रित भएको छ । निर्दयी भए पनि धार्मिक पश्चात्तापी अविवाहित र आशावादी पात्रका रूपमा उपन्यासमा उपस्थित भएको छ । भीम पुरुषका मुख्य अभिलक्षणलाई निम्नानुसार देखाउन सकिन्छ :

### १ धार्मिक

भीम पुरुष निर्दयी भएर पनि धार्मिक रूपमा देखा परेको छ । आफूले गरेको पापबाट मुक्ति पाउनका लागि मन्दिर पुगेको छ । उपन्यासमा उसलाई- आफ्ना विगतका भूल र पाप स्वीकार गर्न मन्दिर गयो भनिएको छ ।

### २ पश्चात्तापी

विगतमा गरेको निर्दयी व्यवहारबाट उसलाई पश्चात्ताप पर्छ र पापको प्रायश्चित गर्न मन्दिर गएको छ । ऊ पश्चात्तापी पात्रका रूपमा उपन्यासमा चित्रित भएको छ ।

### ३ निर्दयी (क्रुर)

अकस्मात उदय भएको भीम पुरुष उपन्यासमा सुरूमा देखा पर्दा निर्दयी क्रुर रूपमा देखा परेको छ । व्यापारीहरूलाई मूल्य सस्तो पार्न आदेश दिने किसानहरूलाई नुन तेलको आपूर्ति बन्द गरिदिने, किसानहरूलाई बमले सखाप पारिदिने छु भन्ने जस्ता निर्दयी व्यवहार देखाएको छ । उसलाई क्रूर र निर्दयीका रूपमा निम्न उदाहरणबाट चिनाउन सकिन्छ :

---

१४०. ऐजन, पृ. १३ ।
१४१. ऐजन, पृ. ५९ ।

(**क**) एउटा हातमा बम थियो अर्को हातमा भाषणको कागज थियो । उसले भन्यो महङ्गी नियन्त्रण गर्छु ।[१४२]

(**ख**) भीम पुरुषले आदेश दियो - किसानजतिलाई झ्यालखानमा हालिदेयो ।[१४३]

(**ग**) गाउँले किसानहरूलाई नुन तेलले आपूर्ति बन्द गरिदिने आदेश दियो ।[१४४]

(**घ**) मेरो शासनलाई सहयोग नगर्ने गाउँले किसानहरूलाई एकै बमले सखाप पारिदिने छु ।[१४५]

उल्लिखित उदाहरणहरूमा किसान सबैलाई झ्यालखानामा हालिदिने किसानलाई नुन तेलको आपूर्ति बन्द गरिदिने र किसानहरूलाई बमले सखाप पार्ने भन्ने भनाईले ऊ निर्दयी पात्र हो भन्ने स्पष्ट हुन्छ ।

**४ आशावादी**

निर्दयी क्रुर पश्चात्तापी हुँदा हुदै पनि आशावादी चरित्रका रूपमा आएको छ । उसले जीवनको एक क्षणलाई पनि आश गरेको छ । उसलाई फाँसीको सजाए सुनाउँदा पनि दिउसो फाँसी दिए एकरात भए पनि जीवन उपभोग गर्न पाउने आशा पलाएको छ । उसलाई आशावादीका रूपमा निम्न उदाहरणबाट चिनाउन सकिन्छ :

(**क**) भीम पुरुष आशावादी हो, आफ्नो छत्रछायाँ भित्रबाट निराशावादलाई वेमाख पार्न चाहन्छ ।[१४६]

(**ख**) भीम पुरुष आशा गर्दै रहयो - ती उद्योगपतिहरू व्यापारीहरू फेरी आउलान् कारखानाको काम चालु हुनेछ ,समस्याको समाधान भइजाने छ ।[१४७]

(**ग**) उसले मनमनै भन्यो- जीवनप्रति आस्था छ, आशा छ म जीवनको उपभोग गर्न चाहन्छु ।[१४८]

१४२. ऐजन, पृ. १९ ।
१४३. ऐजन, पृ. २० ।
१४४. ऐजन, पृ. २१ ।
१४५. ऐजन, पृ. २३ ।
१४६. ऐजन, पृ. ६२ ।
१४७. ऐजन, पृ. ६२ ।
१४८. ऐजन, पृ. ९० ।

(घ) जतिसुकै अपमान सहेर पनि मान्छे बाच्न नै चाहन्छ । दुःख खप्न नसकेर काल बेसाउनेहरू त मान्छे होइनन् । मान्छेका अपवाद हुन् ।[१४९]

भीमषुरुषले मनमनै भन्यो -"रातीमा त किन फाँसी दिइएला ? एक प्रातः काल आर्को मैले भोग्न पाउनेछु, शरद्को प्रातः काल वषैपिच्छे फर्किरहने तर सधै अभूतपूर्व ।"[१५०]

उल्लिखित अदाहरणहरूमा भीम पुरुषलाई एक क्षण पनि एक रात पनि उपभोग गर्न पाउने आशावादी स्वर व्यक्त गरेको हुनाले ऊ आशावादी पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.७.५ दुर्बल सिंहका चारित्रिक अभिलक्षण

दुर्बल सिंह यस उपन्यासमा प्रौढ मगन्तेका रूपमा आएको छ । स्वच्छन्द हिड्ने डुल्ने गल्लीमा सुत्ने पश्चात्तापी, आशावादी, अविवाहित, धार्मिक पात्रका रूपमा उपन्यासमा चित्रित भएको छ । दुर्बल सिंहका मुख्य मुख्य विशेषताहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

### १ अविवाहित प्रौढ

सानै उमेर देखि सडकमा मगन्ते भएर स्वच्छन्द डुल्ने दुर्बल सिंह अविवाहित देखिएको छ । ऊ सानै उमेरदेखि मगन्तेको रूपमा स्वच्छन्द डुल्ने र ऊ प्रौढ हुँदा पनि विवाह र पारिवारिक स्थितिको बारेमा जानकारी नपाइने हुँदा ऊ अविवाहित हो भन्ने कुरा स्पष्ट हुन्छ । दुर्बल सिंह प्रौढ मगन्तेहरूका रूपमा परिचित भएको छ । शहरका केही प्रौढ मगन्तेहरू पनि बन्दी हुन पुगेका छन् । ती मध्येको एउटा मगन्ते दुर्बल सिंह छ । भीम पुरुषका पक्षपातीहरूको अगुवा ऊ धेरै प्रौढ अनुभवी देखिन्छ ।[१५१] भन्ने भनाइबाट ऊ प्रौढ पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

### २ अवसरवादी

दुर्बल सिंह अवसरवादीका रूपमा आएको छ । शहरमा भीम पुरुषलाई फाँसी हुनुपर्छ भन्ने नारा लाग्दा दुर्बल सिंह पनि भीम पुरुषलाई फाँसी हुनुपर्छ भन्ने फेरि अर्को जुलुस आई भीम पुरुष जिन्दावाद भन्दा ऊ पनि हाम्रा नेता भीम पुरुष जिन्दावाद भन्छ । यसरी दुर्बल सिंह अवसरवादीका रूपमा आएको छ ।

---

१४९. ऐजन, पृ. ९० ।
१५०. ऐजन, पृ. ९९ ।
१५१. ऐजन, पृ. ४७ ।

**३ धार्मिक**

विगतमा आफूले गरेका नकारात्मक व्यवहार र पाप काटिने आशाले दुर्बल सिंह मन्दिरमा गएको छ । "दुर्बल सिंह मन्दिरको शरण परे पाप काटिन्छ कि भनेर त्यही पुगेछ ।"[१५२] भन्ने भनाइले ऊ धार्मिक हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**४ पश्चात्तापी**

दुर्बल सिंह पश्चात्तापी पात्रका रूपमा आएको छ । विगतमा आफुले गरेका गल्ती कमजोरी भूलहरूप्रति उसले पश्चात्ताप व्यक्त गरेको छ । उपन्यासमा उसले भन्छ - "अनन्त शर्माको मतिमा लागेर मैले गल्ती गरे मगन्तेको हुल गुमाएँ सडकको आधिपत्य समाप्त पारे ।" आफ्नो बुद्धिदाताप्रति उसमा क्षोभ पैदा भयो ।[१५३]

**५ स्वच्छन्द मनपर्ने**

दुर्बल सिंह स्वच्छन्द मन पराउने पात्र हो । उसलाई कति पटक अनाथलयमा लगियो पटक पटक भागेर बाहिर आउँछ । खान नपाए पनि आफ्ना इच्छा अनुसार घुम्ने डुल्ने खाने क्रियाकलाप मन पराउने दुर्बल सिंहले उपन्यासमा भनेको छ - "आफ्नो स्वच्छन्दका लागि सित्तैमा पाइने गास बास पनि छोडेको हो ।"[१५४]

उसले स्वच्छन्दताको एउटा समाज खडा गरेको छ जसलाई वासको चिन्ता छैन ।[१५५] यसरी अनाथलयमा सित्तैमा खान पाइने भए पनि आफ्नो स्वच्छन्दताका लागि सार्वजनिक ठाउँमा फ्याँकेको चाटेर निर्वाह गरेको छ ।

उल्लिखित उदाहरणहरूमा उसलाई स्वच्छन्द मनपर्ने पात्रका रूपमा चिनाइएको छ ।

## ४.८ निष्कर्ष

**उत्सर्ग प्रेम** उपन्यास क्षीण कथानकमा आधारित विचार प्रदान उपन्यास हो । यस उपन्यासमा प्रयुक्त पात्रहरूले जीवन सम्बन्धी आफ्नो दृष्टिकोण राख्दै उपन्यासलाई वैचारीक बनाएका छन् । यस उपन्यासको सुरूवात र अन्त्य कुनै घटना नभएर विचारमा भएको छ । प्रमुख पात्रका रूपमा सुरूपा आएकी छ । सहायक पात्रका रूपमा विराम शर्मा, अनन्त शर्मा,

१५२. ऐजन, पृ. १२५ ।
१५३. ऐजन, पृ. १२५ ।
१५४. ऐजन, पृ. ४७ ।
१५५. ऐजन, पृ. ४८ ।

भीम पुरुष र दुर्बल सिंह आएका छन् । यिनै पात्रलाई टेवा दिनका लागि अन्य व्यक्तिवाचक नाम चरित्र र समूहवाचक नाम चरित्र आएका छन् । सृष्टि संरक्षण र संवर्द्धन गर्नका लागि पुरुष जड पदार्थको जिम्मेवारी सहायक हुने र प्रकृति नारीको जिम्मेवारी प्रमुख हुने भन्दै सुरूपाका माध्यमबाट साङ्ख्य दर्शन प्रस्तुत भएको छ । यस उपन्यासमा प्रमुख सहायक र गौण गरी तिन प्रकारका पात्रको प्रयोग भएको छ प्रमुख र सहायक पात्रहरूले उपन्यासलाई विचार प्रदान बनाएका छन् । **उत्सर्ग प्रेम** उपन्यासको कथानक पात्रहरूले गरेका क्रियाकलापका आधारमा रैखिक ढाँचामा अगाडि बढेको छ । सुरूपा जेलमा बस्दा आफ्ना जीवनका दुई वसन्त देख्न पाइन र दुर्बल सिंह सडकपेटीमा हिड्ने बालक मगन्तेबाट प्रौढ बनेको छ । यस उपन्यासको कथानक पात्रहरूले गर्ने क्रियाकलापका आधारमा अगाडि बढेको छ, र पात्र अनुसार कथानकको सिलसिला मिलेको देखिन्छ । यस उपन्यासमा जीवन सम्बन्धी बौद्धिक दृष्टिकोण प्रस्तुत गरिएको हुनाले खासै परिवेशको उल्लेख गरिएको छैन् । पात्रहरूले प्रस्तुत गरेको क्रियाकलाप अनुसार ग्रामीण र शहरिया परिवेशको प्रयोग गरिएको छ । शहरमा भएका घटनाबाट अस्थिरता र सत्तासङ्घर्षको वातावरणलाई देखाइएको छ । जसले भीम पुरुषको चरित्रलाई प्रस्टाउन खोजेको छ । गाउँमा भएका घटनाले प्राकृतिक सौन्दर्य सरलता र सहयोगी वातावरणलाई देखाइएको छ, जसको प्रतिनिधित्व ग्रामीण किसानहरूले गरेका छन्, त्यसैले पात्रअनुसार परिवेशको सफल प्रयोग भएको छ । यस उपन्यासमा कथयीताले उपन्यास भन्दा बाहिर बसेर दृश्य, चरित्र, घटना र आफ्ना भनाइहरूलाई अरू मार्फत व्यक्त गरेको हुनाले सुरूपा, विराम, अनन्त, भीम पुरुष, र दुर्बलसिंह जस्ता पात्रहरू तृतीय पुरुषका रूपमा आएको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासको भाषाविन्यास निकै परिष्कृत रहेको छ । बौद्धिक पात्रहरूको प्रयोग गरिएकाले तिनीहरूको विचारलाई परिचालित गर्न भाषिक अभिव्यक्ति पनि विशिष्ट बनेर आएको छ । पूर्वीय साङ्ख्य दर्शन जस्तो जटिल विषयमा प्रतीकात्मक पात्रहरूको सिर्जना गरि उपन्यासलाई बौद्धिक बनाइएको हुनाले भाषाविन्यास जटिल खालको रहेको छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

राजेश्वर देवकोटाका उपन्यासमा पात्रविधान पाँच परिच्छेदमा केन्द्रित रहेर गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय खण्ड रहेको छ । यसमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समिक्षा, शोधकार्यको औचित्य, उपयोगीता र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामाग्री सङकलन विधि, शोध विधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

दोस्रो परिच्छेदमा साहित्यकार राजेश्वर देवकोटाको सङ्क्षिप्त परिचय रहेको छ । यसमा साहित्यकार राजेश्वर देवकोटाको जीवनी र व्यक्तित्व प्रस्तुत गरिएको छ । जसमा देवकोटाको जन्म र बाल्यकाल, शिक्षा, पारिवारिक जीवन, साहित्य प्रेरणा, पेसा भ्रमण र बसोवास आर्थिक स्थिति पुरस्कार तथा सम्मान व्यक्तित्व, व्यक्तित्व अन्तर्गत राजनैतिक र साहित्यिक व्यक्तित्व राखिएको छ । साहित्यिक व्यक्तित्वमा निबन्धकार, बालसाहित्यकार, व्याकरणकार, जीवनीकार, कवि, कथाकार र उपन्यासकार व्यक्तित्व रहेका छन् । जीवनी र व्यक्तित्वको अन्तरसम्बन्ध राखिएको छ ।

तेस्रो परिच्छेदमा पात्रविधानको सैद्धान्तिक स्वरूप राखिएको छ । जसमा पात्रको परिचय र पात्र वर्गीकरणका आधारहरू यस अन्तर्गत लिङगका आधारमा, पुरुष र स्त्री, कार्यका आधारमा, प्रमुख सहायक र गौण, आबद्धताका आधारमा, बद्ध र मुक्त स्वाभावका आधारमा गतिशील र स्थिर, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल जीवन चेतनाका आधारमा, व्यक्तिगत र वर्गीय आधारहरू प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा राजेश्वर देवकोटाका **उत्सर्ग प्रेम** र **द्वन्द्वको अवसान** उपन्यासका पात्रहरूको वर्गीकरण गरिएको छ । यी उपन्यासका पात्रहरूलाई उनीहरूको कार्य स्वाभाव चेतना जस्ता आधारमा र पात्रका अभिलक्षणका आधारमा  छुट्याइएको छ ।

पाँचौं परिच्छेदमा समग्र शोधको सारांशका रूपमा उपसंहार तथा निष्कर्ष राखिएको छ ।

## ५.२ निष्कर्ष

वि.स. १९८६ असोज २३ गते गोरखा जिल्लामा जन्मेका देवकोटाले संस्कृतमा शास्त्री र अङ्ग्रेजी बिषयमा बी. ए. सम्मको शिक्षार्जन गरेका थिए । उनको जीवनको मूल पाटो राजनीति र साहित्य हो । वि.स. २००४ देखि राजनीति र साहित्य दुबै क्षेत्रमा एकै पटक प्रवेश गरेका देवकोटा राजनीति क्षेत्रमा मन्त्री, राष्ट्रिय पञ्चायतको अध्यक्ष र संसद सदस्य जस्ता गरिमामय पदमा पुगेका थिए । साहित्य क्षेत्रमा **समस्यापूर्ति** कविताबाट लेखन आरम्भ गरेका, उनले निबन्ध, व्याकरण, बालसाहित्य, जीवनी, कविता, उपन्यास र कथा गरी नेपाली साहित्यका विविध विधामा कलम चलाएका भए पनि उनको उपन्यास विधा सफल रहेको छ । उनका मिथकीय, सामाजिक, चिन्तनधर्मी र वैचारीक  आधा दर्जन उपन्यास प्रकाशित छन् । उनले **पूर्वकथा**बाट २०४३ सालको साझा पुरस्कार र **उत्सर्ग प्रेम**बाट २०४४ सालको मदन पुरस्कार प्राप्त गरेका थिए ।

पात्रशब्द अङ्ग्रेजी साहित्यमा प्रचलित (क्यारेक्टर) शब्दको पर्यायवाची रूपमा नेपाली साहित्यमा प्रचलित रहेको छ । उपन्यास बृहत् जीवनको परिचय दिने विस्तृत कथानक भएको आख्यानात्मक गद्य विधा हो । यो आधुनिक साहित्यको लोकप्रिय विधा हो । उपन्यास पनि अन्य विधा जस्तै विविध तत्त्वबाट निर्मित हुन्छ । जसमध्ये एउटा महत्त्वपूर्ण तत्त्व पात्र हो । पात्रले उपन्यासलाई यथार्थ ,जीवन्त र गति प्रदान गरेको हुन्छ । उपन्यास भित्रका सबै पात्रहरूले आ-आफ्नो भूमिका निर्वाह गरेका हुन्छन । त्यसैले पात्रले उपन्यासमा खेलेको भूमिकाका आधारमा पात्रहरूलाई लिङ्गका आधारमा, कार्यका आधारमा, जीवन चेतनाका आधारमा, स्वाभावका आधारमा, आसन्नताका आधारमा, आबद्धताका आधारमा, प्रवृत्तिका आधारमा र पात्रहरूका अभिलक्षणका आधारहरू जस्तै अस्तित्ववादी, यथार्थवादी, दृढ, सत्यवादी, सुन्दर, विद्वान्, बालक, अविवाहित, विवाहित, प्रौढ, कपटी, ईष्यालु, क्रोधी, मातृस्नेही, पश्चात्तापी, निर्दयी जस्ता व्यक्तिगत अभिलक्षणका आधारमा पात्रहरूलाई वर्गीकरण गरिएको छ ।

कथानकलाई अगाडि बढाउनका लागि पात्रहरूले आ-आफ्नो ठाँउबाट भूमिका निर्वाह गरेका छन् । **महाभारत**का पात्रहरूलाई नवीनता प्रदान गरी उपन्यासलाई जीवन्त बनाएका छन् । पात्रले गर्ने क्रियाकलाप अनुसार परिवेशको चयन उत्कृष्ट रहेको छ । महाभारतको हस्तिनापुर, कुरुक्षेत्र, दरवार, पाण्डवहरूको शिविर र विदुरको ज्ञानकुटी जस्ता परिवेशको

चित्रण गरिएको छ ,र अपेक्षाकृत महत्त्वपूर्ण पात्रले भूमिका निर्वाह गरेका छन् । उपन्यासको प्रमुख पात्र कर्णलाई पाण्डवहरूले नीच कुलको भनेर दुत्कार गर्नाले नेपाली समाजमा प्रचलित धनी वा उच्च जातले गरिब तल्ला वर्गका जातिलाई गर्ने व्यवहारलाई देखाइएको छ । लेखकले आफ्ना भनाइलाई पाठक समक्ष प्रस्तुत गर्नका लागि उपन्यासमा राधेय, कृष्ण, दुर्योधन, युधिष्ठिर जस्ता पात्रहरूको प्रयोग गरिएको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । पात्र अनुसार दृष्टिविन्दुको प्रयोग गर्नमा उपन्यासकार सफल देखिन्छन् । कथानक, परिवेश, भाषा, उद्देश्य र दृष्टिविन्दु अनुसार उत्कृष्ट पात्रको प्रयोग भएको छ । अतितका पात्रहरूलाई वर्तमानमा बौद्धिक पात्रको निर्माणमा उपन्यास सफल रहेको छ । पात्रहरू आ-आफ्ना दृष्टिकोणमा दुढ देखिन्छन् । पात्रहरूको चारित्रिक विशिष्टताको उद्घाटनमा र जीवन जगतका अभिव्यक्ति प्रकटमा भाषा उत्कृष्ट रहेको छ । पात्रहरूले गर्ने गतिविधि अनुसार तिनीहरूका राजनैतिक सामाजिक क्रियाकलाप उद्घाटित भएका छन् । मानिसलाई जतिसुकै समस्या आइपरे पनि ऊ आफ्नो अस्मितालाई स्थापित गर्न जस्तोसुकै कर्म गर्न तयार हुन्छ भन्ने मूल सारलाई कुन्तीका माध्यमबाट देखाउन खोजिएको हुनाले उद्देश्य र पात्र बीच मेल खाएको छ ।  पात्रविधानका दृष्टिले यो उपन्यास उत्कृष्ट रहेको छ ।

**उत्सर्ग प्रेम** उपन्यास क्षीण कथानकमा आधारित विचारप्रदान उपन्यास हो । यस उपन्यासमा प्रयुक्त पात्रहरूले जीवन सम्बन्धी आफ्नो दृष्टिकोण राख्दै उपन्यासलाई वैचारिक बनाएका छन् । यस उपन्यासको सुरुवात र अन्त्य कुनै घटना नभएर विचारमा भएको छ । प्रमुख पात्रका रूपमा सुरूपा आएकी छ । सहायक पात्रका रूपमा विराम शर्मा, अनन्त शर्मा, भीम पुरुष र दुर्बल सिंह आएका छन् । यिनै पात्रलाई टेवा दिनका लागि अन्य व्यक्तिवाचक नाम चरित्र र समूहवाचक नाम चरित्र आएका छन् । सृष्टि संरक्षण र संवर्द्धन गर्नका लागि पुरुष जड पदार्थको जिम्मेवारी सहायक हुने र प्रकृति नारीको जिम्मेवारी प्रमुख हुने भन्दै सुरूपाका माध्यमबाट साङ्ख्य दर्शन प्रस्तुत भएको छ । यस उपन्यासमा प्रमुख सहायक र गौण गरी तिन प्रकारका पात्रको प्रयोग भएको छ प्रमुख र सहायक पात्रहरूले उपन्यासलाई विचारप्रदान बनाएका छन् **उत्सर्ग प्रेम** उपन्यासको कथानक पात्रहरूले गरेका क्रियाकलापका आधारमा रैखिक ढाँचामा अगाडि बढेको छ । सुरूपा जेलमा बस्दा आफ्ना जीवनका दुई वसन्त देख्न पाइन र दुर्बलसिंह सडकपेटीमा हिड्ने बालक मगन्तेबाट प्रौढ बनेको छ । यस उपन्यासको कथानक पात्रहरूले गर्ने क्रियाकलापका आधारमा अगाडि

बढेको छ, र पात्र अनुसार कथानकको सिलसिला मिलेको देखिन्छ । यस उपन्यासमा जीवन सम्बन्धी बौद्धिक दृष्टिकोण प्रस्तुत गरिएको हुनाले खासै परिवेशको उल्लेख गरिएको छैन् । पात्रहरूले प्रस्तुत गरेको क्रियाकलाप अनुसार ग्रामीण र शहरिया परिवेशको प्रयोग गरिएको छ । शहरमा भएका घटनाबाट अस्थिरता र सत्तासङ्घर्षको वातावरणलाई देखाइएको छ । जसले भीम पूरुषको चरित्रलाई प्रस्टाउन खोजेको छ । गाउँमा भएका घटनाले प्राकृतिक सौन्दर्य सरलता र सहयोगी वातावरणलाई देखाइएको छ, जसको प्रतिनिधित्व ग्रामीण किसानहरूले गरेका छन्, त्यसैले पात्रअनुसार परिवेशको सफल प्रयोग भएको छ । यस उपन्यासमा कथयीताले उपन्यास भन्दा बाहिर बसेर दृश्य, चरित्र, घटना र आफ्ना भनाइहरूलाई अरु मार्फत व्यक्त गरेको हुनाले सुरूपा, विराम, अनन्त, भीम पुरुष, र दुर्बल सिंह जस्ता पात्रहरू तृतीय पुरुषका रूपमा आएको हुनाले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासको भाषाविन्यास निकै परिष्कृत रहेको छ । बौद्धिक पात्रहरूको प्रयोग गरिएकाले तिनीहरूको विचारलाई परिचालित गर्न भाषिक अभिव्यक्ति विशिष्ट बनेर आएको छ । पूर्वीय साङ्ख्य दर्शन जस्तो जटिल विषयमा प्रतीकात्मक पात्रहरूको सिर्जना गरि उपन्यासलाई बौद्धिक बनाइएको हुनाले भाषाविन्यास जटिल खालको रहेको छ ।

# सन्दर्भसामग्री सूची


उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, २०६७ ।

कार्की, केशरबहादुर, **ध्रुवचन्द्र गौतमका उपन्यासमा नारी पात्र,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०६८ ।

घर्ती, दुर्गाबहादुर, **मनोविश्लेषण नेपाली उपन्यासमा पात्रविधान**, ललितपुर : साझा प्रकाशन, २०६७ ।

ढकाल, काशीराम, **पारिजातका कथाहरूको पात्रहरूको वर्गीकरण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०७२ ।

देवकोटा, राजेश्वर, **द्वन्द्वको अवसान** , पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, २०७० ।

......................, **उत्सर्ग प्रेम**,  काठमाडौं : सिद्धबाबा प्रिन्टिङ्ग प्रेस, २०४४ ।

निरौला, कुमार, **घामका पाइलाहरू उपन्यासको पात्रविधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०६७ ।

नेपाल, शैलेन्दुप्रकास र अधिकारी शारदा, **पारख प्रयत्न**, काठमाडौं : अनामिका प्रकाशन,२०५५ ।

नेपाल, घनश्याम, **आख्यानका कुरा**, दोस्रो संस्क, भारत : एकता बुक हाउस प्रा.लि, २०११ ।

पोखरेल, केशवराज,**साहित्यकार राजेश्वर देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको निरूपण** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०४६ ।

......................, 'राजेश्वर देवकोटाको उपन्यासकारिता', **गरिमा,** (वर्ष १४, अङ्क ३, २०५३) पृ.८४-८५ ।

......................., 'देवकोटा र द्वन्द्वको अवसान', **गरिमा** (वर्ष २१, अङ्क ६,२०६०) पृ.७५ ।

पोखरेल, ताराबल्लभ, **उत्सर्गप्रेम उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र  नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर,२०६७ ।

प्रधान, कृष्णचन्द्रसिंह, 'उत्सर्ग प्रेम : एक परिकल्पना, एक संकेत', **मधुपर्क**, (वर्ष २१, अङ्क ७, २०४५) पृ.१०-१२ ।

प्रसाई, खेमप्रसाद, **द्वन्द्वको अवसान उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर,२०६२ ।

बराल, ऋषिराज **उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौं : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि, **कथा सिद्धान्त**, काठमाडौं : एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि, २०६९ ।

भट्टराई, घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, दोस्रो संस्क., काठमाडौं : एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि, २०५१ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

......................, **नेपाली उपन्यासको इतिहास**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९ ।

......................., **शोधविधि**, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, २०६८ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४८ ।

श्रेष्ठ, लक्ष्मण, **नयाँ घर उपन्यासको पात्रविधान** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०६९ ।

सुवेदी, नगेन्द्र, **बानीरा गिरीका उपन्यासमा नारी पात्र**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, . नेपाली केन्द्रीय विभाग त्रि.वि कीर्तिपुर, २०६६ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृति**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०६४ ।